सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.








● वर्ष १५ ● अंक २५ ● काठमाडौं, शुक्रबार, कात्तिक २०, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Nov 6, 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-




तस्बिर : लभली पोखरा डटकम

# दुर्व्यसनी बन्दैछिन् नम्रता

• कृष्ण भट्टराई

केही समयअघि एउटा भिडियो क्लिप्सका कारण विवादमा आएकी नायिका नम्रता श्रेष्ठलाई दर्शकले पुनः एकपटक नयाँ चलचित्रमा नायिकाकै रूपमा देख्न पाउने भएका छन् । 'सानो संसार' पछि नम्रताले अभिनय गरेको दोस्रो चलचित्र 'मेरो एउटा साथी छ' ले व्यावसायिक सफलता हासिल गरेपछि उनको माग बढिरहेको थियो, तर दसैंअघि डिजे तान्त्रिक भनिने किचमान चित्रकारसँगको यौन क्रियाकलापमा लिप्त भिडियो सार्वजनिक भएपछि उनी झन्डै डेढ महिना सार्वजनिक जीवनबाटै गायब भएकी थिइन् । यसबीच उनले एउटा नयाँ चलचित्रमा अभिनय गर्न लागेको समाचार सार्वजनिक भएको छ । सत्य घटनामा आधारित एउटा चलचित्रमा उनले मुख्य भूमिका निर्वाह गर्न लागेकी हुन् । पूर्व लागूऔषध दुव्यर्सनी एकता महतको जीवनमा आधारित चलचित्रमा नम्रताले एकताकै भूमिका निर्वाह गर्न लागेकी हुन् । एकता महतले १४ वर्षकै कलिलो उमेरमा लागूऔषध सेवन गर्न थालेकी थिइन् । लामो समयसम्म उनी दुव्यसनीकै रूपमा सक्रिय रहिन् । विगत केही वर्षयता उनी लागूऔषध तथा एचआईभी/एड्सविरुद्ध कार्यरत संस्थाका लागि काम गरिरहेकी छिन् । महतको जीवनीमा चलचित्र निर्माण गर्ने निर्णय एउटा गैरसरकारी संस्था ट्रेन्ड नेपालको हो । 'कथानक चलचित्र नै निर्माण गर्ने योजना छ, चलचित्रको पटकथामा काम गरिरहेका प्रचण्ड श्रेष्ठका अनुसार एकताको जीवनका उतारचढावलाई केही नाटकीय स्वरूप प्रदान गरिनेछ । एकताको भूमिका निर्वाह गर्ने प्रस्ताव आएपछि उत्साहित भएकी नम्रता पछिल्लो समयमा एकताको नियमित सम्पर्कमा छिन् । नम्रताले कुनै दुर्व्यसनीको भूमिका निर्वाह गर्नु चुनौतीपूर्ण हुने धारणा व्यक्त गरेकी छिन् । यसैबीच नम्रताले दुर्व्यसनीहरूको पुनर्स्थापना केन्द्रमा केही साता बिताउने निर्णयसमेत गरेको बताइन्छ ।

# डिजिटल मिसयुज




एक्सक्ल्युसिभ रिपोर्ट पृष्ठ ६ र ७



...Plan your further Studies in the UK with the Specialist!

Study in UK



Under Tier-4 (PBS)

FREE SEMINAR & SPOT ADMISSION

Every Day from 10:00 am-6:00 pm @ Earth Vision Premises, Bagbazar, KTM.

Please visit with 2 pp-sized Photographs & copies of Academic Certificates for the Spot Admission.

Office will also stay open on Saturday (10:00 am to 4:00 pm)

- Spot Admission with Scholarships for all Applicants
- IELTS/TOEFL Optional/Not Needed*
- Plus Scholarships for IELTS/TOEFL Score Achievers
- Easy VISA Documentation
- Dependant can also apply Together
- 2 years Post-Study Work after Graduation
- Higher Chance of Getting Visa
- Outstanding Visa Success Rate till date
- Fast Track Offer & Visa Letters

*Condition Apply

Now Apply for Jan/Feb'10 Intakes

Requirement: Min. SLC/+2 or above

Foundation | Diploma | Bachelor | Master

Courses of Your Choice

IELTS & TOEFL Preparation with Special Discount

Visa to the World...

EARTH VISION INT'L EDUCATION

Bagbazar, Kathmandu (Opposite to NCC Bank)

4-250841
01-6222925

www.earthvision.edu.np evisionepal@wlink.com.np

Birtamod: 023-621392 | Hetauda: 9804257021 | Pokhara: 061-691448

Note: Agents urgently required in almost all major Cities of Nepal. Interested Persons/Institutions are requested to contact us at 9803023740 or evisionepal@wlink.com.np as soon as possible.

## ● क्यासेट ●

### सिकर्स




हितान शुक्रको पहिलो प्रस्तुति आधुनिक गीतिएल्बम 'सिकर्स' श्रोतामाझ आएको छ। शब्द तथा संगीत हितान शुक्रकै रहेको 'सिकर्स' लाई रेगल म्युजिक मिडिया प्रा.लि.ले बजारमा ल्याएको हो। १० वटा गीत समाविष्ट एल्बममा अन्जु पन्त, राजेशपायल राई, कुमार कान्छा, जगदीश समाल, सञ्जीवनी, आभा मुकारुङ, मल्लिका कार्की, नवराज थापा तथा सुमी गुरुङको स्वर सुन्न सकिन्छ। एल्बम क्यासेट तथा सिडी दुवैमा उपलब्ध छ।

### सन्यास



गायक सशान कँडेलका पप गीतहरूको संग्रह 'सन्यास' बजारमा आएको छ। म्युजिक डट कमको यो संग्रहमा दसवटा गीत समाविष्ट छन्। गायक कँडेलद्वारा नै संगीतबद्ध संग्रहका गीतहरू विकास गुरुङ, सञ्जय हमाल, राजन इशान, मोहित मुनाल तथा गोपाल रसाइलीले संगीत-संयोजन गरेका छन्।

### काईरन



गायक अविनाश घिसिङका तामाङ भाषाका गीतहरूको संग्रह 'काइरन' बजारमा आएको छ। म्युजिक डटकमको यो संग्रहमा गायक घिसिङ तथा सुसन लामाको शब्द तथा संगीत छ। संग्रहका केही गीतमा गायिका योगिता मोक्तान तथा शशिकला मोक्तानले पनि स्वर प्रदान गरेका छन्।

## ● रंगमञ्च ●

### चेखबको अन्तिम गीत

साढे चार दशक रंगमञ्चमा अभिनय गरेको कलाकारले जीवनको उत्तरार्द्धमा के पाउँछ ? दर्शकको माया, इज्जत अनि पैसा ? होइन दर्शकको मायाको त कुरै छाडौं, इज्जत र पैसा पनि कमाउँदैन। दर्शकको माया त नाटक हेरुन्जेलसम्मका लागि मात्र हो। यही आशय बोकेको एउटा नाटक गत सोमबार राजधानीमा मञ्चन गरिएको छ। प्रसिद्ध रूसी नाटककार एन्टोन चेखबको प्रसिद्ध नाटक 'अ स्वान सङ' को नेपाली अनुवाद 'अन्तिम गीत' ले माथि उल्लेखित सन्देश बोकेको छ। नाटकमा ४५ वर्ष रंगमञ्चमा अभिनय गर्ने एक प्रतिबद्ध रंगकर्मीको जीवनको दुःखद अनुभव र अनुभूति समेटिएको छ। शैली थिएटरले मञ्चन गरेको यो नाटकमा रामबाबु सुवेदी तथा किरण पोखरेलले अभिनय गरेका थिए। रूसी सांस्कृतिक केन्द्रको तीसौं वार्षिकोत्सवका अवसरमा मञ्चन गरिएको यो नाटकको निर्देशन नवराज बुढाथोकीले गरेका हुन्।

## ● ग्यालरी ●

### कला महोत्सवको रौनक

गत शुक्रबार काठमाडौंमा प्रारम्भ भएको पहिलो अन्तर्राष्ट्रिय कला मेलाले दर्शकको अत्यधिक साथ पाएको छ। सिद्धार्थ आर्ट ग्यालरीको आयोजनामा राजधानीका आधा दर्जन ग्यालरीमा एकसाथ प्रारम्भ भएको कला मेलाले नेपाली कलाकर्मीमाझ उत्साह मात्र थपेको छैन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको कला अवलोकन गर्ने, बुझ्ने तथा सिक्ने अवसर पनि प्रदान गरेको छ। 'महिलाको अवस्थासम्बन्धी यथार्थ तथा मिथकलाई अलग गरौं' भन्ने नारासहित प्रारम्भ भएको कला महोत्सवमा राखिएका २५ राष्ट्रका कलाकृति हेर्न दर्शकको भीड अझै घटेको छैन। यतिबेला कलाका पारखी तथा कलाकारलाई राजधानीका विभिन्न छवटा ग्यालरीमा राखिएका कलाकृति हेर्न भ्याई-नभ्याई छ। मंगलबारसम्म जारी रहने कला महोत्सवका लागि नेपाल आर्ट काउन्सिल बबरमहल, सिद्धार्थ आर्ट ग्यालरी, नेपाल ललितकला संस्था (नाफा), काठमाडौं कन्टेम्पोरेरी सानेपा, पाटन संग्रहालय तथा इमागो डेई क्याफे ग्यालरी गैरीधारामा चित्रकला, तस्विर, प्रतिस्थापन कलाजस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कला सिर्जना सजिएका छन्। महोत्सवअन्तर्गत आयोजक सिद्धार्थ आर्ट ग्यालरीमा नेपाली कलाकार सौरगंगा दर्शनधारीका कलाकृति राखिएका छन् भने भारतका पौला सेनगुप्ता, पाकिस्तानका सीमा नुसरत, मारियम अबराज, आयशा नाभेद, नबिला यास्मिन तथा सबा खान, श्रीलंकाका मेनिका भान डेर, नीरञ्जलन गुनासिंगे, अकिसा फरनान्डो, अनोली परेरा, वैदेही राजासिंघम, मोरिससका कृष्ण लछुमन, अरेबियाका ओसाइरा मुयाले तथा बंगलादेशका जीएमबी आकाशका कलाकृति प्रदर्शन भैरहेका छन्। बबरमहलमै रहेको नेपाल आर्ट ग्यालरी काउन्सिलमा भने नेपालका अस्मिना रञ्जित, डा. लय मैनाली तथा कलाप्रेमी श्रेष्ठका प्रतिस्थापन कला, मीनरत्न बज्राचार्य, किशोर कायस्थ, दीपेन्द्रमुनी बज्राचार्यका तस्विर, सुनिल सिग्देल, कसिसदास श्रेष्ठ, राजन काफ्ले तथा मीना कायस्थका महिला विषयमा सुन्दर कलाकृति राखिएका छन्।

### छवालीको कला

ठमेलस्थित काष्ठमण्डप गेष्ट हाउसमा अघिल्लो बिहीबारदेखि छवाली योग मुद्रा कला प्रदर्शनी प्रारम्भ भएको छ। छवाली कलाका सर्जक डा.अञ्जु डंगोल तथा विनय राजोपाध्यायले प्रदर्शनीका बारेमा आफ्नो धारणा व्यक्त गर्दै विभिन्न योग मुद्राको प्रयोगले अनेक प्रकारका रोगको उपचार हुन सक्छ भन्ने सन्देश प्रवाह गर्न उक्त कला प्रदर्शनीको आयोजना गरिएको बताएका छन्। पञ्चतत्त्व अर्थात् पृथ्वी, जल, आकाश, वायु तथा अग्निलाई योगमुद्राको प्रयोग विधिबाट नियन्त्रण गर्न सकिन्छ भन्ने सन्देश विश्वव्यापी रूपमा प्रवाह गर्न छवाली कला सिर्जना गरिएको कलाकारद्वय डंगोल तथा राजोपाध्यायले बताएका छन्। नेपालका लागि छवाली योगकला नौलोजस्तो लागे पनि विभिन्न देशमा समेत गरी यो बीसौं प्रदर्शनी भएको बताइएको छ। राजधानीको प्रदर्शनपछि यही कलालाई भारतको सिक्किममा प्रदर्शन गर्ने कार्यक्रम छ। छवाली कलाभित्र योगमुद्राका अतिरिक्त जीवित देवी कुमारी, कृष्ण, अर्जुन, महाभारत युद्ध, पाटन कृष्णमन्दिर, मण्डला आदि १ हजारदेखि २० हजार रुपैयाँसम्मका ६४ थान कलाकृति राखिएका छन्। प्रदर्शनी आज शुक्रबारसम्म चल्नेछ।

## साप्ताहिक लाइभ

### जगदीश समाल एकल साँझ



गायक जगदीश समाल पहिलो पटक एकल गायन कार्यक्रममार्फत दर्शकमाझ प्रस्तुत हुने भएका छन्। कात्तिक २५ गते बुधबार दरबारमार्गस्थित मलिङ्गो रेस्टो बार एन्ड गजलमा उनी पहिलो पटक एकल गायनमार्फत दर्शकमाझ आउन लागेका हुन्। साँझ छ बजेदेखि प्रारम्भ हुने समालको एकल गायन कार्यक्रमको आयोजना मालिङ्गो रेस्टोले नै गर्न लागेको हो। एकल गायन कार्यक्रममा गायक समालले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्नेछन्।

### मिस्टर एन्ड मिस काठमाडौं

१० जना महिला तथा २० जना पुरुष मोडलबीचको प्रतिस्पर्धात्मक कार्यक्रम 'मिस्टर एन्ड मिस काठमाडौं- २००९' आज शुक्रबार आयोजना हुँदैछ। जमलस्थित राष्ट्रिय नाचघरको प्रेक्षालयमा हुने यो मोडलिङ प्रतियोगिता दिउँसो २ बजे प्रारम्भ हुनेछ। एक्सपोज नेपाल डटकम तथा प्रयास संगीत कला केन्द्रले संयुक्त रूपमा आयोजना गर्न लागेको यो प्रतियोगिताको कोरियोग्राफी मिस्टर राजधानी दिनेश शाही तथा मिस राजधानी चाँदनी लामिछानेले गर्दैछन्। पाँचवटा सिक्वेन्समा विभाजन गरिने निर्णायक प्रतियोगितामा अप्रतियोगी मोडलहरूले फेसन सो पनि प्रस्तुत गर्नेछन् भने गीत, संगीत, नृत्य तथा हास्यव्यंग्यात्मक कार्यक्रम पनि सञ्चालन गरिनेछ।

### काभ्रे लेडिज ट्यालेन्ट सो

बनेपामा बुधबार पहिलो 'काभ्रे लेडिज ट्यालेन्ट सो २००९' आयोजना हुँदैछ। काभ्रेली स्टेपिङ स्टोन्सले आयोजना गर्न लागेको काभ्रेली युवतीहरूको यो सौन्दर्य प्रतियोगिता स्थानिय मयूर चलचित्र भवनमा दिउँसो १ बजे प्रारम्भ हुनेछ। १६ वर्षदेखि २५ वर्ष उमेर समूहका १४ जना युवतीले सहभागिता जनाउन लागेको उक्त प्रतियोगिताको कोरियोग्राफी राज फैजूले गरिरहेका छन्। मिङ्मा शेर्पा, हिमाल श्रेष्ठ तथा इन्दिरा जोशीले सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने उक्त प्रतियोगितालाई विभिन्न चार सिक्वेन्समा विभाजन गरिएको कार्यक्रमका संयोजक राजकिशोर श्रेष्ठले बताएका छन्।

## ● पुस्तक ●

### पहिलो प्रेमको संस्मरण



यस वर्षको साहित्यतर्फको राष्ट्रिय प्रतिभा पुरस्कार विजेता प्रसिद्ध आख्यानकार ध्रुवचन्द्र गौतमको कथा-संग्रह 'पहिलो प्रेमको संस्मरण' सार्वजनिक भएको छ। वैंश र प्रेमका भावनादेखि राष्ट्रले भोगेको द्वन्द्वका पीडासमेत गौतमका कथामा मार्मिक ढंगमा प्रस्तुत भएका छन्। १५ वटा कथाको संग्रह पहिलो प्रेमको संस्मरणले पाठकलाई युवावस्थादेखि प्रौढावस्थासम्मका चरित्रमार्फत जीवनका भोगाइहरू प्रस्तुत गरेका छन्। कथालेखनमा एक मानकका रूपमा स्थापित गौतमका कथाहरू यथार्थलाई प्रस्तुत गर्न सक्षम छन्। २०२२ सालदेखि पत्रपत्रिकामा छापिएर ओझेल परेका दुर्लभ कथादेखि पछिल्लो समयसम्म लेखिएका कथालाई अर्किड बुक्सले प्रकाशन गरेको हो। ध्रुवचन्द्र गौतमका कथाहरू पढ्ने पुराना र नयाँ पाठकलाई प्रस्तुत सङ्ग्रहले एकसाथ विगत र वर्तमानको झलक दिनेछ।

### पत्रकार आचारसंहिता र व्याख्यात्मक टिप्पणी

प्रेस काउन्सिल नेपालले प्रकाशित गरेको पत्रकार आचारसंहिता र व्याख्यात्मक टिप्पणीका लेखक काशिराज दाहाल तथा विष्णुप्रसाद शर्मा हुन्। पत्रकारहरूले अपनाउनुपर्ने आचारसंहिताका बारेमा विशद चर्चा गरिएको यो पुस्तक पाँच परिच्छेदमा विभाजित छ। सूचनाको हक र प्रेस स्वतन्त्रता, पत्रकारिता र आचारसंहिता, नेपाल र पत्रकार आचारसंहिता, पत्रकार आचारसंहिता र यसको व्याख्यात्मक टिप्पणी प्रेस काउन्सिल र आचारसंहिताको अनुगमन (विश्व अनुभव) जस्ता विषय समेटिएको यो पुस्तकको मूल्य १ सय ५० रुपैयाँ छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

कात्तिक २० गते : युद्ध तथा हतियार प्रयोगबाट वातावरणमा पर्ने दुष्प्रभावविरुद्ध अन्तर्राष्ट्रिय दिवस, २२ गते : विश्व रेडियोग्राफर दिवस, २३ गते : सन्ध्यायाम भैरव उत्पत्ति, विश्व स्वतन्त्रता दिवस, २४ गते : गुह्येश्वरी जात्रा, फाल्गुनन्द जयन्ती, २६ गते : उत्पत्तिका एकादशी।

### मेष

पराक्रम वृद्धि हुनेछ भने काममा सफलता मिल्नेछ। घरेलु कार्यमा रुचि बढ्नेछ। व्यवसाय लाभप्रद रहनेछ। यात्राको अवसर पाउनुहोला। सफलताका लागि प्रतिस्पर्धा गर्नुपर्ला। बुधबार र बिहीबार गलत विचार एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्।

### मिथुन

मान-सम्मान मिल्नेछ भने जोस-जाँगर बढ्नेछ। अधुरा काम पूरा हुनुका साथै नयाँ काम पाइने सम्भावना छ। भोजभतेर तथा सभा-सम्मेलनमा सामेल हुने अवसर जुट्नेछ। आइतबार र सोमबार विवाद एवं चिन्ता बढ्ने तथा धन नाश हुने योग छ। स्वास्थ्यको ख्याल गर्नुहोला। गोपनियतामा जोड दिनुपर्ने बेला छ।

### सिंह

धन आर्जन हुनेछ। अरूको भरोसाको पात्र बन्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा घरेलु समस्याले सताउने देखिन्छ। झूटा आरोप पनि लाग्न सक्छ।

### तुला

धार्मिक कार्यमा रुचि बढ्नेछ भने भाग्यले साथ दिनेछ। मान-सम्मान मिल्नुका साथै धन आर्जन पनि हुनसक्छ। यात्रामा सफलता एवं व्यवसायमा उन्नति गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता हात लाग्ने देखिँदैन। सफलताका लागि घरबाहिरै रहनु उचित हुन्छ। खर्च बढ्ने भएकाले संयमित रहनुहोला।

### धनु

व्यवसाय बढ्नेछ भने काममा सफलता पाइने योग छ। अरूको विश्वास जित्न सकिनेछ। धन आर्जन पनि हुनसक्छ सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा शरीरमा चोटपटक लाग्नसक्ने देखिन्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्।

### कुम्भ

सोच्ने शक्ति बढ्नेछ भने अध्ययनमा सफलता मिल्नेछ। अरूले भरोसा गर्नेछन्। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्य गडबड हुने हुँदा खानपानमा ध्यान दिनुपर्नेछ। लेनदेनमा अघि बढ्नु उचित हुँदैन।

### वृष

बोलीको प्रभावले अरूलाई वशमा राख सकिनेछ। काममा सजिलै सफलता मिल्नेछ। मन प्रसन्न रहला। पराक्रमको गति तीव्र हुनेछ। अधुरा काम पूरा हुनेछन्। भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। बुधबार र बिहीबार घरेलु समस्याले सताउने, स्वास्थ्य गडबड रहने तथा चिन्ता बढ्ने योग छ। मित्रहरूबाट धोका हुनसक्छ।

### कर्कट

खर्च, गलत विचार एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। धनमाल हराउन सक्छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। घरेलु समस्याले सताउनेछ। आइतबार, सोमबार तथा मंगलबार मान-सम्मान प्राप्त हुने, काममा सफलता मिल्ने एवं प्रसन्नता बढ्ने देखिन्छ। अरूको मन सजिलै जित्नसकिनेछ।

### कन्या

मान-सम्मान मिल्नेछ। काममा सफलता पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सफलता हात लाग्नुका साथै यात्रा हुनसक्छ। अध्ययनमा सोचेजस्तै सफलता प्राप्त हुनेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन्। बुधबार र बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### वृश्चिक

स्वास्थ्य बिग्रनाले काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। मालसामान हराउन एवं दाँतमुखमा पीडा हुनसक्छ। सोमबार झूटा आरोप लाग्ने सम्भावना छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। सोमबारदेखि भाग्यले साथ दिन थाल्नेछ भने मान-सम्मान प्राप्त हुनेछ।

### मकर

रोग एवं शत्रु बढ्नेछन्। चिन्ताले सताउनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। घरेलु समस्याले पिरोल्न सक्छ। आइतबार, सोमबार तथा मंगलबार व्यवसायबाट लाभ मिल्नेछ। रमाइलो यात्रा हुने, मान-सम्मान पाइने तथा काममा सफलता हात लाग्ने योग छ। पराक्रम पनि बढ्नेछ।

### मीन

आफन्तहरूको सहयोग मिल्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसाय सफल हुनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। स्वास्थ्य गडबड हुनसक्छ, तसर्थ खानपानमा विचार पुऱ्याउनुहोला। शत्रुबाट सजग रहनुपर्ने बेला छ।

### अन्तर्राष्ट्रिय प्रतियोगितामा

# जेनिशा र ऋचा



अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा जेनिशा मोक्तान र ऋचा थापामगरले पुनः एकपटक नेपालको प्रतिनिधित्व गर्दैछन् । मिस नेपाल- २००९ जेनिशाले यसअघि ब्युटी अफ द वर्ल्ड-२००८ मा र मिस नेपाल फर्स्ट रनर्सअप ऋचाले मिस टुरिज्म क्विन इन्टरनेसनल-२००९ मा नेपालका तर्फबाट सहभागिता जनाएका थिए । यस पटक भने जेनिशाले दक्षिण अफ्रिकाको जोहान्सवर्गस्थित स्यान्डटन कन्भेन्सन सेन्टरमा अगामी डिसेम्बर १२ तारिख अर्थात् मंसिर २७ गते हुने मिस वर्ल्ड-२००९ मा नेपालको प्रतिनिधित्व गर्दैछिन् । उता ऋचाले भने अगामी नोभेम्बर २२ तारिक अर्थात् मंसिर ७ गते फिलिपिन्सको आइल्यान्ड अफ बोराकेस्थित बोराके इको भिलेज रिसर्ट एन्ड कन्भेन्सन सेन्टरमा हुने मिस अर्थ इन्टरनेसनल- २००९ मा सहभागिता जनाउँदै छिन् ।

विश्वका १ सय २० राष्ट्रका सुन्दरीको सहभागिता रहने मिस वर्ल्ड प्रतियोगितामा जेनिशाले नेपालमा हुने महिला हिंसा तथा सामाजिक उत्पीडनका विरुद्ध आवाज उठाउने बताएकी छिन् । जेनिशाले ट्यालेन्ट राउन्डमा नेपाली संस्कृति झल्कने 'थाल नृत्य' प्रस्तुत गर्नेछिन् । ५ फिट ६ इन्च अग्ली बौद्धनिवासी मोक्तानले माल्पी इन्टरनेसनल कलेजबाट ए लेभलको पढाइ पूरा गरेकी छिन् भने हाल उनी डब्लु एलसी कलेजमा अध्ययनरत छिन् । यसअघि सन् २००५ मा मिस तामाङको उपाधि विजेता रहिसकेकी जेनिशा सेलिब्रेटी मोडल तथा अभिनेत्रीका रूपमा परिचित छिन् ।



अर्कातिर विश्वका ८० भन्दा बढी राष्ट्रका सुन्दरीहरूको सहभागिता रहने वातावरणमाथि केन्द्रित मिस अर्थ प्रतिस्पर्धामा ऋचाले जलवायु परिवर्तनको असरबाट नेपालमा सिर्जना भएको समस्याबारे प्रकाश पार्नेछिन् । मिस अर्थको ट्यालेन्ट राउन्डमा उनले पञ्चतत्त्व अर्थात् जल, वायु, अग्नि, पृथ्वी र आकाशमा केन्द्रित शास्त्रीय नृत्य प्रस्तुत गर्नेछिन् । ५ फिट ४ इन्च अग्ली ऋचाले काठमाडौं कलेज अफ म्यानेजमेन्टबाट बीबीए पूरा गरेकी छिन । २३ वर्षीया ऋचा हाल युनिलिभरमा कार्यरत छिन् ।

# 'अल्बा रत्न' सम्मान उषालाई

**साप्ताहिक समाचार**

काठमाडौं– निःस्वार्थ सेवा गर्ने समाजसेवी छनौट गरी सम्मानित गर्ने मासिक कार्यक्रमअनुसार भदौ महिनाको 'अल्बा रत्न' सम्मान लाजिम्पाटकी उषा आचार्यलाई प्रदान गरिएको छ। कान्तिपुर पब्लिकेसन्सको नेपाल राष्ट्रिय साप्ताहिकले यामाहा मोटरसाइकलसँगको सहकार्यमा यो सम्मान प्रदान गर्दै आएको छ। यामाहा मोटरसाइकलले आह्वान गरेअनुसार सेवाभावले समर्पित समाज-साधकहरूको योगदानका बारेमा पाठकहरूबाट प्राप्त लेखमध्ये कालोपुलकी निकिता देवकोटाले पठाएको विवरण स्वतन्त्र पाठकमार्फत पुष्टि भएपछि समाजसेवी उषा आचार्यलाई अल्बा रत्न छानिएको हो ।




समाजसेवी आचार्य आन्तरिक प्रेरणाबाट जन्मिने सेवाभावले प्रेरित त्यस्ती निःस्वार्थ समाजसेवी हुन् जो 'एक बालकलाई पढाए एक जना मात्र शिक्षित हुन्छ, एक बालिकालाई पढाए एक परिवार शिक्षित हुन्छ' भन्ने मान्यताका साथ गरिब तथा जेहेन्दार बालिकाहरूलाई व्यक्तिगत पहलमा कोष खडा गरी शिक्षा आर्जनका लागि सार्थक सहयोग गरिरहेकी छिन् ।

भदौ महिनाको अल्बा रत्नका रूपमा चुनिएकी आचार्यलाई गत मंगलबार यामाहा अल्बा मोटरसाइकलका तर्फबाट ५० हजार रुपैयाँसहित अल्बा रत्न ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको छ । यसका साथै उषा आचार्यका बारेमा खोजी गरी सिफारिस गर्ने निकिता देवकोटालाई पनि ५ हजार रुपैयाँ प्रदान गरियो ।




# हिमाल हेरेर मख्ख परे सभामुख

बिहानैदेखि हिमाल छ्याङ्ङै खुलेको थियो । फेवातालमाथिको अनदु डाडाँमा मानिसहरूको चहलपहल बेग्लै देखिन्थ्यो । विश्व शान्ति स्तूपको दसौं वार्षिक पूजाको उद्घाटन गर्न आएका सभामुख सुवासचन्द्र नेम्वाङको अनुहारमा कान्ति छरिएको आभास हुन्थ्यो ।

खुला चौरमा सजाइएको मञ्चमा बसेका नेम्वाङको नजर एकोहोरो सेताम्मे हिमाल र आकाशमा चराझैं उडिरहेका प्याराग्लाइडिङतर्फ थियो । उनी आँखै नझिम्काई त्यहाँबाट देखिने हिमाल र पोखरा सहर देखेर दंग परिरहेका थिए ।



यसअघि उनी विभिन्न कार्यक्रमका सिलसिलामा यहाँ आए पनि सहरमै व्यस्त हुन्थे । यस पटक भने मनोरम दृश्य हेर्ने अवसर विश्वशान्ति स्तूप समितिले जुराइदियो । समारोहमा जापान, अमेरिका, बेलायत, थाइल्यान्ड आदि मुलुकबाट एक सयभन्दा बढी भिक्षु आएका थिए । शनिबार बिहान पर्यटकीय स्थल शान्ति स्तूपा पुगेका सभामुख नेम्वाङले करिब चार घण्टा अनदु डाँडामा बिताए । स्टेजमा गमेर बसेका नेम्वाङको ध्यान कार्यक्रममा भन्दा बढी हिमालका सुन्दर दृश्यहरूमा केन्द्रित रह्यो ।

प्रमुख अतिथिको मन्तव्य दिइरहँदा समेत हिमालतिर आँखा डुलाइरहेका उनले बेला-बेलामा पोखरा आएपछि यस्तो संयोग नजुरेको बताउदै थिए । २०१५ सालमा सानै उमेरमा पहिलो पटक पोखरा आएको स्मरण सुनाउँदै उनले आफू त्यतिबेला माछापुच्छ्रे र फेवाताल देखेर आनन्दित भएको बताए । 'काठमाडौं अस्तव्यस्त छ, बाग्मति फोहोर भएको छ तर पोखरेलीहरूले अहिलेसम्म यसको सुन्दरता जोगाएर राखेका छन्,' उनले भने, 'त्यसमाथि यो विश्वशान्ति स्तूपाले सुनमा सुगन्ध थपेको रहेछ ।' उनले यसअघि फेवाताल आउँदा शान्ति स्तूपा के हो ? भनेर जिज्ञासा राखेको तर अहिले पाइला राखेपछि सोचेभन्दा निकै सुन्दर भएको बताए ।

पोखराको छोरेपाटनबाट करिब ४५ मिनेटको पैदलयात्रापछि पुग्ने सकिने यो रमणीय स्थानमा पुग्ने धुलाम्मे बाटो देखेर भने उनलाई नमज्जा लाग्यो । 'हिजो मात्र सरकारका तर्फबाट बाटो निर्माणका लागि २१ लाख विनियोजना भएको छ,' उनले भने, तर यो रकम अपुग भएको समितिले गुनासो गरेपछि देशविदेशका सबैको रमणीयस्थलको थप विकासका लागि अर्थमन्त्रालयको ध्यान आकृष्ट गराउने प्रतिबद्धता उनले व्यक्त गरे ।

समुद्र सतहबाट १ हजार १ सय मिटरको उचाइमा रहेको उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलका रूपमा रहेको शान्ति स्तूपाको सभामुखले जापान, अमेरिका, बेलायत आदि मुलुकबाट आएका पाहुनाहरूसँगै परिक्रमा गर्दै त्यहाँबाट खुलस्त देखिने फेवाताल र पोखराको दृश्यावलोकन गरे । कार्यक्रम सकिएपछि पनि उनी केही क्षण हिमाल हेरिरहे । सुरक्षा अधिकारीहरूसंग उनले भने, 'यहाँबाट हिमाल, फेवाताल र पोखराको दृश्य निकै आकर्षक देखिने रहेछ ।'

● सम्पादकीय ●

# सहमतिको बाटो खोजौं

अहिले मुलुक एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले घोषणा गरेको आन्दोलनको प्रारम्भिक अवस्थामा छ । कुनै पनि दृष्टिकोणले मुलुकले नचाहेको यो आन्दोलनलाई माओवादीले नागरिक सर्वोच्चता स्थापनाका लागि अपरिहार्य रहेको दाबी गर्दै आएका छ । नारिक सर्वोच्चताको अर्थ र सर्वोच्चता के हो भन्ने विषयमा अहिलेसम्म कुनै पनि माओवादी नेता वैचारिक रूपमा स्पष्ट छैनन् भन्ने कुरा उनीहरूबाट दिनहुँजसो व्यक्त हुँदै आएका विचारहरूले स्पष्ट गरिसकेको छ । सम्भवतः यसै कारण कतिपय बुद्धिजीवीले माओवादीहरूको अहिलेको आन्दोलनलाई सत्ताप्राप्तिको बाटो मात्र मानेका छन् । त्यसैले उनीहरूको विचारमा अहिलेको माओवादी आन्दोलन कार्यकर्तामा आधारित प्रदर्शन मात्र हो । यो कुरा स्वयं माओवादी नेताहरूले समेत नबुझेका होइनन्, तसर्थ मुलुकलाई सबै किसिमका तात्कालिक समस्याबाट निकास दिन र नेपाली जनताको चाहनाअनुरूपको संविधान निर्माणका लागि सबैभन्दा ठूलो दलका रूपमा मान्यता प्राप्त माओवादीले आफू इतरका राजनैतिक दलहरूको विश्वास प्राप्त गर्ने र त्यस्तो विश्वासअनुरूप मुलुकलाई सहमतिको बाटोमा हिंडाउनेतर्फ ठोस राजनैतिक पहल गर्नुपर्छ ।

अहिलेको नेपाल कुनै पनि किसिमको आन्दोलन थेग्न सक्ने अवस्थामा छैन । एउटा पक्ष वा विपक्षको हार र जितसँग नेपाली जनताको भविष्य गाँसिएकाले हाम्रा सबै राजनैतिक दलहरूले मुलुकको अहिलेको आवश्यकतालाई मनन गरेर सहमति र सहकार्यको राजनैतिक थालनी गर्नुपर्छ । विगतमा राजतन्त्रको अन्त्यलगायत सबै किसिमका मानवअधिकार र प्रजातन्त्रको स्थापना-पुनर्स्थापनाका लागि नेपाली जनताले थुप्रै रगत-पसिना बगाइसकेका छन् । यो पृष्ठभूमिमा अहिले नेपाली जनताको चाहना भनेकै नयाँ संविधान र संविधानद्वारा प्रत्याभूत एवं सुरक्षित गरिएको नागरिक अधिकार हो । जनताको यस्तो चाहनालाई बेवास्ता गर्दै कुनै पनि राजनैतिक दलले जनतालाई नै दुःख पुग्ने गरी मुठभेडतर्फ धकेल्नु भनेको बेमौसमको बाजाजस्तै हो । यसतर्फ हाम्रा सबै राजनैतिक दल सचेत हुनु नै समयको माग हो ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## संवैधानिक आयोगको औचित्य

संविधानसभा संवैधानिक निकायको संरचना निर्धारण समितिले नयाँ संविधानमा ११ वटा संवैधानिक आयोग हुनुपर्ने प्रारम्भिक अवधारणापत्र पेस गरेको छ । जनताबाट ३९ हजारभन्दा बढी सुझाव आएकोमा संवैधानिक आयोगको संख्या मात्र एक सय जति हुनुपर्ने सुझाव समितिमा आएको बताइन्छ ।

के संघीय गणतन्त्र नेपालका लागि १ सयवटा संवैधानिक आयोग चाहिन्छ ? जनताको अभिव्यक्ति निश्चय पनि परिवर्तनका लागि हो । जनता सोझा हुन्छन् । जे कुरा अप्ठेरो लाग्यो त्यो सरल भाषामा भन्छन् । सयवटा वा एघारवटा कतिवटा आयोग हुने भन्ने कुरा विज्ञहरूले छलफल गरेर टुंगो लगाउनुपर्छ तर धेरै संख्यामा आयोग गठनका लागि सुझाव आएको हुनाले गम्भीर भएर सोँच्नुपर्छ र संवेदनशील भएर काम गर्नु आवश्यक छ । यसको कारण के हुन सक्छ ? त्यसको पहिचान गर्नुपर्छ । पहिचानको खोजीमा हिंडेका यात्रीहरूको आवाज भएकाले यसलाई हल्काफुल्का रूपमा हेर्ने भूल कसैले गर्नुहुँदैन । उत्पीडित वर्ग, समुदाय, क्षेत्र, जातजातिको आवाज संघर्ष र आन्दोलनको समयमा निकै गुन्जिन्छ र आन्दोलनपछि सेलाएर जान्छ, राखिन्छ वा सुताइन्छ । तिनको कदर कहिल्यै हुँदैन तर पनि युग विर्दै जाँदा तिनको आवाज बहुमूल्य हुँदैछ । देशले अब अलिअलि सुन्न थालेको छ, यो शुभसंकेत हो ।

विविधताभित्र एकता खोज्ने प्रयासमा मुखरित यी आवाजलाई कसरी संबोधन गर्ने भन्ने कुरा नै वर्तमान सन्दर्भमा ठूलो चुनौती हो । उत्पीडनमा परेका सयौं जातजाति, वर्ग, समुदायको पहिचानका लागि गुन्जिएका यी आवाजहरू क्रमशः ओरालो बग्दो भेल भैरहेका छन् जसलाई बाँध्न सरकारलाई हम्मेहम्मे परेको छ । अब के गर्ने ? त्यसैको विकल्प स्वरूप एघारवटा संवैधानिक आयोगको जन्म भएको छ । के एघारवटा संवैधानिक आयोगले यी सबै कुरालाई सम्बोधन गर्न सक्लान् ?

यति धेरै आयोग हुनुपर्ने भनेर सुझाव आउनुको पछाडि विगतका शासक वर्ग र केही अभिजात्य वर्गको शासकीय शैलीबाट निरन्तर शिकार हुनु परेको हुनाले डरको मनोविज्ञानले काम गरेको देखिन्छ । नेपाली जनता शासक वर्गको चतुऱ्याईंबाट पटक-पटक ठगिएका नजिरलाई बिर्सन मिल्दैन । कहिले प्रजातन्त्रको नाममा ठगिए कहिले लोकतन्त्रको नाममा । गणतन्त्र ल्याउने नाममा पनि ठगिएको हुनाले अहिले गणतन्त्रलाई संस्थागत गर्ने नाममा पुनः ठगाइमा परिएला भनेर आत्मैदेखि गरिएको सोझो चिन्ताको अभिव्यक्ति पनि हो यो । यो विषयलाई नेपाली धरातल, संस्कृति तथा स्वार्थी परम्पराको राम्रो ज्ञान भएका इमान्दार मनोविज्ञहरू छन् भने तिनले अझ राम्रोसँग प्रस्ट्याउलान् ।

● आयोग धेरै हुँदैमा जनताको हक, अधिकार सुनिश्चित हुन सक्दैन । यसले सरकारी ढुकुटी रित्याउने काम मात्र गर्छ ।

● धार्मिक आयोग गठन गर्नु हुँदैन । देशमा इसाई धर्मावलम्बी र अन्य धर्म पनि छन् । मुस्लिम आयोगको गठनले अन्य अल्पसंख्यक धार्मिक समुदायले पनि संवैधानिक आयोग गठनको माग गरे भने के गर्ने ?

● मुख्य आयुक्त र आयुक्तहरूको नियुक्तिको आधारलाई समावेशी र समानुपातिक भनिएको हुँदा तीनजना आयुक्तको नियुक्तिमा कसरी समावेशी र समानुपातिक मिलाउन सकिन्छ ? के यो अव्यावहारिक भएन ?

● अधिकारविहीन संवैधानिक आयोगको संख्या जति नै भए पनि के फरक पर्ला ? यस्ता आयोगको व्यवस्था कुन अर्थमा गरिएका हुन् ? के यो राजनैतिक नारालाई सवलीकरण गर्न मात्र गठन गर्न लागिएको त होइन ? यस्ता आयोग रसबिनाको फूल र विषबिनाको सर्पझैं हुन सक्छन् । भ्रमको खेती गर्ने यस्तो राजनीति किन बन्द नगर्ने ?

● आयुक्तहरूको सुरुको उमेर ४० वर्ष पूरा गरेको हुनुपर्ने व्यवस्था राम्रो छ, तर ६५ वर्षको उमेरसम्म सेवामा रहन पाउने व्यवस्था ठीक छैन । बुढ्यौलीमा शारीरिक अक्षमताले गर्दा ६० वर्ष उपयुक्त हुन्छ ।

● एउटै व्यक्तिलाई दुई कार्यकाल दिनु उचित हुँदैन । यस्ता आयोगमा पेन्सनप्राप्त सरकारी कर्मचारीलाई ल्याउनुभन्दा बाहिरका स्वतन्त्र व्यक्तिलाई पठाउनु उचित हुन्छ ।

**फुर्पा तामाङ, ठूलोभार्खु, रसुवा**

● चिठीपत्र ●




● तीतो सत्य ●

● जो अरूलाई उछिनेर अगाडि जान खोज्छ उसले केही गर्न सक्दैन जसले अरूका निम्ति काम गर्छ उसले सधैं सफलता हासिल गर्छ ।

● थोरै बोल, धेरै बुझ, मनमा इख लेऊ तर कहिल्यै नझुक ।

**सुदेन संघर्ष, दिक्तेल**

● कोही हार्न चाहँदैनन् सबैले जित्न खोज्छन् यद्यपि हार-जित इच्छाले सम्भव छैन- यो त समयको खेल हो ।

● असत्य कहिल्यै पनि सत्य सावित हुन सक्दैन ।

● छलकपटले अरूको भलाई त हुँदैन आफ्नै समेत हविगत हुन्छ ।

**वसन्त खत्री, पनौती**

● यो धर्तीमा पाइला टेकिसकेका छौं थोरै भए पनि असल काम गरेर जाऊ जसले तिम्रा सन्तति शिर ठाडो पारेर बाँच्न सकुन् ।

● नराम्रो काम गरेर समय खेर फाल्नुभन्दा त्यही समयमा राम्रो काम गर जसको फल मीठो र दीर्घायु हुनेछ ।

● जसरी सूर्यको किरणले अँध्यारो हटाउँछ त्यसैगरी निराश एवं दुःखी जीवनमा असल र साहसी कामले दुःख चिर्न मद्दत पुऱ्याउँछ ।

**इन्द्रसिंह कार्की**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*
*-सम्पादक*



## कुशलको कुशलता

कुशल केसीले अन्ततः सोलार कार बनाएका छन् । पाँच महिनाअघि आफैंद्वारा निर्मित 'स्पिडिङगल' हेलिकप्टर प्रदर्शन गर्ने क्रममा सोलार कार बनाउने घोषणा गर्दा कतिपयले पत्याएका थिएनन् होला, तर कुशलले निर्माण गरेको सोलार कार सार्वजनिक कार्यक्रममा देखिएको भीड आश्चर्यचकित भयो- सोलार कार विद्यालय परिसरमा गुडेको देखेर ।

अमृत आदर्श उच्च मा.वि. कक्षा १० मा अध्यनरत कुशल केसी (१६) ले सोलार, ब्याट्री र मोटरको प्रयोग गरी 'सोलार कार' निर्माण गरेका हुन् । कुशलद्वारा निर्मित कारमा तीन जना बस्न सकिन्छ । सामान्य आर्थिक अवस्था भएका कुशलले विद्यालय, सांस्कृतिक कार्यक्रम, विभिन्न संघ/संस्था र व्यक्तिगत गरी ६ लाखको लागतमा उक्त सोलार निर्माण गरेको बताए ।

२० वाटको प्यानल ६ वटा, १८ एम्पायरको ब्याट्री २० वटा र मोटरको प्रयोग गरी उक्त सोलार कार निर्माण गरिएको थियो । 'सामग्री जुटाउन मात्र तीन महिना लाग्यो,' कुशलले भने- 'सामग्री जुटाएपछि ४२ दिनमै सोलार कारको निर्माण सम्पन्न भयो ।' कुशलले निर्माण गरेको सोलार कारको तौल ३ क्विन्टल छ । 'सोलार कार प्रतिघण्टा ५० किलोमिटर गुडन सक्छ,' कुशलले बताए ।

● सहर चर्चा ●




## छोटो समयमै उदाइन् सविना

● मोडल वार्ता ●

मोडलिङ क्षेत्रमा भर्खरै प्रवेश गरे पनि झापा चकचकीकी २१ वर्षीया सविना सुब्बाले छोटो समयमा धेरै उपलब्धि हासिल गरेकी छिन् । मोडलिङमा लागेको तीन महिना पनि बित्न पाएको छैन, तर निकै राम्रो अवसर हात पारेकी छिन् उनले । सबिनाले चलचित्र 'नयाँ जन्म' मा अभिनयको अवसर पाएकी छिन् । 'काम गर्न सक्छु भन्ने कुरामा पूर्ण आत्मविश्वास छ', सविनाले भनिन् । उनी मोडलिङसँगै नृत्य पनि सिक्दैछिन् । सविनालाई चलचित्रका अतिरिक्त म्युजिक भिडियोहरूबाट पनि त्यत्तिकै अवसर आएको कोरियोग्राफर सुवास अधिकारी बताउँछन् । झापाको सुरुङ्गामा हालै आयोजित एउटा म्युजिकल कन्सर्टमा उनी पहिलो पटक र्‍याम्पमा उत्रिएकी थिइन् । 'सुरुमा निकै डर लागेको थियो, तर अहिले आत्मविश्वास बढेर आएको छ ।' बिर्तामोडको कन्काई क्याम्पसमा बीए पहिलो वर्षमा अध्ययनरत सविना आरजे पनि हुन् । उनी विगत तीन वर्षदेखि स्थानीय कञ्चनजंघा एफएममा कार्यरत छिन् । सबिना साताका ६ वटा कमर्सियल कार्यक्रम सञ्चालन गर्छिन् ।

● मुखाले ●

सहमति र सहकार्य राष्ट्को आवश्यकता हो ।
**गिरिजाप्रसाद कोइराला**

अहिलेको हाम्रो मूल मुद्दा सरकार बनाउने होइन, नागरिक सर्वोच्चता स्थापित गर्ने हो ।
**पुष्पकमल दाहाल**

सडकमा रोएर सत्ता पाइँदैन ।
**माधवकुमार नेपाल**

यो सरकार राष्ट्पतिको असवैधानिक कदमको अवैध सन्तान मात्र हो ।
**डा. बाबुराम भट्टराई**

हाम्रो आन्दोलनलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय समर्थन छ ।
**सीपी गजुरेल**

आन्दोलन माओवादीको रहर होइन, बाध्यता हो ।
**पम्फा भुसाल**

संविधानसभालाई विफल बनाएर भंग गर्ने षड्यन्त्रको आभास भैरहेको छ ।
**उपेन्द्र यादव**

राष्ट्रपतिको कदम असंवैधानिक होइन, त्यो त १८ दलको सहमतिमा भएको कदम हो ।
**शेरबहादुर देउवा**

हिंसात्मक हर्कत गर्नेहरू राजनैतिक कार्यकर्ता हुन सक्दैनन् ।
**झलनाथ खनाल**

माओवादीको आन्दोलनले लोकतन्त्र खतरामा पर्छ ।
**अनिल झा**

# भिडियो निस्कनु सामान्य कुरा हो

१६ वर्षअघि बीएल उत्तीर्ण गरेकै वर्ष मीरा ढुंगानाले छोरीले पनि छोरासरह अंश पाउनुपर्ने जिकिरका साथ सर्वोच्च अदालतमा मुद्दा हालिन्। उक्त मुद्दा राष्ट्रिय बहसको विषय मात्र भएन, सर्वोच्च अदालतले छोरासरह छोरीलाई अंश दिलाउन संसद्मा विधेयक बनाउन निर्देशनात्मक आदेश जारी गर्‍यो। यही एउटा मुद्दाले कानुनी क्षेत्रमा स्थापित भएपछि ढुंगानाले अधिवक्ता सपना प्रधानसँग मिलेर महिला कानुन र विकास मञ्च खडा गरिन्। अधिवक्ता ढुंगाना यही मञ्चमार्फत महिलाको विपक्षमा भएका कानुन परिवर्तन गर्न निरन्तर दबाब दिइरहेकी छिन्। महिलालाई कुनै अप्ठ्यारो पर्नेबित्तिकै त्यही मञ्चको ढोका ढकढक्याउने आमचलनले पनि ढुंगाना महिला-अधिकारको पर्यायवाची भैसकेकी छिन्। संविधानमा महिला-अधिकारलाई सशक्त बनाउन सभासद्हरूलाई सघाइरहेकी ढुंगाना केही समययता महिला कलाकारको चरित्रमा उठेको प्रश्नको पनि प्रतिकार गरिरहेकी छिन्।



मीरा ढुंगाना, अधिवक्ता एवं महिलाअधिकारवादी

**केही समयअघि सर्वोच्च अदालतमा महिला चरित्रको विषयलाई लिएर मुद्दा हाल्नुभएको रहेछ, महिला चरित्र भन्ने कुरा पनि मुद्दा बन्छ र ?**

यो मुद्दा हाल्नुका पछाडि गम्भीर कारण छ। केही वर्षअघि एक जना नायिकाले आत्महत्या गरिन्। उनले आत्महत्या गर्नुका पछाडि समाजले उनलाई चरित्रहीन संज्ञा दिनु थियो। समाजले उनलाई बहिष्कृत गरेपछि उनी आत्महत्या गर्न बाध्य भइन्। यसबाट उनको 'राइट टु लाइफ' अर्थात् सम्मानपूर्वक बाँच्ने अधिकार खोसियो। मेरो स्पष्ट धारणा के छ भने कुनै सानो निहुँमा समाजले कुनै महिलालाई अपमानित गरेर उनको बाँच्ने अधिकार खोस्छ भने त्यो गलत वातावरण बनाउने सबै कानुनी रूपमा दोषी हुन्। यस्तो कानुन बनेको खण्डमा महिलाले सानो गल्ती गर्दा उसलाई अपमानित होइन, संरक्षण गर्नेतर्फ समाजको ध्यान जान्छ। यो कानुन नबन्दा धेरै महिलाले अपमानित हुनुपरिरहेको छ।

**तपाईंको अर्थ महिलाले गर्ने गलत कुरालाई माफी दिनुपर्छ भन्ने हो ?**

गलत कुरालाई माफी दिने भन्ने अर्थमा यो कुरा भनेकी होइन। गल्ती पुरुषले पनि गर्छ, तर अपमानित महिलाले मात्र हुनुपर्ने किन ? महिला बहिष्कृत हुने धेरैजसो केस सेक्ससँग सम्बन्धित छन्। शारीरिक सम्पर्कमा महिलालाई विभिन्न प्रयोग गर्न बाध्य पार्ने तर त्यसको दोष पुरुषले बोक्नु नपर्ने, जोमार्फत त्यस्ता कुरा बाहिर आयो, त्यसलाई सजाय नहुने प्रचलनका कारण महिलामाथि अन्याय भएको छ।

**तपाईंको इसारा कतातर्फ हो ?**

मेरो इसारा अहिले बजारमा आएका विभिन्न सेक्स भिडियोतर्फ हो। महिला र पुरुषबीच हुने शारीरिक सम्पर्क सामान्य कुरा हो। जसरी पुरुषलाई भोक लाग्छ, महिलालाई पनि लाग्छ। सबैलाई थाहा छ, सेक्स सबैको आवश्यकता हो। यस्तो कुरा बाहिर आउनेबित्तिकै किन समाज कुनै महिलाप्रति पूर्वाग्राही हुन्छ ? केही समयअघि दुई व्यक्तिबीच भएको नितान्त व्यक्तिगत भिडियो अरू कसैले बाहिर ल्याइदियो, तर त्यसमा महिलालाई दोषी मान्दै उनको सबै काम खोसियो। पत्रपत्रिकाले पनि ठूलो अपराध गरेझैं समाचार बनाए। कुनै महिलाले कुनै पुरुषसँग सम्पर्क गर्नु अपराध हो ? त्यस्ता कुरा खिच्ने पुरुष अपराधी हो कि होइन ? त्यसलाई बाहिर ल्याएर समाजलाई दूषित बनाउने व्यक्ति चोखो हो ? जसले कुनै गल्ती गरेको छैन, उसलाई समाजले दोषी बनाउने, तर जसले एउटी महिलालाई विभिन्न किसिमले अपमानित गर्छ, उसको अपराध माफी हुने यो कस्तो समाज हो ?

**तपाईंको यस्तो विचारले समाजमा उच्छृङ्खलता बढाउँदैन ?**

एउटा व्यक्तिले धेरै व्यक्तिसँग सम्पर्क राख्दा त्यसले विकृति ल्याउँछ, तर एक जना महिला र एक जना पुरुषबीच सम्पर्क हुनु अपराध हो र ? तेस्रो व्यक्तिले त्यस्तो कुरालाई मिसयुज गर्छ भने त्यो विकृति होइन, अपराध हो। यहाँ तेस्रो व्यक्ति अपराधी हो। हामीले घटनालाई ठीक ढंगले बुझ्न नसकेर महिलालाई अपमानित गरिरहेका छौं।

**यस्ता कुराले बजार तताउँदा पनि तपाईंहरूका कुरा बाहिर आएनन् नि, तपाईंहरू चुप लागेर बस्नुको कारण के हो ?**

शारीरिक सम्पर्क मानिसको जीवनमा हुने समान्य घटना हो, तर यसलाई अतिरञ्जित बनाइयो। जब घटना अतिरञ्जित हुन थाल्यो, हामीले त्यसै बेला बोल्नुपर्थ्यो, हामी त्यसमा चुक्यौं। अहिले तपाईंले यस विषयमा कुरा उठाएपछि बोल्ने मौका पाएँ। म के भन्न चाहन्छु भने हामी पीडित महिलाका साथमा छौं। आफ्नो भिडियो सार्वजनिक भयो भन्दैमा कुना पसेर रुनु पर्दैन। यस्ता कुरालाई दबाएर बस्दा आफैंलाई हानि हुन्छ, अरूले भन्ने मौका पाउँछन्। जीवनमा एकपल्ट गल्ती भयो भन्दैमा सधैं त्यस्तै हुँदैन। यस्ता कुराको डटेर सामना गर्नुपर्छ।

**यस्तो घटनापछि पीडितलाई अघि बढ्न दिँदैन, अभिभावक र नजिकका आफन्तलाई पनि साथ दिन अप्ठ्यारो पर्छ, कसरी लड्ने ?**

हामी पुरुषप्रधान समाजमा बाँचिरहेका छौं। पुरुषले सतित्वको प्रमाण दिनुनपर्ने, उसले जुनसुकै महिलासँग सम्पर्क राख्दा त्यस्ता कुराले अप्ठ्यारो नपर्ने, महिलाले चाहिँ सतीसावित्री हुनुपर्ने, नभए समाजले बहिष्कार गर्ने। हाम्रो समाजको चित्र यही हो। हिजो हामीले वैवाहिक बलात्कारको कुरा उठाउँदा यस्तै समस्या परेको थियो। श्रीमान्ले आफ्नै श्रीमतीलाई बलात्कार गर्छ भन्दा कतिपयले यसलाई हाँसोमा उडाए। महिला स्वयं यसलाई बलात्कार मान्न तयार थिएनन्। जब कानुन बन्यो, धेरै जना महिलाले मसँग भने, 'श्रीमान्ले भनेकै बेला तयार हुनुपर्ने हाम्रो बाध्यता थियो। हामी यसलाई कर्तव्य मान्थ्यौं। कहिले पनि आफूलाई इच्छा नभै सम्पर्क गर्नु बलात्कार हो भन्ने कुरा महसुस भएन। तपाईंले हामीलाई जीवनमा धेरै पटक बलात्कृत भैसकेको महसुस गराउनुभयो।' अर्थात् हामी कतिपय कुरा समाजबाट निर्दिष्ट छौं, आफू पीडित भएको कुरा बुझिरहेका छैनौं। समाजको यो रीतिलाई परिवर्तन गर्न लड्नैपर्छ।

**तपाईं जता पनि महिला हिंसा देखिरहनुभएको छ, यसको जराचाहिँ कहाँ छ ?**

पचास प्रतिशत महिला हिंसा परम्परागत विवाहका कारणले भएको पाएकी छु। विवाह गर्दा महिलाले पुरुषको घर आउनुपर्ने, श्रीमान्को भन्दा घरका अन्य सदस्यलाई खुसी बनाउनुपर्ने, आर्थिक रूपमा श्रीमान्को सम्पत्तिमा भर पर्नुपर्ने, माइतीले छोरीको विवाह गरेर दिएपछि उनीहरूको कर्तव्य सकिने जस्ता वैवाहिक मान्यताका कारण अधिकांश महिला हिंसा भएको छ। बाँकी हिंसा राज्यको विभेदकारी कानुनले बनाएको छ। संविधानमा महिला-पुरुष बराबर भने पनि ९५ वटा कानुनले महिलालाई विभेद गरेका छन्। महिला हिंसा रोक्न वैवाहिक परम्परामा परिवर्तन ल्याउनुपर्छ। त्यसैगरी हाम्रो देशमा विद्यमान ९५ वटा विभेदकारी कानुन परिवर्तन गर्नुपर्छ।

**तपाईंले महिलामाथि हुने अन्यायलाई राम्रोसँग उठाउनुभएको छ, पुरुष अन्यायमा परेको कुरालाई कसले उठाउने ?**

हामीलाई 'पुरुष भर्सेज महिला'का रूपमा नबुझ्न आग्रह गर्छु। महिलाले इच्छा गरे मात्र छोडपत्र गर्न पाउने अधिकारले कतिपय पुरुष पीडित भएका छन्। विदेशमा कमाएको पैसा महिलाले दुरुपयोग गर्ने तर छोडपत्र गर्न नपाउने समस्या भएपछि हामीले नै मुद्दा लडेका थियौं। यद्यपि समाज पुरुषप्रधान भएकाले पुरुष पीडित हुने प्रावधान निकै कम छन्। समाजले पनि पीडित पुरुषलाई तुरुन्तै विचरा भन्छ, तर महिलाको हकमा त्यो लागू हुँदैन।

**–अश्विनी कोइराला**


Miss Teen Tamang 2009
मिस टिन तामाङ्ग २००९ मा सहभागिता हुन इच्छुक तामाङ्ग युवतीहरूलाई सम्पर्कको लागि अनुरोध गर्दछौं।
उमेरः १३-१९ वर्ष
उचाईः ५ फिट
EVEREST FASHION HOME
Putalisadak, Newplaza, Ktm
☎ 9841504618, 9841745404, 4444516

Join us as an INTERNATIONAL AIRHOSTESS
Best Placement Record 2006, 2007 & 2008
making dreams come true...
FLYTECH INTERNATIONAL Airhostess Academy
NEPAL's No. 1 INSTITUTE
ADMISSION OPEN for Morning & Day
Putalisadak, Kathmandu
2004582, 2004583
www.flytech.com.np

PINNACLE COLLEGE
T.U. Affiliated
Lagankhel, Lalitpur
A Pioneering and Perceiver of The Modern Technical Methodology as well as Academic Record Achiever Proudly
ANNOUNCES ADMISSION
For a Limited Seats Only
in
B.Sc. Microbiology | BBS
For Details Contact:
PINNACLE COLLEGE, Lagankhel, Lalitpur
Phone :- 01-5544023, 5524723, 5540882

अन्तिम खोज
थाहै नदिई जाँड रक्सी र चुरोट छुटाउने
३ ईन्च सम्म उचाई बढाउने
Height Plus
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal product को साथमा।
Japani Oil
मोटोपना घटाउने तौल बढाउने १२ Kg सम्म
Breast बढाउने, घटाउने र टाईट गर्ने।
जस्तो सुकै ड्रग्स को कुलत छुटाउने।
फ्रि होम डेलिभरी
केश झर्न रोकी उमार्ने, चायाँ पोतो हटाउने।
Gorkha Herbal
Hotline: 4282138, 9841079654
9851026391 चितवन: 9845279326

After +2 ?!
Admission Open
CA Foundation & Inter Level
Classes Start: December 1, 2009
HURRY UP
Seats are Limited
प्रिमियर CA
Be a CA with BBS
PREMIER COLLEGE ESTD 2000
New Baneshwor, Kathmandu
Wing-1, Tel: 4785198, 4784738, 2040467
(Infront of BICC Southern Gate)
Wing-2, Tel: 4467468, 016207877
(Near to old Shivadarshan Cinema)

# डिजिटल मिसयुज

प्रविधी विकाससँगै मानव जीवनशैली जति सहज बनेको छ, त्यतिकै जटिल पनि । यसको उदाहरण खोज्न कतै जानुपर्दैन, नेपाली जीवनशैलीलाई नै हेरे पुग्ने भएको छ । विगत आधा दशक यता नेपाली नागरिक प्रविधीसँग राम्रैसँग अभ्यस्त भएका छन्, तर प्रविधीलाइ अनावश्यक रुपमा प्रयोग गर्ने क्रममा कतिपय विषयवस्तुमा गोप्य रहन रुचाउने यो समाज अहिले क्रमशः नाङ्गिन थालेको महशुष हुन थालेको छ ।

**साप्ताहिकका सुव्रत आचार्य र विदुर खतिवडाले** 'डिजिटल मिसयुज' का विषयमा तयार पारेको सामाग्री :



एक ब्लगसाइटमा 'गोदावरी' शीर्षकमा तस्विरका श्रृंखलाहरु भेटिएका छन् । जसमा यो जोडी कामुक मुद्रामा प्रस्तुत भएको छ ।

**उदाहरण १ :** केही समयअघि विदेशमा अध्ययनरत एक नेपाली युवतीले 'न्याकेड भिडियो'का कारण आत्महत्या गरेको हल्ला चल्यो । इन्टरनेटमार्फत 'वेबक्याम च्याट' गर्ने क्रममा अर्को पक्षले उनको नग्नशरीर 'क्याप्चर' गरेपछि तयार भएको भिडियो सार्वजनिक भएपछि उनले आत्महत्याको बाटो रोजेको बताइन्छ । च्याट पार्टनरलाई उनले आफ्नो अंगप्रत्यङ्ग देखाएको दृश्य युवापुस्तामाझ चर्चामा थियो ।

**उदाहरण २ :** ०६२ सालमा पहिलो छुट्टी लिएर काठमाडौं आएका धरानका राई थरका एक लाहुरे धरानस्थित घर नगै काठमाडौंबाटै बेलायत फर्किए । आफ्नी प्रेमिकासाग बेलायतको एक होटलमा खिचिएको सेक्स भिडियो देशभर फैलिएको जानकारी पाएपछि उनी चार दिन काठमाडौं बसेर उतै फर्किएका थिए । त्यसयता उनी घर आएका छैनन् । घर पठाएको कम्प्युटर बिग्रिएपछि मर्मत गर्न दिने क्रममा उक्त भिडियो सार्वजनिक भएको थियो । विभिन्न आशन र अश्लील संवादसहित साथीकी श्रीमतीसँग खिचिएको उक्त सेक्स टेप एक घण्टाभन्दा लामो छ । छोरीलाई परपुरुषसाग लहसिएको देखेपछि युवतीका बुबाले आत्महत्याको प्रयास गरेका थिए । युवती पनि त्यसयता नेपाल आएकी छैनन् ।

**उदाहरण ३ :** पोखरा रानीपौवाकी एउटी मासुपसले महिला र मासु सप्लायरबीच भएको यौनसम्पर्कलाई कसैले मोबाइलमा कैद गऱ्यो । पाँच मिनेट लामो उक्त दृश्यको भिडियो क्लिप्स सार्वजनिक भएपछि महिलालाई छिमेकीहरूले प्रहरीसमक्ष बुझाइदिए । जिल्ला प्रहरी कार्यालय, कास्कीका अनुसार मासुपसले महिलाका श्रीमान्ले नै त्यो दृश्य आफूसागै खिचेको बताएर उनलाई बचाए ।

(हिमाल, वर्ष १८, अङ्क ०७ बाट)

**उदाहरण ४ :** दृश्यमा काठमाडौंको कुनै मन्दिर परिसर देखिन्छ । मन्दिरको कुनामा एक युवा र युवती आलिङ्गनमा छन् । उनीहरूबीच यौनक्रिया भैरहेको स्पष्ट देखिन्छ । कसैले मोबाइलबाट यो दृश्य खिचेको भए पनि उनीहरू त्यस विषयमा अनभिज्ञजस्ता देखिन्छन् । यो सेक्स भिडियो अहिले प्लस टु जेनेरेसनका थुप्रै युवाको मोबाइलमा देख्न सकिन्छ ।

**उदाहरण ५ :** 'हरामी ....' शीर्षकमा ५ मिनेट १० सेकेन्ड अवधिको एउटा सेक्स भिडियोमा पुरुष र महिलाबीचको सहवास देखिन्छ । एउटै एंगलबाट खिचिएको उक्त भिडियोमा उनीहरू विभिन्न आसनबाट क्रीडामा संलग्न छन् । ४ मिनेट ८ सेकेन्डपछि महिला कामोत्तेजनामा चिच्याएर बोलेको नेपाली शब्दबाट ती महिला नेपाली हुन् भन्ने प्रस्ट हुन्छ । यसलाई इन्टरनेट सर्फिङ गर्नेहरूले सहजै देख्न सक्छन् भने केही युवाको मोबाइलमा पनि यो भिडियो छ ।

**उदाहरण ६ :** कुनै पार्कमा यौनकार्यमा संलग्न भएका एक जोडीलाई कुनै समूहले समातेपछि मोबाइलमार्फत केटा र केटीको अर्धनग्न भिडियो खिचिएको छ । 'गोदावरी' शीर्षकको ३० सेकेन्डको उक्त भिडियोमा कलेज युनिफर्ममा रहेका ती जोडीमध्ये केटीले रुँदै 'आज फर्स्ट टाइम आएको, म आएको थिइनँ पहिले साँच्चै..आइ स्वेर..' शब्द बोलेकी छिन् भने समात्ने समूहमध्ये मोबाइलबाट भिजुअल खिच्नेले 'यस्तो यार, ड्रेसमा पनि आउने त यार' भनेर हकारेको जस्तो गरेका छन् ।

**कति होलान् ?**

नेपाली 'सेक्स भिडियो' यति नै छन् भनेर यकिनका साथ भन्न नसकिए पनि 'नेपाली' भनिएका भिडियोहरू सयभन्दा बढी रहेको बताइन्छ । तीमध्ये केहीमा नेपाली भाषामा कुराकानी गरिएका तथा नेपालको पृष्ठभूमिमा खिचिएकाले ती भिडियोमा देखिएका मानिस नेपाली नै हुन् भनेर अनुमान गर्न सकिन्छ । कतिपय भिडियो बेडरुममा खिचिएको तर आवाज नभएको वा आवाज प्रस्ट नभएकाले नेपालीकै हो-होइन यसै भन्न सकिँदैन । हालै चर्चामा आएका दुई नेपाली सेलिब्रेटीका सेक्स भिडियोमा अंग्रेजी बोलिए पनि परिचित व्यक्तित्वका कारण उनीहरूलाई चिन्न गाह्रो परेन । एक हार्डवेयर तथा सफ्टवेयर प्राविधिकले भने- 'मसँग त्यस्ता थुप्रै भिडियो छन् ।' उनका अनुसार कम्प्युटरमा समय व्यतीत गर्ने वा कम्प्युटरका ज्ञाता सहरिया युवापुस्ताहरूसँग उनीसँगभन्दा बढी नेपाली 'सेक्स भिडियो' छन् । इन्टरनेटको सञ्जालमा नेपाली सेक्स भिडियोको खानी नै रहेको उनले बताए । विशेष गरी विभिन्न नाममा खोलिएका केही 'ब्लग साइट'मा त्यस्ता भिडियो तथा तस्विरहरू टन्नै राखिएका छन् । मंगोलियन, मेक्सिकन, फिलिपिनो तथा भारतीय मुहार नेपालीजस्तै देखिने भएकाले उनीहरूको सेक्स भिडियोलाई पनि 'नेपाली' भनेर सार्वजनिक गरिएका छन् ।

जानाजान होस् वा झुक्किएर, पछिल्ला दिनमा संवेदनशील मानिने यौनसम्पर्कका दृश्य सार्वजनिक हुने क्रम बढ्दै गएको छ । सेलिब्रेटी सेक्स टेप प्रकरण चर्चामा आए पनि नेपाली समाजमा यौनजन्य गतिविधि पर्दाफासका घटना अरू पनि थुप्रै छन् भन्ने माथिका उदाहरणले देखाउँछन् । थुप्रै उदाहरणमध्ये हामीले केही प्रतिनिधिमूलक घटनालाई मात्र यहाँ समेटेका छौं ।

'पश्चिममा ब्लु फिल्म हेरेर सन्तुष्टि लिँदै आएकाहरूले त्यस्तै प्रयोग आफूमा गर्ने प्रयास गर्दा नेपाली सेक्स भिडियोका घटना बढ्दै गएको हो,' एक स्वास्थ्य परामर्शदाताले भने- 'प्रत्येकका हातमा भिडियो खिच्न मिल्ने मोबाइल सेट, डिजिटल क्यामेरा हुनुले पनि सेक्स टेप बनाउनका निम्ति उत्प्रेरकको काम गरेको छ ।'

सेक्स टेप प्रकरणलाई फैलाउन मोबाइलमा रहेको ब्लु टुथ र इन्टरनेटले बढावा दिन्छन् ।

पृष्ठ ७ मा जारी


होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
३ महिने कुकमा FREE ENGLISH LANGUAGE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर, बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ 4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal) नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग 2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर, नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी 4464720, 9841-891131, 98510-93629

IATA Approved Travel Agency
IATA ACCREDITED AGENT
Available:
All International and Domestic Air Ticket
Special Fare For Students
UK, USA & Aus
Plan Journeys Travel & Tour (P.)Ltd.
Bagbazar, Kathmandu, Nepal.
Ph:4261603, 4266838
www.planjourney.com

मुहार
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1650/-
चाउरीपना हटाउने Cream -1250/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम प्रा.उपचार
शरीरको उचाई बढाउने -1250/-
शरीरको तौल बढाउने -1000/-
मोटोपना घटाउने (रूपअमृत फ्रि)-4000/-
No Side effect 100% Guaranteed
केश
Before Herbal44 After
झर्न तुरुन्तै रोकी उमार्ने तेल Rs. 750/-
आस्था हेल्थ केयर
काठमाडौं गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

नि:शुल्क Computer पढ्ने सुवर्ण अवसर !
Paradise Nepal नामक NGO ले विगतमा धेरै विद्यार्थीहरूलाई नि:शुल्क निम्न Computer Course पढाई सकेको छ र अहिले फेरि नि:शुल्क पढाउने भएको हुँदा धमाधम फर्म वितरण भईरहेको छ। छिटो सम्पर्क राख्नुहोला।
Basic, Diploma, Graphics, Web Page, Power Diploma, Accounting Package, Hardware & Networking.
Condition apply
PENTASOFT New Baneshwor ☎:4498892
Pentasoft Certificate is valid in more than 90 Countries

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) -1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

ब्यूटीसियन तालिममा नि:शुल्क भर्ना
बिदेशबाट तालिम प्राप्त गरेको Trainer बाट तालिम गराईन्छ ।
बिदेश जानेहरुको लागी Special Class का साथै Visa Processing गराईन्छ ।
Korean Hair Straight,Brazalian. B.Waxing, Freanch Menicure/ Pedicure, Faceleft, Blowdry
तथा अन्य सम्पूर्ण कामहरु पनि गरिन्छ ।
ट्रेनिङ्ग तथा अन्य जानकारीको लागी, तुरुन्त सम्पर्क राख्नु होला
FABULOUS LADIES BEAUTY SALOON & TRAINING INSTITUTE
LAZIMPAT, KATHMANDU
01-4433622, 9841240127

✳ उद्घोषण ✳ व्यक्तित्व विकास ✳ वक्तृत्व कला ✳ पत्रकारिता
तालिमका साथ
रेडियो तथा टेलिभिजनमा काम गर्ने अवसर!!
•हामी चाँडै देशव्यापि "जनचेतनाका लागि सञ्चार अभियान" सञ्चालन गर्दैछौं ।
•हामी प्रतिभावान सिर्जनशील युवाको खोजीमा छौं ।
तुरुन्त सम्पर्क गर्नुहोस् ।
जनास मिडिया
कोटेश्वर, काठमाण्डौं, (कोटेश्वर प्रहरी कार्यलय सँगै)
०१-२१४१२४६,९८४१४९७०००, ९८४९२६७१९४,

तु–आवश्यकता
International project को लागी आवश्यकता ।
योग्यता: SLC or +2 Above
संख्या: 7 Ladies/Gents
तलब: 9500+ अन्य
(होस्टलको सुबिधा भएको)
URI 01-6637290 9841680647 9841574773 नयां बाटो ठिमी भक्तपुर
USI 9849195511 9803437476 ललितपुर नख्खु दोबाटो
Note: बुझ्न आउदा Document अनिवार्य छ ।

सजिलै पास गरौं
६ महिना मै Class - 8 पास गरि कक्षा ९ नपढी २०६७ सालको SLC मा समावेश हुन पाउने
६ महिना मै +2 (११ को परीक्षा नदिई मात्र १२ को परीक्षा दिए हुने)
Science/Maths नदिई ६ महिना मै SLC (मात्र ५ विषय दिए पुग्ने)
प्राइभेट Test/SLC - २०६७
Test ग्यारेन्टी सहित SLC दिन पाउने
SANDRA OPEN SCHOOL
Nayabazar, Sorakhutte
(सोह्रखुट्टे पेट्रोल पम्प ठीक अगाडी)
Tel: 4361712, 2160393, Chitwan:056-525918

निशुल्क होटलतालिम
वेटर/वेट्रेस
साथमा रु ३०००/- भत्ता
उत्कृष्टलाई ७ देखि १० हजार सम्मको जागिरको व्यवस्था
साथै विदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था:- जस्तै ★Cook ★waiter/ss ★Bartender ★Coffee Making★House Keeping
★साथै अन्य कोर्षहरु विशेष छुटमा धमाधम भर्ना
Wisdom Hotel Training Center
Kalimati Chowk
Phone N.: 01-6223587, 9841327603, 9841032377

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver,Domestic Helper
तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

Learn to Speak English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel
4359170

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

ग्यारेन्टी उपचार
100% Gurantee
यौन: शिघ्र स्खलन, यौन सन्तुष्टि नहुने
अनुहार: कालो पोतो, डन्डीफोर, चायाँको उपचारको लागि ।
शारिरिक तौल घटाउने, बढाउने । मधुमेहको उपचार साथै ग्याष्टिक, प्रेसर, बाथ, दम आदि समस्याहरूको समाधान
सावधान! डाक्टरद्वारा जाँच गरेर मात्र औषधि प्रयोग गर्नुहोस।
माहारूद्र आयुर्वेद फार्मेसी
लगनखेल साझाभवन - 2291316
कोटेश्वर - 4601989

# डिजिटल मिसयुज

पृष्ठ ६ बाट जारी

वास्तवमा भन्ने हो भने इन्टरनेटमा पुगिसकेपछि यसको फैलावटलाई कसैले रोक्न सक्दैन। त्यसैले आफ्नो व्यक्तिगत यौन क्रियाकलाप डिजिटल क्यामेरा वा मोबाइलमा कैद गर्ने इच्छा भए एकपटक यसको खतरनाक पक्षका सम्बन्धमा गम्भीर भएर सोच्नैपर्ने हुन्छ।

एकछिनको मनोरञ्जनका निम्ति खिचेको यौनजन्य दृश्य भोलि संसारभर फैलियो भने त्यसले जीवनमा कस्तो हलचल अथवा उतारचढाव ल्याउला भन्ने सोच्नु उपयुक्त हुन्छ।

यौनका सम्बन्धमा मानिसमा एक प्रकारको कौतूहलता पाइन्छ। जति बुझ्‍े पनि त्यति नै चाख बढ्ने यो विषयका बारेमा सार्वजनिक हुने दृश्यात्मक क्रियाकलाप अझ चाखलाग्दा हुन्छन्। अझ हाम्रो जस्तो बन्द समाजमा यस्ता क्रियाकलाप खोजी-खोजी हेर्ने र रमाइलो लिने अनि त्यसपछि 'छिः-छिः' गर्ने परम्परा छ। आदिमकालदेखि चल्दै आएको यौनिक क्रियाकलापलाई प्राकृतिक अथवा जैविक कुरा हो भनेर व्याख्या गरिए पनि यसलाई सार्वजनिक गरेर रमाउने यो नयाँ अभ्यासले अबको समाजलाई कतातिर लाँदैछ भनेर अनुसन्धान गर्न बाध्य बनाएको छ।

नेपालीहरूको गोप्य क्रियाकलापका घटना खोज्न इन्टरनेट चहार्ने हो भने यस्ता 'सेक्स भिडियो' बग्रेल्ती भेट्टिन्छन्। विकृति भनिए पनि यस्ता भिडियो इन्टरनेटको सञ्जालमा फैलन नदिन सम्भव देखिँदैन। ब्लग साइटमा पाइने यस्ता भिडियोको फैलावट रोक्ने प्रयास गरे पनि पूर्णतः नियन्त्रण गर्न सकिँदैन, तर राज्यले यस विषयमा चासो देखाउनुपर्ने अवस्था आइसकेको छ। सरकारले विद्युतीय कारोबार ऐन अर्थात् साइबर ल तयार गरे पनि यो हाल एक्टिभ नहुनुले यस्ता गतिविधि नियन्त्रण गर्ने बलियो माध्यमको अभाव खट्किएको छ।

सेक्स टेपका विषयमा सामाजिक चेतना फैलाउनु आवश्यक देखिन्छ। सेक्स भिडियो सार्वजनिक भैसकेपछि भिडियोमा देखिएका पात्रहरू सामाजिक रूपमै तिरस्कृत हुन्छन्। वास्तवमा उनीहरूका निम्ति योभन्दा अर्को कुनै ठूलो सजाय हुँदैन। 'सेक्स भिडियो सार्वजनिक भैसकेपछि त्यो व्यक्ति आत्मग्लानि र पश्चात्तापमा जल्न पुग्छ,' एक मनोविश्लेषक भन्छन्- 'सबैले घृणा गर्दा उनीहरूमा अपराधबोध हुने भएकाले मानसिक तनाव सिर्जना हुन्छ। यसकारण यस्तो स्थिति आउनुपूर्व उनीहरूलाई 'डिजिटल मिसयुज'ले ल्याउने खतराका बारेमा सजग गराउनु अहिलेको आवश्यकता हो।'

**सतर्कता आवश्यक**

एक भारतीय टेलिभिजनमा प्रसारित समाचारअनुसार ड्रेस सपिङका क्रममा 'ड्रेसिङ रुम' मा पहिरन चेन्ज गर्न जाँदा गोप्य क्यामेराबाट एक युवतीको नग्न शरीर खिचिएको थियो। टेलिभिजनमा प्रसारित उक्त दृश्यमा ती युवती यस विषयमा पूर्ण अनभिज्ञ देखिन्छिन्। भारतमा चलिसकेको यो ट्रेन्ड नेपाल नभित्रिएला भन्न सकिँदैन। त्यस्तै कोठामा राखिएको अदृश्य सिसा वा दृश्यात्मक ऐनाको पछिल्लो भागबाट पनि भ्रम सृजना गरी भिडियो खिच्न मिल्छ। उच्चतम प्रविधि प्रयोगको यो समयमा सर्वसाधारण उपभोक्ताले यस्ता कुरामा ध्यान दिनु आवश्यक छ। सिसाको पछिल्लो भागबाट खिचिएका भिडियो युट्युब डटकममा पाइन्छ।

इन्डियन ब्लग साइटहरूमा हनिमुन मनाएर फर्किएका कतिपय जोडीले आफ्नो सुखद वैवाहिक यात्रा प्रारम्भ भएको जानकारी दिन विभिन्न तस्बिर तथा भिडियो अपलोड गरेको देख्न सकिन्छ। साथीभाइमाझ आफ्नो विवरण सेयर गर्ने उद्देश्यले व्यक्तिगत कुरा अपलोड गरेको भए पनि त्यसको फैलावटले उनीहरूको सार्वजनिक जीवनमा नै नकारात्मक असर पनि पुऱ्याएको छ। त्यसकारण इन्टरनेटमा आफ्नो व्यक्तिगत विवरण राख्नुअघि एकपटक सोच्नु आवश्यक छ। सप्तान्त वा अन्य कुनै बिदाको समयमा विभिन्न स्थान घुम्न जाने क्रममा होटलमा दम्पतीबीच भएका गोप्य क्रियाकलाप पनि क्यामेरामा कैद हुन सक्छन्। यसकारण होटलमा बस्न जानुअघि कोठाभित्र क्यामेरा छ-छैन हेर्नुपर्छ। दुई वर्षअघि सार्वजनिक भएको बलिउडको चलचित्र 'कलियुग' यस्तै कथामा तयार भएको चलचित्र हो।

सार्वजनिक सवारी साधनमा यात्रा गर्दा वा अन्य कुनै कार्यक्रममा जाँदा युवतीहरूले विशेष चनाखो रहनुपर्छ। युवतीहरू निहुरिने क्रममा देखिने वक्षस्थलको दृश्य क्यामेरामा कैद हुनसक्छ। सूचना प्रविधि विज्ञ आकाश न्यौपानेका अनुसार यस प्रकारका भिडियो पनि बजारमा आउन थालेका छन्।

मोबाइल वा डिजिटल क्यामेरा साथमा छ भनेकै आधारमा रमाइलोका निम्ति आफ्नो तथा आफ्नो यौनसाथीको गोप्य अंगको तस्बिर-भिडियो खिच्ने ट्रेन्ड चल्न थालेको छ। पाठकहरूलाई एउटा सुझाव- तपाईं पनि यस्ता गतिविधिमा चाख राख्नुहुन्छ भने एकपटक राम्रोसँग सोचेर मात्र अघि बढ्नुहोला। आफ्नो गोप्य गतिविधि सार्वजनिक गर्नु कुनै उपलब्धिमूलक काम होइन। मोबाइल वा क्यामेरामा यस्ता दृश्य छन् भने यी उपकरण बिग्रिएर मर्मत गर्न जानुअघि डाटा स्टोरेज चिप्स निकालेर राख्न नबिर्सनुहोला। यस्ता गोप्य सेक्स भिडियो मेमोरी कार्डबाटै सार्वजनिक भएका छन्।

वेबक्यामेरा पनि कतिपय अवस्थामा घातक सिद्ध भएको छ। वेबक्याम्पको सहयोगमा लाइभ भिडियो च्याट गर्ने क्रममा अनलाइनमा रहेको च्याट फ्रेन्डले आफ्नो अंग देखाएर तपाईंलाई पनि देखाउन आग्रह गर्न सक्छ। त्यो बेला आफ्नो अंग प्रदर्शन गर्नुभयो भने त्यो नग्न दृश्य च्याट पार्टनरले क्याप्चर गर्न सक्छ। प्रविधिविज्ञ न्यौपानेका अनुसार जति नै नजिकको साथी भए पनि अनलाइन च्याटमा शरीर देखाउनु मुर्खता सावित हुन्छ।

क्याबिन रेस्टुराँमा कार्यरत युवतीहरूलाई ग्राहकले विभिन्न प्रलोभन दिएर सहमतिजस्तो बनाएर भिडियो खिच्ने गरेका छन्। तिम्रो तस्बिर कस्तो आउँछ भनेर खिचिएको तस्बिर वा भिडियो रातारात विश्वभर फैलन सक्छ। राजधानीका कतिपय भिडियोपार्लर अहिले सेक्ससँग सम्बन्धित भिडियो खोजेर मोबाइलमा राखिदिएबापत पाइने शुल्क लिएर व्यापार सञ्चालन गरिरहेको कुरा आफ्नो जानकारीमा आएको न्यौपाने बताउँछन्।

**कानुनमा के छ ?**

अधिवक्ता रामकृष्ण निराला यस्ता विषयमा नेपालमा कुनै कानुन नभएको बताउँछन्। साइबर कानुन कार्यान्वयन नभएको अवस्था छ, यद्यपि यस्तो प्रचारबाजीलाई भने कानुनले वर्जित गरेको छ। त्यस प्रकारको क्रियाकलाप गरिएको पाइए सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाउन मिल्ने अधिवक्ता निराला बताउँछन्।

## एनिमेसन पनि "मिसयुज"

दिलभूषण पाठकको संस्था इन्टरफेस नेपालले 'अधिकारका लागि सञ्चार अभियान' अन्तर्गत हास्यकलाकार जोडी मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको टेलिधारावाहिकमा उनीहरूले निर्वाह गरेको चरित्र 'मदनबहादुर' र 'हरिबहादुर'लाई मुख्य चरित्र बनाएर थ्री-डी एनिमेसन कार्टुन चलचित्र निर्माण गरेको थियो। पाठकको 'कन्सेप्ट'मा निर्माण भै टेलिभिजन च्यानलहरूबाट प्रसारित उक्त 'थ्री-डी एनिमेसन' संविधान निर्माणको विषयमा आधारित नेपालकै पहिलो 'क्यारेक्टर एनिमेसन' भएको पाठक बताउँछन्। बीबीसी वर्ल्ड ट्रस्टको सर्वेमा सर्वाधिक लोकप्रिय मानिएको उक्त एनिमेसनलाई चलाएर कोही उपद्रचाहाले त्यसको ओर्जिनल साउन्डट्र्याक उडाई त्यसको स्थानमा छाडा शब्द डबिङ गरेका छन्। 'प्रतियोगिता' शीर्षकमा मोबाइलमार्फत सर्कुलेट गरिएको उक्त एनिमेसन हेर्दा त्यो विकृत मानसिकताबाट ग्रसित मानिसले बनाएको प्रस्ट हुन्छ। मनपरी ढंगले डबिङ गरिएको उक्त एनिमेसनको डबिङका बारेमा पाठक भन्छन्- 'मैले प्रतिलिपि अधिकारमा दर्ता गरेको उक्त थ्री-डी एनिमेसनलाई छाडा बनाउने कार्य कसले गऱ्यो भनेर म एक्लैले खोज्न सक्दिनँ। राज्यले सहयोग नगरेसम्म त्यसलाई कसले मिसयुज गऱ्यो भनेर थाहा पाउने प्रयाससम्म पनि गर्न सकिँदैन।' पाठकका अनुसार उक्त एनिमेसनको निर्माण गर्ने समूह 'फायरप्ले'ले लोककथामा आधारित 'थ्री-डी एनिमेसन' कार्टुन पनि बनाएको थियो। त्यसलाई पनि छाडा शब्दमा डबिङ गरी 'बाहुन' शीर्षकमा मोबाइलमार्फत नै सर्कुलेट गरिएको छ।


आयुर्वेदिक पद्धती द्वारा दिर्घरोगको अचूक उपचार

हाडजोर्नी तथा नसा: सबै किसीमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोर्नीहरु दुख्ने, डिस्क प्रोल्याप्स

पेट संवन्धी: ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु

मानसिक: डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि।

दिर्घरोगहरु: पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि।

यौन: सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग निःसन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ)

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु।

धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड भन्दा उत्तर मण्डिखाटार जाने बाटोमा
काठमाडौं फोन : ४३७९०९६, ४३७०५८६



The pioneer Air Hostess Training Institute in Nepal

Be an Air Hostess
Be a Flight Steward




Admission OPEN

After successful training we provide Job Placement Assistant in Domestic & International Airlines

FREE Facilities
Swimming · Airport Familiarization
Stationery · Uniform & Scarf

Highly experienced instructors
Licence holder from CAAN

Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030 E-mail: ahti@wlink.com.np



UN CIVPOL (SAT) Test preparation
को लागि (नेपाल प्रहरी र सशस्त्र प्रहरी को निम्ती)
Prem Swoveet द्वारा लिखित पुस्तक/CD: Eagle Eye
Listening comprehension (in American voices), Sample Reports & 60 Reading comprehensions
हाले प्रकाशित भई बजारमा आएको छ। Price: Rs. 280/-
Language books, cassettes, CDs & Videos also available here!
- OLC's Creative Publications, Bag Bazar, Near Ratnapark.
CIVPOL (SAT) Test Preparation new Classes are starting! Contact: O'seas Academy, 4-247897

Language / Computer
English: Elementary, Intermediate & Advanced courses, (Free books, Cassettes, audio-visual,& interactive classes...)
Computer: Basic/Advanced/Accnt./Graphic courses
TOEFL / IELTS / SAT/GRE Pre.
(Free Books/ CDs/ materials/ Lab & Online practice/ weekly tests)



Study Abroad: USA, UK, Canada, Australia .... Wide range of courses. Free counselling ....
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)



६ महिना मै +2
तथा Math / Science / Test नदिईकनै S.L.C.पास !!
Arts Commerce Science
(Nios Delhi Board)
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, A Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहिणीले घरमै पढेरै पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रजीमा परीक्षा दिन पाईने।
४/४ महिना मै IA/ICom Pass !!
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरूका लागि IA/ICom पास गर्ने सुवर्ण अवसर !!
अंग्रेजी, JAPANESE, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरू, साथै Tution for BBS, BA, +2, CBSE, A"Level and Computer Courses.
ओरियन एकेडेमी: सामाखुशी 4388400, 9851021071, चावहिल 2290690
डिप्लोम्याटिक एकेडेमी: ललितपुर 5549139, 9851021665, बनेपा 011-660994

# बहुचर्चित भिडियो क्लिपसहरूको वरिपरि

सुरेन्द्र प्रधान





चलचित्र अभिनेत्री तथा मोडलहरूको नितान्त व्यक्तिगत भिडियो क्लिप बाहिर आएपछि हाम्रो समाजको यौनप्रतिको धारणा छरस्पष्ट भएको छ। यस्तो सम्बन्धका कारण कसैलाई दण्ड सजाय दिनु उपयुक्त हुन्छ-हुँदैन, अहिलेको सबैभन्दा ज्वलन्त प्रश्न यही हो। हाम्रो समाजमा एघार-बाह्र वर्ष मात्र पुगेकी बालिकाले आफनो परिवारजनभन्दा बाहिरको कुनै पुरुषसँग बोल्दा आफनो वरिपरीको वातावरण हेरेर मात्र बोल्नुपर्ने बाध्यता भएको छ। यसले हाम्रो समाज महिलाहरूप्रति कति कठोर र नकारात्मक छ त्यसलाई स्पष्ट गर्छ। हाम्रो समाजले महिलालाई बाल्यकालदेखि नै उसको मनोबल तोडेर मानसिक रूपले अपाङ्ग बनाउँदै आएको छ। यस्तो सामाजिक वातावरणमा हुर्किएकी बालिकाले आफनो व्यक्तित्वको समूचित विकास कदापि गर्न सक्दिन। सामान्य रूपमा हेर्दा यस्ता घटना व्यक्तिगत जीवनसँग सम्बन्धित निजी घटनाजस्ता देखिए पनि त्यसबाट उत्पन्न प्रतिक्रियाले हाम्रो विरोधाभासपूर्ण सामाजिक मान्यताको चिरफार गर्नुपर्ने आवश्यकता देखिन्छ।

मानिसका लागि यौन पनि भोक, तिर्खा र निन्द्राजस्तै जैविक आवश्यकता भएकाले यौनलाई पनि मानवअधिकारभित्र राख्न थालिएको छ, अर्थात् यौनकृया गर्न पाउनु मानिसको नैसर्गिक अधिकार हो। मानिसबाहेक अन्य प्राणीले कपडा लगाएर गोप्य अङ्गहरूलाई ढाक्दैनन्, न त यौनकार्यलाई नै लुकाउँछन्। चेतना र विवेकलाई झिकिदिने हो भने मानिस पनि एउटा जनावर नै हो। त्यसैले त्यसको गुण मानिसमा पनि देखा पर्नु स्वाभाविक हुन्छ। फरक के मात्र छ भने अन्य प्राणीको यौन केवल सृष्टि सञ्चालनका लागि मात्र हो भने मानिसको सन्दर्भमा अधिकाशतः मनोरञ्जनका लागि हो, तर यौनले आनन्द मात्र दिँदैन, त्यससँगै यसले महिलाहरूको सन्दर्भ प्रसव व्यथाजस्तो असहनीय पीडा पनि दिन्छ, पुरुषले यौन पाउन महिलालाई खुसी पार्नुपर्ने हुन्छ र त्यसका लागि धेरै कुरामा बलिदान गर्नुपर्ने पनि हुनसक्छ।

मानिसमा भोक मात्र भए नखाएरै उसको अस्तित्व समाप्त हुन सक्थ्यो, त्यसैले प्रकृतिले खानाको स्वाद थाहा पाउने जिब्रोको व्यवस्था गरिदियो। त्यसैगरी सृष्टिका लागि यौनअंगको मात्र व्यवस्था गरेको भए मानवले यौनकार्य गर्ने थिएन, जसले सृष्टि नै समाप्त हुन सक्थ्यो। प्रकृतिले सृष्टिलाई कायम राख्न एक-अर्काप्रति अत्यन्तै आकर्षित हुने गरी स्त्री र पुरुषको निर्माण गऱ्यो। यति मात्र होइन, एक-अर्कालाई तीव्र रूपमा आकर्षित गर्ने भिन्न-भिन्न शारीरिक रचना, स्वरमा भिन्नता, बानी-बेहोरा र चरित्रमा भिन्नता, भावनामा भिन्नता र भिन्न-भिन्न यौनअङ्गको रचना र ती अङ्गहरूमा आनन्दको अनुभूति हुने व्यवस्था गर्नुको एउटै उद्देश्य हो– मानिस यौनकार्य गर्न बाध्य होस् र सृष्टिको कार्य निरन्तर रूपमा अघि बढोस्। यस अर्थमा मानिसको मनमा यौन भावना आउनु र यौनकार्य गर्नु भनेको प्रकृतिको आदेशको पालन मात्र हो। त्यसैले मानवजातिले आफ्नो विकासक्रममा रोक्नै नसकिने यौनलाई व्यवस्थित गर्न र त्यसबाट स्वभाविक रूपमा उत्पन्न हुने परिणामहरूलाई पनि व्यवस्थित तुल्याउन विवाह प्रणालीको विकास गरेको हो। यही कारणले विश्वप्रसिद्ध मनोविश्लेषक सिगमन्ड फ्रायडले विवाहलाई कानुनी वेश्यावृत्ति भनेका हुन्। जहाँ तत्कालीन कानुन र समाजले विपरीत दुई लिङ्गीलाई यौनक्रिया गर्न र सन्तान उत्पन्न गर्न अनुमति दिएको हुन्छ र ती दुई लिङ्गीले माता र पिताको दर्जा प्राप्त गर्छन्।

विश्वका प्रायः सबै धर्मले यौनलाई सकेसम्म नियन्त्रित गर्ने प्रयास गर्दै आएका छन् र विश्वका सबै धर्मले विवाहभित्रको यौन कार्यलाई मात्र स्वीकृति दिएका छन्, तर यो पनि सत्य हो कि धर्म, कानुन तथा समाजले विवाह प्रणाली खारेज गर्न सक्छ तर यौन कार्य रोक्न सक्दैन। यथार्थमा यौनकार्य पूर्णतः जैविक विषय भएकाले यसमाथिको नियन्त्रण असम्भव भएको हो। आजका पश्चिमा राष्ट्रहरूमा विवाहपूर्व नै सँगै बस्ने र सन्तान जन्माउने आमप्रवृत्तिले मानवजातिले विकास गरेको भनिएको विवाह प्रणालीको खिल्ली मात्र उडाएको छैन, यो अनावश्यक संस्कारका रूपमा समेत देखिन थालेको छ। स्वेच्छाले जोसँग पनि सम्बन्ध राख्न पाइने मान्यताको विकास हुँदै गएको छ। सिगमन्ड फ्रायडले मानवजीवनको मूल आधार नै यौनलाई मानेका छन्। उनका अनुसार एउटा स्वस्थ मानिस बन्न पानी, भोजन, निन्द्रा र यौन सबैको आवश्यकता हुन्छ। आजभन्दा झन्डै २ हजार ४ सय सय वर्षअघिका ग्रीक दार्शनिक प्लेटोले संसारको सबैभन्दा खराब संस्था विवाहलाई मानेका थिए। त्यसैले उनले आदर्श राज्यमा अरूका लागि सम्भव नभए पनि कमसेकम शाषकवर्गले विवाह गर्न नपाउने व्यवस्था हुनुपर्ने कुरा उल्लेख गरेका छन्।

अरू धर्मले जस्तै हिन्दू धर्मले पनि यौन संयम एवं ब्रह्मचर्यमा बल दिएको छ, तर संसारमा सृष्टिको कारक यौनलाई पूजा गर्ने हिन्दू धर्म मात्र हो। हिमालय पर्वतमा बसोबास गर्ने महादेवको लिङ्ग र उनकी पत्नी सतिदेवीको योनिको प्रतीक हो शिवलिङ्ग, जसलाई हामी पूजा गर्छौं। पशुपति र गुह्येश्वरी यसका साक्षात् रूप हुन्। हिन्दू धर्मशास्त्रहरूमा महिलाले समेत पुरुषसँग यौनयाचना गरेका सन्दर्भहरू प्रशस्त देख्न सकिन्छ। स्वर्गका राजा इन्द्रले सुन्दरी महिला अर्थात् अप्सराहरूलाई प्रशस्त प्रयोग गरेका छन्। त्यसैगरी उनले यौनका प्रतीक भगवान कामदेव र रतिदेवीलाई पनि उत्तिकै उपयोग गरेका छन्। महाभारतकालमा परासर ऋषिले मत्स्यगन्धालाई गंगा नदी तर्दा उनकै डुङ्गामा संसर्ग गरेका थिए जसबाट वेदव्यास जन्मिएका हुन्। हिन्दू मठ-मन्दिरका टुँडालहरूमा यौन आसनका विभिन्न रूप प्रत्यक्ष रूपमा देख्न सकिन्छ, जसलाई हाम्रो समाजले अश्लील मानेको छैन। ती मन्दिरमा हिन्दू महिलाहरू दैनिक पूजाआजाका लागि जान्छन्।

आजभन्दा झन्डै १ हजार ८ सय वर्षअघि यही भारतिय उपमहाद्वीपमा जन्मिएका वात्सायनले ८४ आसनसहितको कोकशास्त्र लेखे। एक्काइसौं शताब्दीका अर्का दार्शनिक ओशोले यौनलाई सर्वसुलभ र सहज बनाइनुपर्ने मान्यता राखे। मानव मनभित्र अतृप्त रूपमा रहने यौनवासनाका कारण मानवीय चेतनाको दुरुपयोग भैरहेको भनाइका कारण उनी भारतबाट मात्र होइन, अमेरिकाजस्तो मुलुकबाट समेत निकालिए। त्यस्तै युरोपमा सिगमन्ड फ्रायडले मात्र होइन, यस्तै मान्यता राख्ने बेलायतका पछिल्ला दार्शनिक बर्तन्ड रसेलले समेत कठोर आलोचना सहनुपऱ्यो। रसेलका अनुसार तत्कालीन बेलायती पुरुषहरू महिलाको कुर्कुच्चा मात्र देख्दा पनि उत्तेजित हुन्थे। अहिले बेलायती पुरुषको कुरा छाडिदिऊँ, नेपालका पुरुष समेत ब्रा र पेन्टीमा मात्र सजिएकी महिलालाई पनि सामान्य रूपमा लिन थालेका छन्। जननेता बी.पी कोइरालाले नरेन्द्र दाइ र तीन घुम्तीजस्ता आफना उपन्यासमार्फत यौन स्वतन्त्रताको वकालत गरेका छन्। नेपालकी एक प्रसिद्ध महिलावादी लेखिकाले पनि एक अन्तर्वार्तामा आफू सधैं आफ्नो पतिमाथि रहेर यौनसम्पर्क गर्ने गरेको खुलासा गरेकी थिइन्। विश्वप्रसिद्ध महिलावादी फ्रान्सेली महिला साहित्यकार सिमोद दि वाउवारले आफनो पुस्तक The Second Sex मा महिला यौन स्वतन्त्रताका सम्बन्धमा जोडदार वकालत गरेकी छिन्। आजका मानवशास्त्रीहरूका अनुसार मानवीय चेतनाको उच्चतम विकासका लागि यौन स्वतन्त्रता आवश्यक छ। उनीहरूको भनाइअनुसार मानवसमाजले यसमाथि नियन्त्रण गर्ने प्रयास गर्दै आएका कारण मानवीय चेतनाको सम्भावित विकासलाई अवरुद्ध तुल्याएको छ।

जहाँसम्म चर्चामा रहेका भिडियो क्लिपहरूको प्रश्न छ, अविवाहित कुमारी युवतीले उन्मुक्त शैलीमा शारीरिक सम्बन्ध राख्नु हाम्रो परम्परागत मान्यताको ठाडै विपरीत छ। युवतीहरू आफ्ना प्रेमीलाई खुसी पार्न त्यस्तो शैलीमा प्रस्तुत भएजस्ता देखिन्छन्। प्रकृतिका दृष्टिमा तिर्खाएको समयमा पानी खानका लागि गिलास मुखमा राख्नु र यौनइच्छाको समयमा आफ्नो पुरुष साथीको लिङ्ग समाएर आफ्नो योनिमा राख्नुको एउटै अर्थ छ। त्यो कार्यले पूर्णतः स्वस्थ युवतीको संकेत गर्छ। यो प्रकृतिप्रदत्त कार्य हो। यस अर्थमा त्यहाँ हाम्रो यौनसम्बन्धी सामाजिक मान्यता मात्र तोडिएको छ, किनभने उनीहरू विवाहित होइनन् र ती पुरुष उनीहरूका पति पनि होइनन्। हाम्रो सामाजिक मान्यताअनुसार पतिबेगरको सम्बन्ध अश्लील हो। यही अर्थमा युवतीहरू दोषको भागीदार भएका हुन्। यो दोषबाट बच्ने एक मात्र विकल्प हुनसक्छ, त्यही पुरुषसँग विवाह।

जहाँसम्म भिडियो क्लिपका कारण समाजमा जस्तो धारणा बन्न पुग्यो त्यसका बारेमा हामीले सही विश्लेषण गर्नैपर्छ। कुनै पनि व्यक्तिको त्यस्तो व्यक्तिगत व्यवहार सार्वजनिक हुने हो भने कसैप्रति पनि हाम्रो श्रद्धा समाप्त हुन सक्छ। आफ्नै माता-पिताप्रतिको श्रद्धा पनि समाप्त हुन्छ। मूल प्रश्न के हो भने यौनका आधारमा व्यक्तिको मूल्याङ्कन कत्तिको यथार्थ र वैज्ञानिक हुन सक्छ? के यौनश्रद्धा वा अश्रद्धा, ठीक वा बेठीक हुन सक्छ? श्लील अश्लील हुन सक्छ?

के बुझ्नु आवश्यक छ भने कठिन मेहनत र परिश्रमबाट बनेको सार्वजनिक छविका कारण यस्तो सम्बन्ध यति ठूलो समस्याका रूपमा आएको हो। यो निश्चित रूपमा उनीहरूको सफलताका कारण उब्जिएको समस्या पनि हो। रातारात हजारौंको सख्यामा यस्ता क्यासेटको प्रसारले उनीहरूको प्रसिद्धि कति रहेछ त्यो पनि देखियो। प्रशंसकहरू आफ्ना सेलीब्रेटीलाई त्यो रूपमा देख्न चाहँदा रहेनछन् भन्ने पनि बुझ्नु आवश्यक छ। सार्वजनिक जीवनमा प्रवेश गरेपछि अपनाउनुपर्ने व्यवहार उनीहरूले बुझेको देखिएन। यस्तो कठिन समयमा उनीहरूको समर्थनमा बोल्ने कुनै महिलावादीसमेत अगाडि आएको देखिएन। सभम्वतः यस्तो विषयमा बोल्दा आफू पनि समाजबाट अलग्गिने सम्भावनाका कारण यस्तो भएको हुनुपर्छ।

जर्मन दार्शनिक कोपरनिकसले पहिलोपल्ट पृथ्वीको वरिपरि सूर्य होइन, पृथ्वी सूर्यको वरिपरी घुम्छ भन्दा उनलाई तत्कालीन समाजले घोर अपराधी ठहर गर्दै उनको जिउँदै छाला काढेर मारेको थियो। कतै हामीले यस्ता विषयमा पनि त्यस्तै निर्णय त गरिरहेका छैनौं? किनभने आउँदो दुई-तीन दशकभित्रै यस्तो कार्यलाई यही हाम्रो समाजले सामान्य रूपमा लिनेछ। उनीहरूले आफ्नो देश र समाजको अहित हुने कुनै कार्य गरेका छैनन। आफ्नो यौनइच्छा कहिले, कोसँग र कसरी पूरा गर्ने हो त्यो सर्वथा व्यक्तिगत अधिकार हो। यो अधिकारको हामीले सम्मान गर्नुपर्छ, तर यसको अर्थ कदापि यो होइन कि सबैका छोराछोरीले त्यस्तै गरून्, निश्चित रूपमा यो ठूलो मानवीय भूल हो।

हामीले व्यक्तिको प्रतिभा हेर्नुपर्छ र प्रतिभाशाली व्यक्तिलाई अघि बढ्ने वातावरण बनाइदिनुपर्छ। पूर्व अमेरिकी राष्ट्रपति बिल क्लिन्टनको आफ्नै कर्मचारी मोनिका लेबेन्स्कीसँगको शारीरिक सम्बन्धका कारण उनले महाभियोगको सामना गर्नुपर्नेसम्मको अवस्था आयो। बिल क्लिन्टनले कसैसँग शारीरिक सम्बन्ध राखेका कारण नभै उनी राष्ट्रपति बिल क्लिन्टन भएकाले कारबाही हुनुपर्ने खासगरी रिपब्लिकनहरूको मान्यता थियो। राष्ट्रपति देशको आदर्श हुने भएकाले उसको चरित्र अन्य व्यक्तिको भन्दा उच्च हुनुपर्ने मान्यताका आधारमा उनीमाथि कारबाहीको माग गरिएको थियो, तर अमेरिकी जनताले उनकी श्रीमतीलाई आपत्ति छैन भने हामीले किन आपत्ति? अनि क्लिन्टनले आफ्नो कार्यभार राम्रैसँग सञ्चालन गरिरहेका छन् भने उनी कसरी दोषी हुन्छन् भन्ने आधारमा उनलाई माफी दिइयो। हामीले हाम्रो सन्दर्भमा पनि यसरी नै मूल्याङ्कन गर्ने हो कि? यौनलाई कति खुला राख्ने भन्ने विषयमा मानवसमाज सदैव विभाजित हुँदै आए पनि यौनलाई मानव प्रतिभाबाट निरपेक्ष राख्ने हो कि?

***लेखक नेपाल स्कोन्डिनेभिया अध्ययन केन्द्रका महासचिव, नेपाल रूस चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका अवैतनिक सचिव, विजय मल्ल स्मृति समाजका कार्यकारी सदस्य तथा नाडा अटो न्यूज (नेपाल अटोमोवाइल डिलर्स एशोसिएशनअन्तर्गत प्रकाशित) का सम्पादक हुन्।***

# सोनीको डिजिटल क्यामेरा




गुणस्तरीय फोटो तथा भिडियो खिच्न उपयुक्त सोनी कम्पनीको डिजिटल क्यामेराले हालै नेपाली बजारमा प्रवेश पाएको छ। टी- ९०० मोडलमा उपलब्ध यो क्यामेरा १२ दशमलव १ मेघापिक्सल क्षमताको छ। फोर एक्स अप्टिकल जुम, ३ दशमलव ५ इन्च चौडाइको एलसीडी टच प्यानल, एचडी मुभी खिच्न सक्नु यसका थप विशेषता हुन्। लगातार तीव्र गतिमा फोटो खिच्न सक्नु र गुणस्तरीय भिडियो रेकर्ड गर्न सक्नु क्यामेराको आकर्षण हो। हेर्दा सानो र छरितो देखिने यो क्यामेराको नेपाली बजार मूल्य ३८ हजार ९ सय ९९ रुपैयाँ छ। क्यामेराको खरिदमा ४ जीबीको मेमोरी कार्ड सित्तैंमा पाइन्छ।

# हराए पनि चिन्ता नहुने मोबाइल

फ्रान्सस्थित सेजम कम्पनीले निर्माण गरेको ब्ला ब्रान्डका ६ किसिमका मोबाइल सेट इस्टेल नेटवर्कले नेपाली बजारमा भित्र्याएको छ। विभिन्न मोडलका यी सेटको मुख्य विशेषता भनेकै मोबाइल हराए पनि हराएको मोबाइलमा रहेका सूचनाहरूलाई तान्न सक्नु हो। कम्पनीका अनुसार यो ब्रान्डका सबै मोबाइल सेटमा रहेको सफ्टबेयरमा मोबाइल हराए सूचना दिने नम्बर राखेको खण्डमा हराएको मोबाइल सेटलाई अर्कै सिमकार्ड राखेर चलाए पनि प्रयोगकर्ताको नम्बरसमेत हराउने व्यक्तिले पहिले राखेको नम्बरमा एसएमएसका रूपमा आउँछ। ५६८ एक्स मोडलको मोबाइल सेटमा दुईवटा जीएसएम सिम कार्ड जडान गर्न सकिन्छ। कि प्याड भए पनि यसलाई टच स्क्रिनबाट पनि चलाउन सकिन्छ। १ दशमलव ३ मेगापिक्सेलको क्यामेरायुक्त यो सेटले स्टिल फोटो र भिडियोसमेत खिच्न सक्छ। यसमा एफएम रेडियो सुन्न मात्र होइन, एफएमबाट प्रसारण भएका गीत-संगीत तथा सूचनाहरूलाई रेकर्डसमेत गर्न सकिन्छ। एडप्टरबाहेक कम्प्युटरको युएसबी पोर्टबाट समेत चार्ज गर्न सकिने यो सेटको नेपाली बजार मूल्य ८ हजार ९ सय ९० रुपैयाँ छ।






# गोजी बोक्न सकिने स्पिकर

कामकाजका सिलसिलामा वा कतै घुमफिर गर्दा पनि मानिसहरू संगीतको साथ खोज्छन्। मोबाइल, आइपोड, वाकम्यान आदिबाट संगीत सुन्दै हिंड्नेहरूका लागि सानो आकारको स्पिकर नेपाली बजारमा उपलब्ध छ, जसलाई गोजीमै बोकेर हिंड्न सकिन्छ। एसपी १०२ के मोडलको यो आइपोड गोलाकार छ। ३६ एमएमको यो स्पिकर १ घण्टा चार्ज गरेपछि ४ घण्टासम्म चलाउन सकिन्छ। हत्केलामै अट्ने यो स्पिकरको तौल ५० ग्राम मात्र छ।

# भिडियो खिच्न सक्ने आइपोड




संग्रहित भिडियो हेर्न एवं गीत सुन्न मात्र होइन, भिडियो खिच्नसमेत सकिने आइपोड नेपाली बजारमा भित्रिएको छ। एप्पल कम्पनीले उत्पादन गरेको यो आइपोडबाट गुणस्तरीय भिडियो रेकर्ड गर्न सकिन्छ। विभिन्न आकर्षक रंग तथा स्लिम बनावटको यो आइपोडबाट एफएमसमेत सुन्न सकिन्छ। ८ जीबी मेमोरीसहितको यो आइपोडको नेपाली बजार मूल्य १६ हजार रुपैयाँ छ।

# कुकिङ रेन्ज

इटालीमा निर्मित इलिवा ब्रान्डको कुकिङ रेन्ज नेपाली बजारमा भित्रिएको छ। सामान्यभन्दा ३० प्रतिशत कम ग्याँस खपत गर्नु नै यसको खास विशेषता हो। खानालगायत कुनै पनि पकावन बनाउने सम्पूर्ण सुविधासहितको यो कुकिङ रेन्जको कुनै पनि सामग्री बिग्रिए यसको बिक्री केन्द्रबाट साटफेर गर्न सकिन्छ। विभिन्न आकारका खाना पकाउने चुलो, ओभन तथा डिसवार्मसहितको कुकिङ रेन्जको नेपाली बजार मूल्य ५० हजार रुपैयाँ छ।







# अफर कसले गर्ने ?

तिहारताका काठमाडौंमा झुल्किएकी मनीषा कोइरालाका दुई अभिव्यक्ति चर्चामा रहे। पहिलो- 'म नन पोलिटिकल मानिस, राजनीतिमा आउँदिनँ।' दोस्रो- 'म नेपाली चलचित्रमा काम गर्न चाहन्छु, तर अफर आएको छैन।' अनलाइन इनसाइक्लोपिडिया विकिपिडिया डटकमलाई आधार मान्ने हो भने मनीषा ३९ वर्षकी भइन्। सामान्यतया ३० काटेपछि नायिकाहरूको उमेर ढल्किएको मानिन्छ। सन् १९९१ मा २१ वर्षको उमेरमा बलिउडमा प्रवेश गरे पनि सन् २००० देखि बलिउडमा उनको माग घट्दै गएको देखिन्छ। पाँचवटा फिल्मफेयर एवार्डकी विजेता मनीषा अचेल बलिउडमा फरक धारका चलचित्रमा फाट्टफुट्ट अभिनय गरिरहेकी छिन्। १९ वर्षअघि एक मात्र नेपाली चलचित्रमा अभिनय गरे पनि बलिउडमा चर्चामा रहुन्जेल उनले नेपाली चलचित्रमा अभिनय गर्ने वा नेपाली चलचित्र बनाउने विचारसम्म पनि गरिनन्। व्यस्तताले पनि हुन सक्छ, तर अहिले उनी फुर्सदमा छिन्, विवाह गरेकी भए सन्तान खेलाएर समय व्यतीत गर्थिन् होला। अहिले उनी केही सामाजिक संस्थामा आबद्ध भएर समय कटाउने मेसो बनाइरहेकी छिन्। अब आएर उनलाई नेपाली चलचित्रमा अभिनय गर्ने रहर जागेछ। यो उमेरमा उनलाई नायिका त होइन, आमाको भूमिकामा कसैले प्रस्ताव गर्न सक्छ, तर प्रारम्भ कसले गर्ने ?



# विकनीको रहर

चलचित्र 'कन्यादान' को छायांकन सकेर प्रहारमा व्यस्त हुने तयारी गरिरहेकी नायिका शुभेच्छा थापालाई अहिले पनि कतिपयले प्रेम-प्रस्ताव राख्छन्। त्यस्ता प्रस्तावलाई उनले 'म विवाहित हुँ, बच्चा पनि छ' भनेर टार्ने गरेकी छिन्। हो पनि, शुभेच्छा नायिका झरना थापाकी जेठानी हुन्। अहिले पनि टिनएजर लुकमा प्रस्तुत हुन रुचाउने शुभेच्छाका अनुसार उनी ग्ल्यामरस भूमिकाको खोजीमा छिन्। प्रेमविवाह भए पनि विवाहअघि सेक्स नगरेको बताउँदै लामो हाँसो हाँस्ने शुभेच्छा अहिले विवाहित नायिका नै बढी चलेकाले आफ्नो विवाहले करियरमा कुनै बाधा खडा नगर्ने कुरामा विश्वस्त छिन्। सहयोगी दृष्टि साप्ताहिकलाई अन्तर्वार्तामा दिँदै शुभेच्छाले भनेकी छिन्– 'स्वीमिङ सुट र विकनीमा प्रस्तुत हुन कुनै आपत्ति छैन ?' भनेपछि छ कोही निर्माता-निर्देशक ?



तस्बिर : नेट नसा डटकम

# मरुभूमिमा सुन्दरी

आयुषा कार्की मिस टिन भइन्। त्यसपछि मिस वर्ल्ड युनिभर्सिटी नेपालको मुकुट लगाएर अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी भइन्। मिस नेपालमा पनि सहभागी भैसकेकी कार्कीलाई म्युजिक भिडियो, चलचित्र, विज्ञापन आदिबाट मोडलिङका अनेकौं प्रस्ताव आए। किन हो किन, उनले ती प्रस्ताव स्वीकार गरिनन्। अर्की सुन्दरी छिन् सौन्दर्यविद् स्नेहा राणा। उमेरले चार दशक कटे पनि उनको सौन्दर्य भर्खरकी युवतीको भन्दा कम छैन। अहिले थाहा भयो कि उनको रूप मात्र होइन, स्वर पनि कोकिल छ।

गायक कमलमान सिंहले यी दुवैको सम्मिश्रण तयार पारेका छन्, त्यो पनि राजस्थानको मरुभूमिमा। आफ्नो संगीतमा उनले स्नेहा राणालाई एउटा गीत गाउन लगाए र त्यो गीतको म्युजिक भिडियोमा पहिलो पटक सुन्दरी आयुषा कार्कीलाई अभिनय गराए। राजस्थानको चुरुमा खिचिएको उक्त म्युजिक भिडियो खर्चिलो त हुने नै भयो। दुई सुन्दरीको सहारा लिएका कमलले नै भिडियोको निर्देशन पनि गरेका छन्। कमलको यो प्रयासले चर्चा पनि पाओस्, शुभकामना।

तस्बिर : नेट नसा डटकम



# राजको तर्क

नायक राजवल्लभ कोइरालाले गत महिना एक पत्रिकासँग यौनका बारेमा खुलस्त कुरा गरे। तार्किक जवाफ दिन माहिर राजले यौनका बारेमा पनि तर्कसंगत जवाफ दिएका छन्। यौनका सम्बन्धमा उनको एउटा तर्क यस्तो छ- 'यौन मानिसको वंशलाई निरन्तरता दिने प्रक्रिया हो। मानिसअनुसार यसप्रतिको दृष्टिकोण फरक-फरक हुन्छ। कसैले यसलाई आनन्दका रूपमा लिन्छन्, कसैले व्यवसायका रूपमा पनि लिएका छन् त कसैले मायाको गुणनका रूपमा। म भने यौनलाई आध्यात्म र मनसाग जोडेर हेर्छु। यौन मन र शरीरको मिलन हो। स्त्री र पुरुषको मिलन मात्र सेक्स होइन। यौनसम्बन्ध स्थापनाका लागि मन र मनको मिलन हुनुपर्छ।' कति दार्शनिक व्याख्या ? आफू युवा भए पनि उनलाई अहिलेका युवापुस्ताको यौन आचरण मन परेको रहेनछ। त्यसैले उनले भनेका छन्- 'आधुनिकता र भौतिक विकाससागै मानिसले मनको विकास पनि खोजिरहेको छ। युवापुस्ता यौनमा उदारता खोजिरहेको छ। आफ्नो संस्कृति र परम्पराको परिधि नाघेर स्वतन्त्रता खोजेको पनि पाइएको छ, जसले यौनको सकारात्मकभन्दा नकारात्मक पक्ष बढी उजागर भएको छ। अति उदारताले घातक परिणाम निम्त्याउन सक्छ। त्यसैले युवापुस्ता यसमा सजक हुनु जरुरी देख्छु।' यति मात्र हो र ? उनले पहिलो गर्लफ्रेन्डसँग यौनको अनुभव सँगालेको कुरा पनि गरेका छन्। ती विदेशी गर्लफ्रेन्डसँगको यौन अनुभवलाई उनले यसरी बताएका छन्- 'कौतूहलताको हरेक उत्तर मैले पाए। आममानिसले जस्तो अनुभव गर्छ त्यस्तै भयो।'

# सर्प देखेर डराइन् रेखा

'म त विराटनगरको मान्छे हुँ, सर्पसँग पटक्कै डर लाग्दैन।' रेखा थापा आफ्ना छेउछाउमा उभिएकाहरूलाई भन्दै थिइन्। रेखाको कुरा सुनेका सपेराले पनि सोचे होलान्, 'खासै गाह्रो हुने भएन।' जब खैरो सर्प रेखाको अगाडि आइपुग्यो क्रमशः डराएजस्तो गरिन् उनले, 'हेर्न पो डर लाग्दैन त, समाउन त डर लागिहाल्छ नि।' खास कुरा भनिन् रेखाले। नायिकालाई डर लागोस् कि नलागोस्, सर्प हातमा लिएर नाच्नैपर्ने बाध्यता थियो, 'ल ल रेखा, नडराई समाऊ।' नृत्य निर्देशक वसन्त श्रेष्ठले उर्दी जारी गरे। भित्रभित्रै डर लागे पनि रेखाले पटक्कै डर नलागेजस्तो गर्दै नाचिन्। ऋषि लामिछानेद्वारा निर्देशित चलचित्र 'आफ्नो मान्छे आफ्नै हुन्छ' को सुटिङको अन्तिम दिनको दृश्य यस्तै थियो। गीतलाई राम्रो बनाउन नायिकाले हातमा सर्प लिंदै नाच्नुपर्ने भए पनि अहिलेसम्म सर्पसँग जम्काभेट नभएकाले आफूलाई सर्प देखेर डर लागेको रेखाले बताइन्।





तस्बिर : नवराज बाग्ले

## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २५ वर्षीया प्लस टु उत्तीर्ण अविवाहित युवती हुँ । हाल एक गैरसरकारी सामाजिक संस्थामा कार्यरत छु । म आफ्नो खुट्टामा आफैं उभिने लक्ष्यका साथ स्नातक अध्ययन गरिरहेकी छु र आठ–दस वर्षसम्म विवाह नगर्ने सोच छ । पाँच वर्षअघिको कुरा हो, गाउँकै एक जनाले मेरो घरको कोठामा कोही नभएको अवस्थामा मलाई जबरजस्ती गरेको थियो । त्यसबखत अरूले थाहा पाए इज्जत जाने डरले कसैलाई केही भन्न सकिनँ । केही दिनसम्म साह्रै पीडा अनि मानसिक तनाव भयो । केही महिनापछि एक किसिमको काउकुतीजस्तो अनुभूति हुँदै यौनचाहना बढेर आयो । सहनै नसकी छटपटीमै विपरीत लिंगीप्रति नजिक हुन मन लाग्यो । यसै क्रममा धेरै केटा साथी (बढीजसो विवाहित पुरुष) सँग आकर्षित हुँदै घनिष्ठता बढ्यो । यसबीच दिदीका श्रीमान् (भिनाजु) सँग पनि लगातार एक–दुई हप्ता बिराएर सम्बन्ध राखिरहेकी छु । मलाई भिनाजुले निकै माया गर्नुहुन्छ । म पनि उहाँलाई माया गर्छु । उहाँले धेरै पटक विवाहको प्रस्ताव पनि राख्नुभयो, तर मैले विवाह होइन, माया र शारीरिक इच्छापूर्तिमा मात्र सीमित राखौं भनेकी छु । त्यसमा उहाँ सहमत हुनुहुन्छ, तर मलाई डर छ, भविष्यमा यसले केही नराम्रो प्रभाव पार्ला कि ? म के गरूँ ?**

**–म**

तपाईंलाई केही नराम्रो होइन, धेरै नराम्रो प्रभाव पर्ने डर छ। त्यसैले समयमै सतर्कता अपनाएर जीवनशैली नै परिवर्तन गर्नतर्फ लाग्नु उचित हुन्छ। आफ्नो खुट्टामा आफैं उभिने अठोट लिएकी तपाईंजस्ती महिला यस प्रकारले गलत बाटोतर्फ उन्मुख हुनुभयो भने भविष्य अन्धकार हुने सम्भावना छ। जीवनमा एकपटक नराम्रो घट्ना घट्यो, आफ्नो इज्जतका खातिर दोषीलाई सजाय दिनेतर्फ सोच्न सक्नुभएन। तपाईं नजानिँदो पाराले आफ्नै दिदीको इज्जत पनि लुटिरहनुभएको छ। यदि तपाईं र उनका श्रीमान्बीचको सम्बन्ध कथंकदाचित खुलेर बाहिर आयो भने तपाईंकी दिदीको अवस्था कस्तो होला ? यो स्तम्भमा हामी प्रेम-समस्याका समाधान खोज्ने प्रयत्न गर्छौं। तपाईंको समस्या प्रेम-समस्या होइन, यो सामाजिक समस्या हो। यदि तपाईंको क्रियाकलापबाट पर्दा उठ्यो भने साली र भिनाजुबीचको सम्बन्धलाई समाजमा शंकाका दृष्टिकोणले हेरिनेछ। यदि तपाईं आफ्नो उज्ज्वल भविष्य चाहनुहुन्छ भने आठ-दस वर्ष पर्खने होइन, तत्काल कुनै सुहाउँदो युवक खोजेर विवाह गर्नुहोस्। त्यसबाट तपाईंको शारीरिक तथा मानसिक आवश्यकता पूरा हुनेछ। विवाह गरेर पनि आफ्नो लक्ष्यमा सफल भएका अनेकन महिला हाम्रो समाजमा छन् अनि भिनाजुसँगको सम्बन्धमा आजैका मितिबाट पूर्णविराम लगाउनुहोस्। सकिन्छ भने केही समयका लागि उनको नजरबाट टाढा जानुहोस्। फेरि अन्य मानिसहरूसँग पनि आकर्षित हुने गरेको बताउनुभएको छ, जताततै जो पायो त्यहीसँग सम्बन्ध राख्दै हिंड्नुभयो भने त झनै समस्यामा पर्ने डर रहन्छ। समयमै आफ्नो चाहनामा लगाम लगाउनु नै उचित हुन्छ।

## ● फिल्मी खबर ●

### रायमाझीको लभस्टोरी

निर्देशक दीपक रायमाझीद्वारा निर्देशित चलचित्र 'लभस्टोरी- २०६६' को सम्पादनकार्य सम्पन्न भएको छ। हाल स्वराङ्कन भैरहेको यो चलचित्रका निर्माता विक्रम गिरी हुन्। चलचित्र 'लभस्टोरी-२०६६' मा लेखन मदन ताम्राकार, गीत राजेन्द्र थापा, दयाराम पाण्डे तथा नरेश भट्टराई, संगीत चेतन सापकोटा, नृत्य वसन्त श्रेष्ठ र राजु शाह तथा द्वन्द्व एनबी महर्जनको छ। प्रेमकथामा आधारित यो चलचित्रमा निखिल उप्रेती, अर्जुन कार्की, जयकिशन बस्नेत, सञ्जिता गुरुङ, पूजा लामा, ममता आदिले अभिनय गरेका छन्।

### गीतकारको चलचित्र

गीतकार भूपेन्द्र खड्काले नेपाली चलचित्र 'स्वर' निर्माण गर्ने घोषणा गरेका छन्। भूपेन्द्र खड्काकै परिकल्पनामा निर्माण गर्न लागिएको यो चलचित्र संगीतमय हुनेछ। चलचित्रको निर्देशन प्रसन्न पौडेलले गर्नेछन्। चलचित्रमा विदुर पाण्डेको छायांकन रहनेछ। मंसिरको पहिलो सातादेखि चलचित्रको छायांकन प्रारम्भ गरिने बताइए पनि अहिलेसम्म चलचित्रका नायक-नायिकाको छनौट गरिएको छैन। मनीष राजभण्डारी, सुरेन बलामी तथा रविराज अर्यालको लगानीमा निर्माण हुन लागेको यो चलचित्रमा नयाँ पुस्ताको कथा प्रस्तुत गरिनेछ। चलचित्रमा सुगम पोखरेल, सत्यराज आचार्य तथा स्वरूपराज आचार्यको संगीत रहनेछ भने सुगम पोखरेल, सत्यराज आचार्य, स्वरूपराज आचार्य, अन्जु पन्त, सन्तोष लामा आदिले स्वर प्रदान गर्नेछन्। चलचित्रमा ८ वटा गीत समावेश गरिनेछ।



तस्बिर : नोट नरम ढकाल






## सात वर्ष कान्छो ?

३४ वर्षको उमेरमा पनि आफूलाई 'मेन्टेन' गर्न सक्षम बलिउडकी 'सेक्सी' नायिका शिल्पा सेट्टीले विवाह गर्न लागेको कुरा बासी भैसकेको छ। गत अक्टोबर २४ तारिखका दिन उनले आफ्नो प्रेमी राज कुन्द्रासँग औंठी साटासाट गरिन्। लन्डनका धनीहरूमध्ये १ सय ९८औं स्थानमा रहेका भारतीय मूलका यी व्यापारीको 'दिल' करोडौं युवाको ढुकढुकी बनेकी शिल्पाप्रति 'फिदा' भएछ। उद्योगधन्दामै व्यस्त राजले जीवनको सत्ताइसौं वसन्त पार गरिसकेका छन्, एक वेबसाइटका अनुसार उनी शिल्पाभन्दा सात वर्ष कान्छा छन्। तर सँगै बस्दा भने उनी शिल्पाभन्दा दुई-चार वर्ष जेठा नै देखिन्छन्। माया बसेपछि कान्छो होस् वा जेठो, जात मिलोस् कि नमिलोस् मतलब हुँदो रहेनछ। बलिउडका नायिकाहरूको हकमा भने केटा सम्भ्रान्त परिवारको हुनुपर्‍यो अथवा सम्पन्न हुनुपर्‍यो। यो त भयो शिल्पा र राजको विवाहको एउटा पाटो। अर्को पाटो पनि छ, उनीहरू आगामी नोभेम्बरमा विवाह-बन्धनमा बाँधिँदैछन्, यो कुरा पनि बासी भैसकेको छ। नयाँ कुरा के भने उनीहरूको विवाह कार्यक्रम मुम्बई नजिकको 'हिल स्टेसन' खण्डालास्थित राजका एक मित्रको 'फार्म हाउस'मा गर्ने तयारी भैरहेको छ। वैवाहिक कार्यक्रममा शिल्पाकी आफ्नै बहिनी तथा नायिका समिता सेट्टीको उपस्थिति नहुन सक्छ। समिता रियालिटी सो 'बिग बोस'मा सहभागी छिन्। उनी विगत एक महिनादेखि बाहिरी दुनियाँका गतिविधिहरूबाट टाढा एउटा घरमा बन्द अवस्थामा छिन्। सम्भवतः समितालाई असाध्यै मिल्ने आफ्नी दिदीको इन्गेज्मेन्ट भैसकेको कुरा पनि थाहा छैन। 'कन्ट्र्याक्ट' अनुसार उनी 'भोटिङ आउट' नभएसम्म बाहिरी संसारको सम्पर्कमा आउन पाउनेछैनन्। पूरै कार्यक्रममा उनको सहभागीता भैरहने हो भने आगामी डिसेम्बर महिनासम्म उनी बाहिर आउन पाउँदिनन्। आउनै पाइनन् भने...?

## ऋणमा पामेला

चर्चित टेलिभिजन श्रृंखला 'बेवाच' की कामुक नायिका पामेला एन्डरसन ४२ वर्षकी भइन्। बढ्दो उमेरसँगै उनको जीवनमा नयाँ-नयाँ समस्या थपिँदै गएका छन्। हालै मात्र उनले आफ्नो जीवनकै सबैभन्दा गम्भीर रहस्य खोलेकी छिन्। पामेलाका अनुसार उनी आफ्नो सपनाको महल बनाउने ध्याउन्नमा उम्किनै नसकिने ऋणमा डुबेकी छिन्। घर निर्माण गर्ने क्रममा बैंकहरूबाट लिएको ऋण यति धेरै छ कि उनलाई दैनिक जीवनयापन गर्नका लागि आवश्यक



रकमकै अभाव हुन थालेको छ। उनले ऋणकै कारण जीवनभरिको मेहनतबाट तयार पारेको महल नै बेच्नुपर्ने त होइन भन्ने स्थितिसमेत आइसकेको छ। यतिबेला उनी आफ्नो महल परिसरमै स्वीमिङ पुल निर्माण गरिरहेकी छिन् जसमा प्लाटिनमको प्रयोग गरिएको छ। पामेलाका अनुसार घर निर्माणका लागि उनीसँग ३० लाख अमेरिकी डलर थियो, तर अहिले घरको बजेट बढेर धान्नै नसकिने भएको छ।

## टपलेस र किसिङ

पोस्टरमा हेर्नुहोस्, के देख्नुभयो ? सार्वजनिक हुने क्रममा रहेको चलचित्र 'कुर्बान'को यो पोस्टरमा नायक सैफअली खान अर्धनग्न छन्। नायिका करिना कपुरको पोजलाई के भन्ने ? अर्धनग्न वा 'टपलेस' वा दुवै ? पक्कै पनि यो करिनाको 'टपलेस पोज' हो। करण जौहरले निर्माण गरेको यो चलचित्रमा बलिउडका 'बिन्दास' प्रेमजोडी भनेर चिनिएका करिना र सैफले उत्पातै गरेको खबर छ। चलचित्र चलाउन जे-जस्तो जुक्ति पनि अपनाइने बलिउडमा करिनाको अर्धनग्न पोजलाई चर्चामा नल्याउने त कुरै भएन। उक्त पोस्टर सार्वजनिक भएयता बलिउडको चलचित्र बजार निकै तातेको छ। तात्नुपर्ने भन्दा बढी तातेपछि चलचित्रका निर्देशक रेनसिल डिसिल्भाले वक्तव्य नै निकाल्नुपर्‍यो- 'करिनाको त्यो पोज टपलेस होइन, ब्याकलेस हो र यो दृश्य चलचित्रमा पनि हेर्न पाइनेछ।' चलचित्र चलाउन उनीहरूले एउटा मात्र बखेडा गरेका छैनन्। चलचित्रमा सैफ र करिनाबीच एउटा किस सिन पनि छ। भनिन्छ, उक्त दृश्य बलिउडका चलचित्रहरूमा देखाइएका किस सिनमध्ये सबैभन्दा लामो हो। अब किसिङ र टपलेसले पक्कै पनि दर्शक सिनेमा घरमा ओइरेलान नि ?



## विवाह गर्नुपर्ने कारण



हलिउड नायिका विट्नी हट्सन समलिंगी भएको समाचार सार्वजनिक भएको धेरै भएको छैन। महिला समलिंगीको आरोप लागेपछि त्यसलाई खण्डन गर्न उनले अनेकौं उपाय रचिन् तर कुनै पनि उपाय काम लागेनन्। आफ्नो करियरलाई बेवास्ता गर्दै आफू समलिंगी भएको आरोपबाट मुक्ति पाउन उनले बबी ब्राउनसँग विवाह नै गरिन्। बिडम्बना विट्नी तथा बबीको वैवाहिक जीवन लामो समयसम्म टिक्न सकेन। अन्ततः २००७ मा उनीहरूको सम्बन्ध-विच्छेद भए पनि विट्नीका श्रीमान् बबीले उनलाई बिर्सन सकेका छैनन्। भर्खरै सार्वजनिक भएको आफ्नो पुस्तकमा बबीले लेखेका छन्– 'म सधैं तिमीलाई माया गरिरहनेछु।' त्यसो त विट्नी र बबीको वैवाहिक जीवन प्रारम्भ हुनुअघि नै विट्नी आफ्नै सहायक रोबिन क्राफोर्डसँग शारीरिक रूपले नजिकिएको हल्ला चलेको थियो। पछिल्लो समयमा विट्नी एकल जीवन बिताइरहेकी छिन्।



## बोरिङ टिनएज

'जब टिनएजर थिएँ, म सिनियर कक्षाका केटाहरूलाई मन पराउँथें। त्यतिबेला मेरा कोही ब्वाइफ्रेन्ड थिएनन् किनभने मैले मन पराए पनि केटाहरूले मलाई मन पराउँदैनथे। म साधारण टिनएजर थिएँ तर म क्युट केटाहरूलाई मन पराउँथें। मेरो मन उनीहरूसँग फ्लर्ट गर्न खोज्थ्यो तर कसैले मप्रति ध्यान दिएनन्। त्यसैले टिनएजमा मेरो लभ लाइफ निकै बोरिङ थियो।'- बलिउडकी अहिलेकी 'हटकेक' नायिका कटरिना कैफले अंग्रेजी पत्रिका 'स्क्रिन'मा अन्तवार्ता दिने क्रममा दिएको जवाफको नेपाली अनुवाद हो यो। यी २५ वर्षीया नायिकाको जन्म हङकङमा भएको थियो। उनको विद्यालय जीवन अमेरिकाको हवाई सहरमा बित्यो, अनि टिनएज जीवन भने आमाको थलो लन्डनमा। त्यतिबेला कट्रिना फेसन र मेकअप पनि नगर्ने, साधारण पहिरन लगाउने, बोल्न पनि उति नजान्ने भएकाले युवकहरू उनीप्रति आकर्षिक हुँदा रहेनछन्। त्यही दुःखेसो अहिले आफ्नो अन्तर्वार्तामा व्यक्त गरेकी छिन्। आफूलाई मेन्टेन गरेर, फेसनेबल बनाएर अहिले कटरिना बलिउडकी सेक्सी तथा चर्चित नायिकाहरूमा पहिलो सूचीमा छिन्। हालै मात्र प्रदर्शोन्मुख चलचित्र 'अजब प्रेमकी गजब कहानी'को प्रचार-प्रसारका लागि एउटा फेसन शोमा चलचित्रका नायक रणवीर कपुर र कटरिना ऱ्याम्पमा हिँडे। उनीहरूको जोडीलाई 'हटेस्ट सो टपर' भनियो।

## लोकप्रियता मन नपराउने ?

बेलायती सुपर मोडल केट मसले सबै सेलिब्रेटीलाई अचम्म लाग्ने अभिव्यक्ति दिएकी छिन्। हालै एक पत्रिकालाई अन्तर्वार्ता दिने क्रममा उनले आफूलाई लोकप्रियता राम्रो नलाग्ने धारणा व्यक्त गरेकी छिन्। 'मलाई लोकप्रियता मन पर्दैन, केटले भनेकी छिन् – 'म प्रायः एक्लै बस्न मन पराउँछु।' डेली स्टारमा प्रकाशित एक रिपोर्टअनुसार केटलाई डिजाइनर पहिरन लगाएर ब्वाइफ्रेन्डसँग पार्टीमा जाँदा पटक्कै मजा आउँदैन। उनी भन्छिन्– 'मलाई थाहा छैन, मानिसहरू मेरा बारेमा जान्नका लागि किन यति धेरै उत्सुक छन्। मलाई लोकप्रियता मनै पर्दैन। लोकप्रियताले मलाई असहज महसुस हुन्छ।' केटका अनुसार उनी सधैं स्टाइलिस पहिरन लगाउन मन पराउँदिनन्। उनी साधारण पाइजामा स्टाइलको पहिरन लगाएर पनि घरबाहिर निस्कन्छिन्। मानिसहरूले उनलाई स्टाइलिस पहिरनको ट्रेड मार्क बताइरहेको बेला केटको नयाँ अभिव्यक्तिले फेसनपारखीहरूलाई पनि अचम्ममा पारेको छ।



## केवल एक प्रश्न

# तपाईंलाई काठमाडौंमा दिक्क लाग्ने कुरा के-के हुन् ? किन ?


तस्बिर : साइबर संसार डटकम

काठमाडौंमा मलाई सबैभन्दा दिक्क लाग्ने दुई कुरा फोहोर तथा ट्राफिक जाम हुन् । फोहोर मन पराउने मान्छे त को नै होला र ? ट्राफिक जामको बढ्दो समस्याले झनै दिक्दारी बढाएको छ । समयमा कहीं पनि पुग्न पाइँदैन, धूलो र धूवाँको प्रदूषण त छँदैछ ।

**वीरेन श्रेष्ठ (नायक)**

काठमाडौंमा दिक्क लाग्ने कुरा त धेरै छन्, तर म आफ्नै जीवनको दिक्क लाग्ने कुरा भन्न चाहन्छु । म्युजिक भिडियो छायांकनको सबै कुरा मिलाएर लोकेसनमा पुग्दा घाम तथा पानीका कारण छायांकन हुन नसक्दा मलाई साह्रै दिक्क लाग्छ ।

**रेश्मा सुनुवार (गायिका)**

दिक्क लाग्ने कुरा त धेरै छन् तर दुईवटा मात्र भन्नुपर्ने हो भने म काठमाडौंको प्रदूषण तथा ट्राफिक व्यवस्थापनको समस्याबाट दिक्क छु । काठमाडौंको वातावरण प्रदूषणबाट त सबै जना दिक्क छन्, झन् सार्वजनिक सवारी साधनको बल मिचाइँका कारण काठमाडौंमा आफ्नो सवारीमा सोचेको ठाउँमा सही समयमा पुगौंला भन्ने नसोचे पनि हुन्छ ।

**अर्जुन कुमार (गायक/निर्माता)**

काठमाडौंका दिक्क लाग्ने कुरा भनेर साध्य छ र ? तैपनि मुख्य दुई दिक्क लाग्ने कुरा भन्नुपर्दा पहिलो हामी केटीहरूले बाइक कुदाउँदा केटाहरूले पेल्ने प्रवृत्ति, दोस्रो यहाँको प्रदूषण ।

**रेजिना उप्रेती (नायिका)**

देशकै राजधानी काठमाडौंमा दिक्क लाग्नुपर्ने कुनै पनि कुरा नहुनुपर्ने हो, तर विडम्बना दुईवटै कुराले हामी सबैलाई दिक्क बनाइरहेको छ । पहिलो त काठमाडौंको कहिल्यै समाधान नहुने फोहोरको समस्या अनि अर्कोचाहिं ट्राफिक जाम । यी दुई कुराको समाधान हुने हो भने काठमाडौंमा दिक्क लाग्ने कुनै कुरा बाँकि रहँदैन ।

**नितिन थापा (गायक/संगीतकार)**

## • मेरो अनुभव •


तस्बिर : नवराज बाग्ले

# मोटरबाइक

**अयुब केसी** (नायक/मोडल)

स्कुले जीवनदेखि नै बाइक चढ्ने रहर थियो । आफन्तहरूसँग बाइक चढेर कतै जाँदा रमाइलो मान्थे । त्यसैले पनि होला, सानै उमेरमा साइकल चलाउन सिकें । मेरो विचारमा एकैचोटि बाइक चलाउन सिक्नुभन्दा साइकल चलाउन सिकेर बाइक सिक्नु राम्रो हुन्छ । मैले पनि त्यस्तै गरें । एसएलसी दिएर बसेका बेला घरकै बाइक हिरो होन्डाको स्प्लेन्डर चलाउने प्रयास गर्न थालें । लगभग एकै दिनमा म बाइक चलाउन जान्ने भैसकेको थिएँ, तैपनि निकै अभ्यास गरें । एसएलसीको रिजल्ट आउने बित्तिकै लाइसेन्सका लागि आवेदन दिएँ र एकैपटकको प्रयासमा लाइसेन्स पनि पाएँ । कोटेश्वरको घरबाट मैतीदेवीस्थित युनिभर्सल कलेजसम्म जाने मेरो वाहन बाइक नै थियो, मेरो पहिलो बाइक स्प्लेन्डर । भर्खर कलेज जान थालेको, त्यो पनि बाइकमा, निकै जोस थियो । एकपटक नराम्रोसँग पछारिएँ । त्यो दुर्घटनामा मेरो हात पनि भाँचियो । त्यसपछिका दिनहरूमा बाइक चलाउँदा सजक हुन थालेको छु । किशोरावस्थामा केटाहरू जोसमा होस पुऱ्याउँदैनन्, त्यसैले बाइक दुर्घटनाको खबर निकै आउँछन् । अहिले पनि बाइक चलाउँदा कलेजका केटाहरूले रेसकोर्समा बाइक चलाएको जस्तो हुइँक्याएर र बेन्डिङ गरेर चलाएको देखेपछि म तर्किने गरेको छु । उनीहरूलाई बाइक चलाउन त आयो, तर नियम कसैले सिकाएनन् जस्तो लाग्छ । सम्बन्धित विद्यालय तथा कलेजहरूले यस विषयमा ध्यान दिनु जरुरी छ । एक त काठमाडौंको बिग्रिएको बाटो त्यसमाथि अनियन्त्रित हँकाइले बाइक चलाउनु 'रिस्क' हो, तर जामबाट बच्न र समयमा पुग्न बाइकजस्तो सुलभ साधन अरू छैन । मैले म्युजिक भिडियोहरूमा अभिनय गर्दा एक-दुईवटामा बाइक चलाएँ । पहिलो चलचित्र 'माया यो कस्तो माया'मा भने मलाई बाइक होइन, साइकल चलाउन दिइयो । चलचित्रभरि नै मैले साइकल चलाएको छु । स्प्लेन्डरपछि धेरै समय बाइक चढिनू । एकपटकको दुर्घटनाले मलाई धेरैपछिसम्म असर गऱ्यो । कलेज सकिएपछि इन्टाइसर चलाएँ, एउटा फिल्ममा सञ्जय दत्तले त्यस्तै बाइक चलाएको देखेको थिएँ । त्यो बाइक चलाउँदा आफूलाई सञ्जय दत्तभन्दा कम मान्दिनथें, अहिले हाँसो उठ्छ । त्यसपछि डिस्कभर, पल्सर हुँदै अहिले डिस्कभर नै चलाइरहेको छु । छायांकन भैरहेको मेरो दोस्रो चलचित्र 'ठेगाना'मा मैले यामाहाको आरवान फाइभ चलाइरहेको छु । त्यसपछि मेरो 'ड्रिम बाइक' यामाहाकै रेसिङ बाइक 'आर वान' भएको छ । १५ लाख रुपैयाँ पर्छ भन्ने सुनेको छु, यसैगरी एकपछि अर्को चलचित्रमा अभिनय गरिरहने मौका पाइयो भने भविष्यमा त्यो सपना पनि पूरा गर्छु ।





## ● तीन प्रश्न ●

नेपाल वान च्यानलमा करिब सात वर्षसम्म भिडियो जक्की (भिजे) का रूपमा कार्यरत छँदै उनी दर्शकमाझ लोकप्रिय थिइन्। 'कलिउड बलिउड हलिउड', 'हेल्लो नेपाल', 'ब्युटी एन्ड फेसन', 'ट्राभलिङ शो' लगायत नेपाल वान च्यानलका एक दर्जनभन्दा बढी कार्यक्रममा भिजेका रूपमा सक्रिय पुष्पा जोशीले केही वर्ष भारतको नयाँ दिल्लीमा बसेर पनि काम गरिन्। एउटै च्यानलमा लगातार कार्यरत छँदा पुष्पाले काठमाडौं फर्किएर वैवाहिक जीवन पनि प्रारम्भ गरिन्। करिब दुई वर्षअघि एउटी छोरीलाई जन्म दिएपछि उनी टेलिभिजनको पर्दाबाट अचानक हराइन्। पुष्पा करिब दुई महिनाअघिदेखि पुन: टेलिभिजनमा देखिन थालेकी छिन्। आफ्नै लगानीमा न्युजेन प्रोडक्सन हाउस स्थापना गरेकी पुष्पा यही कम्पनीले निर्माण गरेको 'जिन्दगी रक्स' कार्यक्रममार्फत दर्शकमाझ पुगिरहेकी छिन्। यो कार्यक्रम मंगलबार साँझ ७:३० बजे नेपाल टेलिभिजन-२ मा प्रसारण हुन्छ। यसबाहेक उनी शुक्रबार राती ९:३० बजे नेपाल टेलिभिजन-२ मै प्रसारण हुने आफ्नै कम्पनीको 'फ्राइडे एक्सक्लुसिभ' को निर्माणमा पनि सक्रिय छिन्। पुष्पासँग साप्ताहिकको तीन प्रश्न :

**विवाह गरेपछि टेलिभिजनबाट हराएको हल्ला चलेछ नि ?**

विवाहपछि होइन, छोरी जन्मिएपछिचाहिं म झन्डै दुई वर्ष टेलिभिजनबाट हराएकी हुँ। विवाह भएको झन्डै एक वर्षसम्म पनि म 'हेल्लो नेपाल' शीर्षकको लाइभ कार्यक्रम सञ्चालन गरिरहेकी थिएँ।

**दुई वर्षपछि पुन: भिजेका रूपमा प्रस्तुत हुँदा कस्तो अनुभव भैरहेको छ ?**

पहिलेभन्दा थप जिम्मेवार तथा टेलिभिजनका लागि परिपक्व भएको अनुभव गर्दैछु। दर्शकहरूले मलाई पहिलेको भन्दा फुच्ची र राम्री देखिएको प्रतिक्रिया दिएका छन्।

**प्रोडक्सन हाउस पनि खोल्नुभएछ, टेलिभिजन च्यानलहरूले नपत्याएर हो कि ?**

धेरैलाई त्यस्तै लागेको रहेछ, तर यो कुरा गलत हो। टेलिभिजन कार्यक्रम, म्युजिक भिडियो, वृत्तचित्र निर्माणकै लागि प्रोडक्सन हाउस खोलेकी हुँ। यसबाहेक चाँडै म थप केही च्यानलमा भिजेकै रूपमा प्रस्तुत हुँदैछु।

## ● सानो पर्दा ●

### सानो पर्दाका कलाकारको निर्वाचन

देशका प्रमुख राजनैतिक दलका नेताहरूबीच सहमति बन्न नसकिरहेको बेला सानो पर्दामा काम गर्ने टेलिभिजनकर्मीको संगठन टेलिभिजन कलाकर्मी मञ्च नेपालको नयाँ कार्यसमिति सहमतिमै चयन गरिएको छ। गत शनिबार राजधानीमा आयोजित एउटा भेलामा नयाँ कार्यसमितिका मुख्य छ पदाधिकारीको चयन गरिएको हो। मञ्चको पहिलो साधारण सभाले हास्यकलाकार कृष्ण ढुंगानालाई मञ्चको अध्यक्षमा चयन गरेको छ। नयाँ कार्यसमितिमा १३ जना सदस्य छन्। मञ्चका तीन जना उपाध्यक्षमा कलाकार दीपाश्री निरौला, श्रीप्रसाद थापा तथा देवीराम पराजुली छन्। महासचिवमा बाबुराम केसी, सचिवमा विनोद श्रेष्ठ, कोषाध्यक्षमा कमल मैनाली तथा सह-कोषाध्यक्षमा गोपाल अधिकारी निर्विरोध निर्वाचित भएका छन्। चेतबहादुर सिंह, प्रवीण कार्की, तीर्थराज शर्मा, बालकृष्ण निरौला तथा सुमन केसी सदस्यमा निर्वाचित भएका छन्। साधारण सभाले एक वर्षभित्रै टेलिसिने एवार्ड आयोजना गर्ने, मञ्चका कलाकारहरूको दुर्घटना बिमा गराउने तथा कलाकारको अस्तित्वलाई स्वीकार नगर्ने टेलिभिजन च्यानलहरूविरुद्ध सशक्त आन्दोलन गर्ने निर्णय समेत गरेको छ। नेपालमा सञ्चालित टेलिभिजन च्यालनहरूका कार्यक्रम तथा टेलिश्रृंखलाका प्रस्तोता, सञ्चालक, कलाकार तथा प्राविधिकहरू सम्मिलित उक्त मञ्च डेढ वर्षअघि स्थापना गरिएको हो। मञ्चमा झन्डै साढे २ सय टेलिभिजनकर्मी आबद्ध छन्।

### शनिबारदेखि शंकरको शंका

करिब तीन दशकदेखि रंगमञ्च, ठूलो पर्दा तथा सानो पर्दाका लागि काम गरिरहेका कलाकार शंकर आचार्यले आफ्नै लगानी तथा निर्देशनमा टेलिश्रृंखला 'शंका' तयार पारेका छन्। पहिलो पटक आफ्नै लगानीमा तयार भएको आफ्नो नयाँ श्रृंखलाको प्रसारण गत शनिबार प्रारम्भ भैसकेको कलाकार आचार्यले बताएका छन्। नेपाल टेलिभिजनबाट शनिबार राति ७:३० बजे प्रसारण हुने यो श्रृंखलाको कथा निर्देशक आचार्यले नै लेखेका हुन्। पारिवारिक कथामा आधारित यो श्रृंखला सोम धितालको निर्माण परिकल्पनामा तयार भएको हो। श्रृंखलामा शंकर आचार्य, दीपक त्रिपाठी, शीतल केसी, मुकुन्दकिशोर भट्टराय, राज अचार्य, सोभिता सिम्खडा, विष्णुबाबु देवकोटा, रश्मि पाण्डे, शान्ति राना आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

### कात्तिक २२ देखि आफन्त

पारिवारिक कथामा तयार पारिएको नयाँ टेलिश्रृंखला 'आफन्त' को प्रसारण प्रारम्भ हुने भएको छ। पर्सि आइतबारदेखि यो श्रृंखला प्रत्येक साता दिउँसो ३:३० बजेदेखि ४ बजेसम्म प्रसारण हुनेछ। ५२ भाग लामो यो टेलिश्रृंखलाको निर्देशन ऋषिराज आचार्यले गरेका हुन्। नारीप्रधान कथा समेटिएकोले यो टेलिश्रृंखलालाई दिउँसोको समयमा प्रसारण गर्न लागिएको तथा महिला दर्शकमाझ यसले छिट्टै लोकप्रियता पाउने अनुमान निर्देशक आचार्यको छ। यो श्रृंखलामा दीपक त्रिपाठी, भुवन चन्द, अञ्जु निरौला, शीतल केसी, सँर्य प्रसाईं, प्रदीप गिरी, गोपाल आचार्य, गोमा गुप्ता आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। यसअघि तराई टेलिभिजनका लागि पारिवारिक टेलिश्रृंखला 'ममता' निर्माण गरेर चर्चामा आएका आचार्यले हास्यश्रृंखलासँग प्रतिस्पर्धा गर्ने शैलीमा 'आफन्त' को विषयवस्तु तयार पारेको बताएका छन्।



तस्बिर : साइबर संसार डटकम

## ● विदेशबाट ●

### बिग बोसका कुरा

कलर्स टेलिभिजनबाट प्रसारण भैरहेको रियालिटी शो 'बिग बोस' मा रोमाञ्चकता बढ्दै गएको छ। हरेक दिन राति ९:१५ बजे प्रसारण भैरहेको अमिताभ बच्चनद्वारा सञ्चालित यो कार्यक्रममा बलिउडका सेलिब्रेटीले पनि भाग लिएका छन्। एउटा घरभित्र लामो समयसम्म बसिरहनुपर्ने यो प्रतियोगितामा घरभित्र बस्ने विभिन्न स्वभावका व्यक्तिहरूबीचको द्वन्द्व प्रतिद्वन्द्व अनि मित्रता रोमाञ्चक हुन्छ। यसबीच, 'बिग बोस' को पछिल्लो श्रृंखलामा एक मात्र विदेशी प्रतियोगी जर्मन सुन्दरी क्लाउडिया सिसेलसँग भारतीय प्रतियोगी बख्तियार इरानी नजिकिएको समाचार सार्वजनिक भएको छ। बिग बोसको पछिल्लो श्रृंखलामा बख्तियार तथा क्लाउडियाले स्विमिङ पुलमा निकै रमाइलो गरेको दृश्य देखाइएको थियो। शोमा पनि उनीहरूलाई प्राय: सँगै देखिन्छ। आफ्ना साथीहरूसँग पनि बख्तियार ती युवतीका बारेमा चर्चा गरिरहन्छन्। यो कार्यक्रममा बख्तियारकी श्रीमती तनाजले पनि भाग लिएकी छिन् तर उनले आफ्ना श्रीमान्को क्लाउडियासँगको सामिप्यताका बारेमा कुनै प्रतिक्रिया दिएकी छैनन्। क्लाउडियासँग रोमान्टिक शैलीमा प्रस्तुत हुने बख्तियार आफ्नै श्रीमतीसँग भने प्राय: झगडा गरिरहेका हुन्छन्। कार्यक्रममा उनीहरूले झगडा गरेको दृश्यलाई प्राथमिकताका साथ प्रसारण गरिन्छ। यसबीच बिग बोसका सञ्चालक अमिताभ बच्चनले नै यसको पटकथासमेत लेखिरहेको रहस्योद्घाटन भर्खरै मात्र भएको छ।

### हेमन्त बने लिटिल च्याम्प

भारतको मथुरामा बसोबास गर्ने दस वर्षीय हेमन्त ब्रजवासी बनारसका यथार्थ रस्तोगी तथा पश्चिम बंगालकी श्रेयसी भट्टाचार्यलाई पछि पार्दै जी टिभीबाट प्रसारण भैरहेको सांगीतिक प्रतिस्पर्धा 'सारेगामापा लिटिल च्याम्प' को विजेता बनेका छन्। गत साता प्रसारण गरिएको सारेगामापाको निर्णायक प्रतिस्पर्धामा नायक सलमान खानले विजेताको घोषणा गरेका थिए।

## जम्का भेट

मिस पर्ल हङकङ नेपालको मुकुट पहिरिएपछि पोखराकी दीपा गुरुङको व्यस्तता एकाएक बढेको छ। पूर्व बिट्रिस गोर्खाली सैनिककी छोरी दीपा करिब सात वर्षअघि हङकङ भित्रिएकी हुन्। अठार वर्षीया दीपा कम बोल्ने स्वभावका कारण आफ्ना थोरै मात्र साथी भएको बताउँछिन्। सोही प्रतियोगितामा उनकी बहिनी ज्योतिले सेकेन्ड रनर्सअपको उपाधि हात पारिन्। तीन दिदीबहिनीमध्ये दीपा जेठी र ज्योति माइली हुन्। मोडलिङमा केही समयअघि मात्र रुचि बढेको बताउने दीपा अब यसलाई निरन्तरता दिने सोचमा छिन्। मौका मिले मिस नेपालमा भाग लिने उनको योजना छ। फर्म फाइभमा अध्यनरत दीपा पहिले भने पढाइ नै पूरा गर्न चाहन्छिन्।

**मिस पर्लका लागि आफ्नै बहिनीसँग प्रतिस्पर्धा गर्नुपर्‍यो, उत्कृष्ट पाँचमा रहँदा कसले उपाधि जित्छ जस्तो लागेको थियो ?**

अरू साथीहरू पनि उत्तिकै दाबेदार थिए, तर हामी दुईमध्ये एक उत्कृष्ट तीनमा पर्नेमा ढुक्क थियौं। हामीलाई जस्तै दर्शकका रूपमा उपस्थित हाम्रा आमाबुबालाई पनि भएको रहेछ।



**उपाधि जित्नेमा कत्तिको विश्वस्त हुनुहुन्थ्यो ?**

पहिलो नै नभए पनि शीर्ष तीन उपाधिमध्ये एक जित्नेमा पूर्ण आत्मविश्वास थियो।

**तपाईंले जित्दा बहिनीले कस्तो प्रतिक्रिया दिइन् ?**

खुसीले अँगालो मार्दै बधाइदिइन् अनि तपाईं जितको हकदार हुनुहुन्छ भनिन्।

**नेपालमा रहेकाहरूको नि ?**

मेरा बाजेबज्यै पत्रिकामा हाम्रो फोटो देखेर निकै खुसी हुनुभएछ। हामीलाई तिमीहरूप्रति गर्व छ भन्नुभयो। निकै खुसी लाग्यो।

**मिस पर्ल भएको रात कस्तो कल्पना गर्नुभयो ?**

खुसी लाग्यो। उपाधिले ममा केही गर्ने आत्मविश्वास र हौसला थपिएको अनुभूति भयो।

**उपाधिले अरू के दियो त ?**

प्रतियोगिताका दौरान सिकिएका थुप्रै कुरा दैनिक जीवनमा समेत उपयोगी छन्। धेरै नयाँ साथी बने। मलाई मिस पर्लले नयाँ परिचय दिएको छ।

**पुरुष र महिला साथीमध्ये कुन बढी छन्।**

केटी साथी नै बढी छन्। केटा साथी त दुई-चार जना मात्र होलान्। म अलि कम बोल्ने स्वभावकी छु। बाहिर पनि त्यत्ति घुम्दिनँ, त्यसैले होला।

**केटा साथीमध्ये कोही त विशेष होला नि ?**

(हाँस्दै...) छैन, तर अनुभव नै नभएको भने होइन।

**डिस्को कत्तिको जानुहुन्छ ?**

म हङकङ आएको यतिका बर्षमा एकपटक मात्र गएको छु। त्यो पनि त्यहाँको हल्लाले १५ मिनेटमै बाहिर निस्किएँ। त्यसपछि आजसम्म गएकी छैन।

**यौनबारे तपाईंको धारणा के छ ?**

यहाँ मात्र होइन, आजभोलि नेपालमै पनि युवाहरू यसलाई सामान्य रूपमा लिन्छन्। मलाई विवाहपूर्वको यौनसम्बन्ध त्यति सहज भएजस्तो लाग्दैन। यो कुरा विवाहपछि नै हुँदा राम्रो, तर भविष्यको कुरा कसलाई के थाहा ?




# अजब प्रेम की गजब कहानी

यही साता सार्वजनिक हुने बलिउडको नयाँ चलचित्र 'अजब प्रेम की गजब कहानी' लाई कमेडी श्रेणीमा राखिएको छ । टिप्स म्युजिक फिल्म्सको ब्यानरमा तयार पारिएको यो चलचित्रको निर्देशन राजकुमार सन्तोषीले गरेका हुन् । रमेश एस तौरानीले निर्माण गरेको यो चलचित्रमा रणवीर कपुर, क्याटरिना कैफ, उपेन पटेल, दर्शन जरिवाला, असरानी, नवनीत निशान, जाकिर हुसैन, जगदीप तथा विशेष भूमिकामा सलमान खानले अभिनय गरेका छन् । प्रितमद्वारा संगीतबद्ध यो चलचित्रका गीतहरू के के, सुनिधि चौहान, हर्द कौर, आतिफ आलम, जावेद अलि, कैलाश खेर आदि गायक-गायिकाले गाएका छन् । चलचित्रको कथा तथा पटकथा निर्देशक सन्तोषीले नै तयार पारेका हुन् ।

पछिल्लो समयमा विभिन्न टेलिभिजन च्यानलबाट अत्यधिक प्रचार-प्रसार गरिएको यो चलचित्रको कथा प्रेम (रणवीर कपुर) तथा जेनफिर ( क्याट्रिना कैफ) को वरिपरि घुमेको छ । जिन्दगी रमाइलोसँग बिताउन प्रेमले एउटा छुट्टै शैलीको विकास गरेका छन्, अर्थात् सधैं खुसी रहेर जिन्दगी रमाइलोसँग बिताउन सकिन्छ भन्ने उनको मान्यता छ । यसबाहेक उनी आफ्ना वरिपरिका व्यक्ति तथा पूरै सहरलाई खुसी बनाउन इच्छुक छन्, तर ह्याप्पी क्लबका यी सदस्यको सबैलाई खुसी बनाउने अभियानले अन्ततः उनलाई नै विभिन्न प्रकारको समस्यामा पार्छ । यसबीच उनी जेनिफरसँग प्रेम गर्न थाल्छन् । जेनिफरसँग प्रेमसम्बन्ध गाँसेपछि भने उनको जीवनमा नाटकीय परिवर्तन आउँछ । आवारागर्दी छाडेर उनी पैसा कमाउन मेहनत गर्न थाल्छन् । उनी परिपक्व बन्छन् र जेनिफरको खुसीका लागि जे पनि गर्न तयार हुन्छन् । जेनिफर पनि उनको प्रेममा यसरी डुब्छिन् कि उनले सही तथा गलतको फरक नै छुट्याउन सक्दिनन् । चलचित्रको अन्त्यमा उनले पत्ता लगाएको सत्यले दर्शकहरू नै आश्चर्यमा पर्छन् । सांगीतिक पक्ष आकर्षक रहेको यो चलचित्रले दर्शकलाई साढे दुई घण्टा हँसाइरहन सक्छ ।



# द बक्स

हलिउडमा आज शुक्रबार चलचित्र 'द बक्स' को प्रदर्शन प्रारम्भ हुँदैछ । सस्पेन्स तथा थ्रिलर श्रेणीमा राखिएको यो चलचित्रको निर्देशन रिचार्ड केल्लीले गरेका हुन् । हलिउडकी लोकप्रिय नायिका क्यामरुन डियाजसहित जेम्स मार्सडेन, फ्रयाङ्क लेङ्गेला, जेम्स रेभोर्न, होल्म्स ओसबर्न आदि कलाकारले यो चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन् । वार्नर ब्रोज पिक्चर्सले विश्वव्यापी रूपमा प्रदर्शन गर्न लागेको यो चलचित्रको निर्माण टेरी डग्सले गरेका हुन् । १३ वर्षभन्दा माथिका दर्शकका लागि तयार पारिएको यो चलचित्रको छायांकन अमेरिकाको भर्जिनिया तथा बोस्टनमा गरिएको छ । चलचित्रमा एउटा काठको बाकसले निम्त्याउने सुखद तथा दुःखद परिस्थितिहरूलाई आकर्षक ढंगले चित्रण गरिएको छ । विवाह गरेर पनि खुसी हुन नसकिरहेको एउटा दम्पतीको जीवनमा काठको बाकले निम्त्याउने संकट चलचित्रको आकर्षक पक्ष हो । चलचित्रको कथा अघि बढ्ने क्रममा एक-अर्कासँग असन्तुष्ट उक्त दम्पतीको घरको मुख्य द्वारमा कसैले एउटा काठको बाकस ल्याएर राखिदिन्छ । सानो आकारको उक्त बाकस घरभित्र ल्याउने कि नल्याउने परिस्थितिबाट अघि बढ्दै जाँदा दम्पतीले बाकस घरभित्र ल्याएर खोल्ने निर्णय गर्छन् । बाकस खुल्नेबित्तिकै उनीहरूले कल्पनै नगरेको घटना घट्न थाल्छ । बाकसले एकातिर उनीहरूलाई प्रशस्त सम्पत्ति दिलाउँछ भने अर्कातिर त्यही बाकसका कारण केही व्यक्तिको निधन पनि हुन्छ ।

● चलचित्र ●

# धुम

सोभित बस्नेतको निर्देशनमा उनका सहोदर भाइ जयकिसन बस्नेतले निर्माण गरेको चलचित्र 'धुम' आज शुक्रबारदेखि काठमाडौं उपत्यकाका दर्शकले हेर्न पाउनेछन् । हास्यप्रधान एक्सन चलचित्रका रूपमा निर्माण भएको यो चलचित्र उपत्यकाबाहिरका दर्शकले हेरिसकेका छन् । चलचित्र प्रदर्शनको 'क्यू सिस्टम'ले गर्दा बल्ल यो चलचित्रले उपत्यकामा प्रदर्शनको पालो पाएको हो । विराज भट्ट, रमित ढुंगाना, जयकिसन, अर्जुन कार्की, राजेश ढुंगाना, सुरज आरडी, रेजिना उप्रेती, सञ्चिता गुरुङ आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रमा जय र अर्जुन गाउँले साथी हुन्छन् । गाउँमा आफूलाई निकै चलाख मान्ने उनीहरू सहरिया युवतीसँग विवाह गर्न सहर आउँछन् । उनीहरूलाई विवाहभन्दा अघि प्रेम गर्नुपर्ने सल्लाह सहरमा भेटिएका सहयोगी विराजले दिन्छन् र उनी ती दुईलाई सहयोग गर्न थाल्छन् । रेजिना र सञ्चितालाई भेटे पनि निकै संघर्षपछि उनीहरूको प्रेम हुन्छ । सहरिया युवतीहरूसँग विवाह गरेपछि उनीहरूले अनेकौं समस्याको सामना गर्नुपर्ने हुन्छ । रमित ढुंगाना नकारात्मक भूमिकामा देखिएको यो चलचित्रमा मनोज राजभण्डारीको संगीत, शिव विकको नृत्य, शंकर सँर्य विकासको द्वन्द्व तथा कृष्ण श्रेष्ठको छायांकन हेर्न पाइन्छ ।







रिया
श्रेष्ठ



तस्बिर : गणेश खड्का/लम्लीपोखरा डटकम

## ● साताको स्वर ●



### नितिन थापा

**तिम्रो माया सम्झेर.... गीत कुन शैलीमा आधारित छ ?**
यो गीत अहिले श्रोताहरूको रोजाइमा रहेको लोक पप शैलीमा आधारित छ।

**गीतमार्फत के कुरा भन्न खोज्नुभएको छ ?**
छाडेर जाने प्रेमिका पुनः प्रेमीको जीवनमा फर्केर आएपछिको खुसीलाई गीतमार्फत व्यक्त गर्न खोजेको छु।

**यो गीत कुन वर्गका श्रोताका लागि तयार पार्नुभएको हो ?**
रोमान्टिक गीतका श्रोता प्रायः युवापुस्ता नै हुन्, तर मैले यो गीत कुनै निश्चित पुस्ताभन्दा पनि नेपाली गीत सुन्न रुचाउने हरेक उमेरका श्रोताहरूका लागि गाएको हुँ।

**श्रोताहरूले गीतको कुन पक्ष मन पराएका छन् ?**
गीतमा प्रयोग गरिएको मेलोडी श्रोताहरूको रोजाइमा परेको छ। यसबाहेक शब्द तथा स्वर पनि उत्तिकै रुचाइएको छ।

**म्युजिक भिडियोबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**
मैले गाएका दुई गीतका भिडियोमध्ये यही गीतको भिडियो बढी लोकप्रिय भएको छ। भिडियो प्रदर्शनपछि श्रोतामाझ नजिकिने अवसर पाएको छु।

### दिदी-भाइको संग्रह विमोचन

पुरानी गायिका नूपुर भट्टाचार्यका दुई सन्तान सांगीतिक क्षेत्रमा प्रवेश गरेका छन्। अमेरिकामा चिकित्सकका रुपमा कार्यरत नूपुरका छोरा सत्य भट्टाचार्य तथा छोरी निलाञ्जना भट्टाचार्य आफ्नो एकल गीति-संग्रहको विमोचनसँगै सांगीतिक क्षेत्रमा प्रवेश गरेका हुन्। गत बुधबार आयोजित एक सांगीतिक समारोहमा वरिष्ठ चलचित्रकर्मी चेतन कार्कीले सत्यको 'पल्स' तथा निलाञ्जनाको 'साउन्ड्स अफ माइ हार्ट' को विमोचन गरेका हुन्। विमोचन समारोहमा दुवै संग्रहका एक-एकवटा म्युजिक भिडियोसमेत प्रदर्शन गरिएको थियो। कार्यक्रममा प्रत्यक्ष अर्केस्ट्रावादनसहित सत्य तथा निलाञ्जनाले विमोचित संग्रहका आधा दर्जनभन्दा बढी गीत गाएका थिए। दुवै संग्रहका गीतमा न्ह्यू बज्राचार्यले संगीत दिएका छन् भने दुर्गालाल श्रेष्ठ, वसन्त चौधरी, करुण थापा, विश्वम्भर प्याकुरेल तथा शिव गौतमका शब्द छन्।

### गीत गाउँदै सरिष्मा

नेपाल भाषाको नयाँ वर्षका अवसरमा अमेरिकामा आयोजित एक सांगीतिक कार्यक्रममा गायिका सरिष्मा अमात्यले एकल गायन प्रस्तुत गरेकी छिन्। अघिल्लो साता आयोजित सांगीतिक कार्यक्रममा सरिष्माले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेकी थिइन्। कार्यक्रममा स्थानीय कलाकारले आकर्षक नृत्य प्रदर्शन गरेका थिए।

### आख्यानको विमोचन

गायक सचिनम गिरीको पहिलो एकल गीतिसंग्रह 'आख्यान' को विमोचन भएको छ। गत आइतबार आयोजित एक सांगीतिक समारोहमा चलचित्र अभिनेता निखिल उप्रेतीले उक्त संग्रह विमोचन गरेका हुन्। युवा रेकर्ड्सले आयोजना गरेको समारोहमा विमोचित संग्रहको 'तिमीलाई गुमाएँ...' गीतको म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो।

### संगीत प्रतियोगिताको तयारी

काठमाडौं कलेज अफ म्यानेजमेन्टको विद्यार्थी काउन्सिलले संगीत प्रतियोगिता सञ्चालन गर्ने भएको छ। आगामी मंसिर १२ गते प्रारम्भ हुने यो प्रतियोगिता यसपटक राष्ट्रव्यापी हुने जानकारी गराइएको छ। मंसिर १२ र १३ गते पहिलो चरणको छनौट प्रतिस्पर्धामा उपत्यकाबाट ३० तथा बाहिरबाट ५ गरी ३५ सांगीतिक समूहबीच प्रतिस्पर्धा गराइनेछ। उक्त चरणबाट छनौट भएका १४ सांगीतिक समूहलाई निर्णायक प्रतियोगितामा सहभागि गराइनेछ। प्रतियोगितामा प्लस टु कलेजमा अध्ययनरत विद्यार्थीले भाग लिन सक्नेछन्। एउटा समूहमा बढीमा सात जना सदस्य रहनेछन्। प्रतियोगीले प्रस्तुत गर्ने दुई गीतमध्ये एक आफ्नै कम्पोजको हुनुपर्ने नियम बनाइएको छ। प्रतियोगितामा प्रथम हुने समूहलाई ६० हजार, दोस्रोलाई २० हजार तथा तेस्रो हुनेलाई १० हजार रुपैयाँ प्रदान गरिनेछ।

## ● म्युजिक अपडेट ●

## ● अफबिट ●



**दुई वर्षपछि भिडियोमा :** नायक जीवन लुईंटेल करिव दुई वर्षपछि एउटा नयाँ म्युजिक भिडियोमा अभिनय गर्दै। गायक आदि हाङ याक्थुम्बाको 'धनमा रहेछ माया...' गीतको यो भिडियोको निर्देशन आशिष प्रसाईंले गरेका हुन्। भिडियोमा सलोनी राजभण्डारीले पनि अभिनय गरेकी छिन्।

### युथ ब्यान्ड फेस्टको रमाइलो

गत शनिबार र सोमबार राजधानी तथा विराटनगरवासी दर्शकले एउटै कार्यक्रमबाट मनोरञ्जन लिने अवसर पाए। 'इन्डिया नेपाल युथ ब्यान्ड फेस्ट' शीर्षकको सांगीतिक कार्यक्रम शनिबार जावलाखेलमा तथा सोमबार विराटनगरमा सम्पन्न भएको थियो। भारतीय दूतावासले आयोजना गरेको उक्त कार्यक्रममा नेपाल तथा भारतका सांगीतिक समूहले गीत-संगीत प्रस्तुत गरेका थिए। कार्यक्रममा नेपालका तीन तथा भारतका दुई सांगीतिक समूह सहभागी थिए। अभया एन्ड द स्टिम इन्जिन, अल्ट एफ फोर तथा कबवेबले नेपालको प्रतिनिधित्व गर्दै आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेका थिए भने भारतका परिक्रमा तथा हिप्नोट्राइबका संगीतकर्मीले नेपाली दर्शकको मन जित्ने प्रयास गरेका थिए।

### एकल साँझमा नक्षत्रको विमोचन

थाइल्यान्डको राजधानी बैंककमा आयोजित पहिलो एकल गायन कार्यक्रममा गायक नवीन के भट्टराईले आफ्नो नयाँ गीतिसंग्रह 'नक्षत्र' को विमोचन गरेका छन्। गत बुधबार बैंककमा आयोजित कार्यक्रममा आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्ने क्रममा गायक भट्टराईले आफ्नै एल्बम विमोचन गराएका हुन्। कार्यक्रममा उनलाई सांगीतिक समूह द एञ्जल्सले वाद्यवादनमा साथ दिएको थियो। गायक भट्टराईका अनुसार उनको यो एकल कार्यक्रम भोलि शनिबार थाइल्यान्डकै फुकेटमा तथा पर्सि आइतबार बैंककमा पुनः प्रस्तुत गरिनेछ।

### सहयोगका लागि संगीत

सुदूर पश्चिम बाढी-पहिरोपीडित सहयोग अभियानले सुदूर पश्चिमका बाढी-पहिरोपीडितको सहयोगार्थ राजधानीमा एक सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ। गायक रामकृष्ण ढकालले गाएको 'बिहान उठ्नेबित्तिकै...' गीतबाट सांस्कृतिक कार्यक्रम प्रारम्भ भएको थियो। कार्यक्रममा मल्लिका कार्की, अन्जना गुरुङ, डिजराज पौडेल, पुष्पा पौडेल, चेतन सापकोटा तथा बालगायिका स्मिता प्रधानले आफ्ना लोकप्रिय गीत-संगीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए। कार्यक्रममा नायिका गौरी मल्लले आकर्षक नृत्य प्रदर्शन गरेर कार्यक्रमलाई रोमाञ्चक बनाएकी थिइन्। हास्यश्रृंखला तीतो सत्यका कलाकारहरूको रमाइलो प्रहसन समाविष्ट उक्त कार्यक्रमको सञ्चालन दिनेश डिसीले गरेका थिए। कार्यक्रमकै बीचमा नायक विराज भट्टले सुदूर पश्चिमका बाढीपीडितको सहयोगार्थ २१ हजार रुपैयाँ प्रदान गरेका थिए।

### गायकलाई सम्मान

इलामे गायकद्वय कुवेर राई र इन्द्र गुरुङलाई इलाम नयाँबजारका बासिन्दाले सम्मान गर्ने भएका छन्। सांगीतिक क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप राई र गुरुङलाई सम्मान गरिने भएको हो। आगामी मंसिर २ गते बालाचतुर्दशी मेलाका अवसरमा गायक राई र गुरुङलाई एक सांगीतिक कार्यक्रमबीच सम्मान गरिने स्थानीय बालागुरु युवा क्लबका प्रेम भण्डारीले बताए। 'नेपाली गीत-संगीतमा लागेर उहाँहरूले आफ्नो मात्र होइन हाम्रो ठाउँको समेत गौरव बढाउनुभएको छ,' भण्डारीले भने। स्थानीय कलाकाहरूको सहभागितामा हुने सांगीतिक कार्यक्रममा गायकद्वयलाई सम्मानपत्र र खादा ओढाएर सम्मान गरिने आयोजक बालागुरु क्लबले जनाएको छ।

### यूकेमा निरमाया रोधीघर

नेपालस्थित निरमाया रोधीघरको शाखा बेलायतमा पनि खुलेको छ। केही साताअघि बेलायतको अल्टसटमा स्थापना गरिएको रोधीघरमा बिहीबार, शुक्रबार र शनिबार गरी साताको तीन दिन सांगीतिक कार्यक्रम प्रस्तुत गर्न थालिएको छ। यो रोधीघरमा विशुद्ध नेपाली शैलीमा नेपाली परिकारको स्वादसँगै लोकदोहोरी गीतहरू प्रस्तुत भैरहेका छन्। बद्री पंगेनी, शिला आले मगर, निशा सुनुवार, दीपा राईजस्ता लोकप्रिय गायक-गायिका सम्मिलित स्वदेशी रोधीघरका कलाकारहरू बेला-बेलामा बेलायत पुगेर सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने बताइएको छ। अहिले निरमाया रोधीघर यूकेमा कल्पना गुरुङ, ज्योति गुरुङ, देविका पौडेल, रामसिंह, गोरे गुरुङ, तुलसी राना, सम्पूर्ण थापा, उर्मिला थापा आदि गायक-गायिका कार्यरत छन्।

## विदेशबाट



### माईकल ज्याक्सनको चलचित्र

पप गायक माइकल ज्याक्सनको जीवनमा आधारित चलचित्र 'दिस इज इट' ले प्रदर्शनको पाँचौं दिन विश्वभरिका चलचित्र भवनबाट १० करोड डलर आम्दानी गरेको छ। चलचित्रको अधिकार सोनी कम्पनीले ६ करोड डलरमा किनेको थियो। सोनीले गत आइतबार प्रेस विज्ञप्ति जारी गर्दै गत सप्तान्तमा चलचित्रको व्यापार उत्साहजनक भएको जनाएको छ।

### इन्दिरा गान्धीको सम्झनामा

भारतकी पूर्व प्रधानमन्त्री इन्दिरा गान्धिको २५ औं पूण्य तिथिको अवसर पारेर उनलाई श्रद्धाञ्जली दिन भारतका विख्यात सरोदवादक अमजद अलि खानले एउटा सांगीतिक धुन तयार पारेका छन्। 'प्रियदर्शनी राग' शीर्षकको उक्त धुन खान आफैंले कम्पोज गरेका हुन्। हालै नयाँदिल्लीमा आयोजित 'म्युजिक इन द पार्क २००९' शीर्षकको सांगीतिक कार्यक्रममा खानले उक्त धुन प्रस्तुत गर्दा श्रोताहरू मुग्ध भएका थिए।

### ब्रिट्नीको नयाँ भिडियो

अमेरिकी पप गायिका ब्रिट्नी स्पेयर्सको नयाँ म्युजिक भिडियो यसै साता सार्वजनिक भएको छ। स्पेयर्सको चर्चित गीत 'थ्री' को सार्वजनिक प्रदर्शनी गत शुक्रबार प्रारम्भ भएको हो। उक्त भिडियोको निर्देशन डेनि मार्टेलले गरेका हुन्। भिडियोमा ब्रिट्नीको ग्ल्यामरस हाउभाउ तथा आकर्षक नृत्य समावेश छ।

### पाश्चात्य संगीतको काउन्टडाउन

यसै साता सार्वजनिक गरिएको पाश्चत्य संगीतको काउन्टडाउनमा लिल बेनीले पहिलो स्थान हासिल गरेकी छिन्। लेडी गागा दोस्रो तथा बियोन्स तेस्रो स्थानमा छन्। एमटिभीले सार्वजनिक गरेको काउन्टडाउनमा गायिका ब्रिट्नी स्पेयर्स चौथो स्थानमा छिन् भने मिली साइरस पाँचौं स्थानमा छिन्। रिहान्ना, माइकल ज्याक्सन, इमिनेम, लेड जेप्पिलिन तथा ब्ल्याक आइड पिजले काउन्टडाउनको छैटौंदेखि दसौं स्थान ओगटेका छन्।



## ● नजिकबाट ●

# हिमाल श्रेष्ठ

| | | |
|---|---|---|
| जन्ममिति | : | १९८६ डिसेम्बर २३ |
| घरमा बोलाउने नाम | : | बाबु |
| परिचय | : | गायक |
| जन्मस्थान | : | प्युठान |
| रुचि | : | संगीत, भ्रमण आदि |
| प्रकाशित एल्बम | : | ट्रस्ट |
| सांगीतिक गुरु | : | गुरुदेव कामत, बलराम राजवंशी |
| नजिकका साथी | : | कोही छैन |
| मनपर्ने परिकार | : | दालभात-तरकारी नेपाली |
| पकाउन जानेको परिकार | : | प्रायः सबै |
| मनपर्ने रंग | : | रातो, हरियो, सेतो |
| मनपर्ने पहिरन | : | जुन मलाई सुहाउँछ |
| मनपर्ने मौसम | : | जाडो |
| मनपर्ने खेल | : | स्नुकर |
| फुर्सदमा | : | गीत गाउँछु, नेटमा बस्छु, |
| मनपर्ने गीत | : | जति माया लाए पनि |
| रिस उठेको बेला | : | कसैसँग बोल्दिनँ |
| मनपर्ने आफ्नै बानी | : | सबैसँग चाँडै घुलमिल हुन सक्छु |
| पहिलो चर्चित गीत | : | रेशम |
| सबैभन्दा बढी माया | : | आमाबालाई |








## लिंग परिवर्तन सुन्दरी प्रतियोगिता


थाइल्यान्डमा गत शनिबार आयोजित मिस इन्टरनेसनल क्विन– २००९ को उपाधि जापानकी हारुना आईले जितिन् । २५ जना प्रतियोगीलाई फाइनल चरणमा प्रवेश गराइएको उक्त प्रतियोगितामा लिंग परिवर्तन गरेर महिला भएका विभिन्न देशका पूर्व पुरुषहरूले सहभागिता जनाएका थिए ।

तस्बिर : एपी

• पहिलो विश्व •

## बडी पेन्टिङमा झन्डै रोक

न्युयोर्कका एन्डी गोलुब बडी पेन्टिङका क्षेत्रमा विश्वचर्चित चित्रकार मानिन्छन् । उनले अहिलेसम्म हजारौं महिला तथा पुरुषको निर्वस्त्र शरीरमा विभिन्न चित्र सिर्जना गरेर प्रदर्शन गरिसकेका छन् । यसबाहेक उनी कहिले सामूहिक रूपमा बडी पेन्टिङ गर्छन् भने कहिले ग्यालरीमा देखाउँछन् । गत शनिबार उनले न्युयोर्कमा आयोजित ३६ औं न्युयोर्क हलोविन महोत्सवमा सडकपेटीमै बसेर महिला तथा पुरुषको निर्वस्त्र शरीरमा चित्र सिर्जना गरे । उनको चित्र हेर्न ठूलै भीड लागेको थियो । सडकपेटीमा निर्वस्त्र चित्र बनाउन थालेपछि उनलाई न्युयोर्कको प्रहरीले रोक्ने प्रयास गर्‍यो, तर उनले आफ्नो वकिललाई बोलाएर न्युयोर्कले सन् १९९२ देखि निर्वस्त्र हिंडडुल गर्न दिने कानुन पारित गरेको जानकारी गराएपछि उनको चित्रकारिताले निरन्तरता पाएको थियो ।



## टेलिभिजनमा स्तन क्यान्सर

स्तन क्यान्सरको खतरा बढ्दै गएपछि यस विषयमा जनचेतना जगाउन स्तन प्रदर्शन गर्न हुन्छ कि हुँदैन भन्ने बहस अमेरिकाको एक टेलिभिजन च्यानलले प्रारम्भ गरेको छ । स्तन क्यान्सरको प्रारम्भिक परीक्षण आफैंले कसरी गर्ने भन्ने विषयमा जानकारी दिन डब्लुजेएलए च्यानलले हालै दुई दिन चर्चित महिलालाई प्रस्तुत गरेको थियो । ती महिलाले स्तनमा क्यान्सर भएको छ कि छैन भन्ने कुरा स्तन छामेर कसरी थाहा पाउन सकिन्छ भन्ने कुरा दर्शकलाई जानकारी गराएका थिए । पहिलो दिन एलिजावेथ एडवार्डलाई प्रस्तुत गरेर स्तन क्यान्सरको परीक्षण विधिका बारेमा जानकारी दिँदा



दर्शकबाट सकारात्मक प्रतिक्रिया आएपछि सोही टेलिभिजनले दोस्रो दिन तान्या स्नाइडरलाई प्रस्तुत गरेको थियो । यो प्रस्तुतिपछि टेलिभिजनले जनचेतनाका लागि संवेदनशील अंग प्रस्तुत गर्नु जायज हुने कुरा अमेरिकी नागरिकहरूले ठहर गरेको टेलिभिजनले जनाएको छ ।



## अन्त्यमा...

प्राणीजगत्मा मुखमैथुन मानिस र मानिसका गुण मिल्ने बाँदर प्रजातिले मात्र गर्दै आएको विज्ञानले पुष्टि गरेको थियो । यद्यपि अहिले वैज्ञानिकहरूले हालै फलफूल खाने चमेराले मैथुनका क्रममा मुखमैथुन गर्ने गरेको पाएका छन् । चीनको ग्वाङजाउस्थित जनावर अनुसन्धान केन्द्रका अनुसन्धानकर्ताहरूले फलफूल र फूलको रस खाने प्रजातिका चमेराहरूको अनुसन्धान गर्ने क्रममा भाले र पोथी चमेराले यौनक्रियाको बेलामा मुखमैथुन गर्ने गरेको पाएका थिए । अनुसन्धानकर्ताहरूले २० जोडी चमेराको यौनक्रियाको अनुसन्धान गर्दा ७० प्रतिशत पोथी चमेराले भालेको लिंग करिब ५ मिनेट मुखमैथुन गरेको पाएका थिए । चमेराले किन मुखमैथुन गर्छ भन्ने विषयमा वैज्ञानिकहरूले थप अनुसन्धान गरिरहेका छन् । अनुसन्धानको उक्त रिपोर्ट अमेरिकाको साइन्स जर्नलमा प्रकाशित गरिएको छ ।


## नारीको कात्तिक अंक



# सचित्र



चिनी कता गइन् ?: एकताका चर्चामा रहेकी भिजे तथा म्युजिक भिडियो निर्देशक पूजा गुरुङको अत्तोपत्तो छैन ।



मिस नेपालको पार्लर : प्रथम मिस नेपाल रुबी राणा आफ्नै ब्युटिपार्लरमा ।




फोटोग्राफरको ग्ल्यामर पोज ? : नायिका उषा पौडेलसँग ग्ल्यामर पोज दिँदै फोटोग्राफर तथा मोडल ईश्वर श्रेष्ठ ।




छ्या, नकचरो : सम्भवत: यसै भन्दैछिन् नायिका रेखा थापा नायक विराज भट्टलाई । साथमा छिन् नायिका अरुणिमा लम्साल ।



पर्खी बसें आउला भनी मेरो उठ्ने पालो... : नायिका सञ्चिता लुइँटेल छायांकनस्थलमा पालो पर्खँदै ।

# लगनगाँठो कसिन् पूजाले











निजी प्रयोजनका लागि खिचिएको अभिसाररत भिडियो क्लिप्स सार्वजनिक भएपछि एकाएक विवाद र चर्चामा आएकी मोडल तथा नायिका पूजा लामाले तमाम विवादहरूलाई थान्को लगाउँदै भिडियो क्लिप्सका पुरुष पात्र डिजे शिशिरसँग गत आइतबार लगनगाँठो कसिन् । भद्रकाली मन्दिरमा चार मिनेटमै सकिएको उक्त विवाह समारोहमा सञ्चारकर्मीहरूको उपस्थिति पछिल्ला विवाह समारोहहरूमध्ये सर्वाधिक बाक्लो थियो ।

तस्बिरहरु : नवराज वाग्ले

# सशस्त्र प्रहरीको सांस्कृतिक कार्यक्रम

**साप्ताहिक समाचार**

काठमाडौं- 'नवौं सशस्त्र प्रहरी दिवस-२०६६' का अवसरमा सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौंमा 'सन्ध्याकालीन विविध सांस्कृतिक कार्यक्रम' सम्पन्न भएको छ । राष्ट्रिय गानबाट सुरु भएको उक्त विशेष कार्यक्रममा सशस्त्र प्रहरी बलको जागरण गानलगायत सशस्त्र प्रहरी बलका कलाकारहरूबाट राष्ट्रिय एकता र मेलमिलापको सन्देशसहितको भावनात्मक प्रस्तुति तथा लोकसंस्कृति झल्कने विभिन्न नृत्य एवं गीत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा प्रधानमन्त्री माधवकुमार नेपाल, उप-प्रधानमन्त्रीद्वय विजयकुमार गच्छदार र सुजाता कोइराला, गृहमन्त्री भीम रावललगायत संवैधानिक अंगका प्रमुखहरू, मन्त्रीगण, महामहिम राजदूतहरू, नेपाल सरकार तथा नेपाली सेना, सशस्त्र प्रहरी बल एवं नेपाल प्रहरीका उच्च अधिकृतहरूका साथै अन्य विशिष्ट आमन्त्रितहरूको उपस्थिति थियो ।



# विकास र अनुशा बने पोखरा कान्छा-कान्छी




पोखरा- लहरै स-साना बाबु-नानीहरू कम्मर मर्काउँदै मञ्चमा झुल्किए। आकर्षक पहिरनमा क्याटवाक गर्दै निस्किएका उनीहरूलाई सभाहलमा खचाखच भरिएका दर्शकले गडगडाहट तालीले स्वागत गरे। शनिबार स्थानीय उद्योग-वाणिज्य संघको प्रेक्षालयमा 'द लुक्स फेसन होम्स'ले गरेको पोखरा कान्छा-कान्छी बालसौन्दर्य प्रतियोगिताको रौनक थियो। ६ देखि १२ वर्षका बालबालिकाको 'क्याटवाक' कुनै व्यावसायिक मोडलको भन्दा कम देखिँदैनथ्यो। करिब पाँच घण्टा चलेको कार्यक्रमको विजेता को हुने भनेर दर्शकले अनुमान लगाइसकेका थिए। सुरुदेखि नै दर्शकको नजरमा परेकी १२ वर्षीया अनुशा गुरुङ अन्ततः निर्णायकले सोधेको प्रश्नको चित्तबुझ्दो उत्तर दिएर यस वर्षकी पोखरा कान्छीको मुकुट पहिरिन सफल भइन्। आफ्ना नौ जना प्रतिस्पर्धीलाई पाखा लगाउँदै उपाधि जितेकी गुरुङले हर्षित हुँदै भनिन्, 'आत्मविश्वास थियो, उपाधि जिते।' उपाधिसँगै उनले 'पर्सानालिटीको टाइटल' पनि पाइन।

त्यस्तै बालकतर्फ पनि फुर्तिला र क्षमतावान् १२ वर्षीय विकास गुरुङ पोखरा कान्छा बन्न सफल भए। प्रतियोगितामा बालिकातर्फ सिल्भी गुरुङ र बालकतर्फ सरल गुरुङ फस्ट रनर्सअप बने। त्यस्तै बालिकातर्फ अनुजा गुरुङ र बालकतर्फ पुकार गुरुङ सेकेन्ड रनर्सअप भए।

परिचय राउन्ड, ट्यालेन्ट शो, ड्रेस, टप सिक्स र फाइनल राउन्ड गरी श्रेणी विभाजन गरेर विजेता छनौट गरिएको प्रतियोगितामा अनुजा गुरुङ कन्फिडेन्ट, सिल्भी गुरुङ ट्यालेन्ट, प्रज्ञा ज्ञवालीले अनुशासनको टाइटल पाए। रवीन्द्र वज्राचार्यको कोरियोग्राफीमा सम्पन्न प्रतियोगितामा सहभागी बालबालिकाले एक महिना लामो प्रशिक्षण लिएका थिए।

**- शिव शर्मा**

# लोकगीतको तालमा नाचे सबै

पर्वत- शुक्रबार पकुवास्थित विश्वज्योति उच्च मा.वि.को चौरमा बेग्लै चहलपहल थियो। कोही बूढापाका मादल र झ्याम्टा बजाउन तल्लीन थिए भने कोही थपडी बजाउन व्यस्त थिए।

चिल्ड्रेन नेपाल पर्वतको सहयोग तथा विश्वज्योति उच्च मा.वि.को आयोजनामा गरिएको विद्यालयस्तरीय लोकगीत प्रतियोगिताले सबैलाई लठ्याएको थियो। झन्डै ५ सय सर्वसाधारणको उपस्थिति रहेको प्रतियोगितास्थलमा सबै जना मौलिक भाकामा गाइएका गीतमा नाचेर शरीरबाट पसिना निकाल्ने धाउन्नमा थिए, तर सबैले चौरमा धूलो उडाउँदै लगातार नाचेर शरीरबाट पसिना झारे।

सबैलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा संगीतको मजा लिनेहरूको भीड ठूलै थियो। विद्यार्थीहरू पनि विद्यालयमा फरक तरिकाले आयोजित प्रतियोगितामा गीत गाउनभन्दा पनि कम्मर मर्काउनमै व्यस्त भए।

मौलिक भाकाका गीतलाई प्राथमिकता दिइएको प्रतियोगितामा सुलोचना सुवेदीको समूह प्रथम, कुमार नेपालीको समूह द्वितीय र मीना लामिछानेको समूह तृतीय भए। प्रतियोगितामा विजयी हुने सबैलाई उपस्थित सबैले अबिर-माला लगाएर नचाएका थिए।

**- विमल खतिवडा**

# हुर्रामा रमे धराने युवा


तस्बिर : विकास राई

धरान– अरू बेला आधुनिक पहिरनमा भेटिने एक हूल युवती एकाएक मखमली चोली, कलेजी गुन्यू र घलेकमा देखिए। अझ गलाभरि पोते र पुवाँलो कम सुहाएको थिएन। युवाहरूको हूल पनि सेतो कछाड, पटुकी र घलेकमा सजिएर आयो।

तरुनी-तन्नेरीको यो जमघट हात समाउँदै हुर्रा नाचमा बदलियो। दोहोरी भाकाका गीतमा छमछमी हुर्रा नाच्दै युवायुवतीले रमाइलो गरे। अरू बेला मन परेकालाई मनको कुरा झट्टै भन्न कहाँ सकिन्छ र, मगर जातिको सांस्कृतिक नृत्य हुर्रामा भने दोहोरीका निउँमा दिल खोलेर मनको कुरा भन्न पाए युवायुवतीले।

सांस्कृतिक पहिरनमा सजिएकाहरू मनका कुरा भन्दै नाचेको देख्दा आधुनिक पहिरनमै आएका युवायुवतीले पनि मन थाम्न सकेनन् र हात समातेर नाच्न थालिहाले। धरानको सैनिक भवन परिसरमा यसैगरी चार घण्टा बिताए उनिहरूले। उनीहरूलाई यो अवसर भने नेपाल मगर संघ धरान नगरसमितिले जुराइदिएको थियो। धरान, इटहरी, हाँसपोसा, पाँचकन्या आदि क्षेत्रबाट जम्मा भएका मगर युवायुवती हुर्रामा जम्मा भएका थिए। नेपाल मगर संघ धरान नगर समितिका उपाध्यक्ष चित्र थापामगरले भने- 'खुबै रमाइलो भयो।'

संघले केही वर्षयता धरानमा हुर्रा नाचको आयोजना गर्दै आएको छ। हरेक वर्ष तिहारको औँसीदेखि पूर्णिमासम्म १५ दिन नाचिने हुर्रा विशेष गरी पूर्वका मगर समुदायमा प्रचलित मानिन्छ। संघका नगर अध्यक्ष नरबहादुर मगराती भन्छन्, 'पश्चिमतिर रोइला, कौडा र मारुनी बढी प्रचलनमा छन् भने पूर्वमा हुर्रा।'

**–गोपाल दाहाल**

# अडिसनमा खोजी प्रतिभाको



**साप्ताहिक समाचार**

काठमाडौं– भारतीय टेलिभिजन च्यानलहरूमा दर्जनौं रियालिटी शो हेरिरहेका नेपाली दर्शकले अब स्वदेशी रियालिटी शोको पनि मज्जा लिन पाउने भएका छन्। नेपाल टेलिभिजनबाट आगामी सातादेखि प्रसारण हुने नयाँ रियालिटि शो 'खोजी प्रतिभाको' मार्फत दर्शकले नेपाली भाषामै गीत, संगीत, नृत्य तथा अभिनय हेरेर मनोरञ्जन लिन पाउनेछन्।

नेपाल टेलिभिजनको निर्माण तथा *साप्ताहिक*को सहभागितामा तयार पारिएको यो रियालिटी शोको प्रथम चरणको अडिसन गत शुक्रबार तथा शनिबार राजधानीमा सम्पन्न भएको छ। सिंहदरबारस्थित नेपाल टेलिभिजनको स्टुडियोमा निर्माण गरिएको भव्य सेटमा शुक्रबार तथा शनिबार झन्डै ३ सय ५० जनाले सर्वोत्कृष्ट गायक-गायिकाका लागि प्रारम्भिक चरणको अडिसन दिए। निर्णायकका रूपमा आफ्नो प्रतिभाको मूल्यांकन गर्नेहरूमा गायक राजेशपायल राई, संगीतकार सुरेश अधिकारी तथा नायक भुवन केसीलाई पाउँदा कतिपय प्रतियोगी उत्साहित देखिन्थे भने कतिपय नर्भससमेत भए। शुक्रबार दिउँसो ११ बजे प्रारम्भ भएको अडिसनलाई व्यवस्थित बनाउन कार्यक्रमका निर्देशक तथा उद्घोषक दिनेश डिसी सक्रिय देखिन्थे। अडिसन दिनेहरूमा राजधानीमै बसोबास गर्ने युवाहरूको संख्या अत्यधिक देखिन्थ्यो।

दुई दिनको अडिसनपछि निर्णायकले ४० जना प्रतियोगीलाई




'साप्ताहिक ग्रीनकार्ड' प्रदान गरे। साप्ताहिक ग्रीनकार्ड पाउने प्रतियोगीले स्वतः अघिल्लो चरणमा प्रवेश गर्ने मौका पाउनेछन्। अडिसनका क्रममा प्रतियोगीलाई नेपाली भाषाका हरेक विधामा गीत गाउने अवसर प्रदान गरिएको थियो। अधिकांशले आधुनिक तथा पपगीत रोजेका थिए भने केहीले लोकगीत तथा चलचित्रका गीत पनि गाएका थिए। सहभागीमध्ये निकै कममा मात्र सांगीतिक ज्ञान रहेको निर्णायकहरू बताउँछन्। अडिसनका क्रममा दुई जना दृष्टिविहीनले समेत साप्ताहिक ग्रीनकार्ड पाउँदै अघिल्लो चरणमा प्रवेश गर्ने अवसर पाएका छन्। गायनतर्फको अडिसनमा सफलता पाउने प्रतियोगीलाई प्रतियोगिताको अघिल्लो चरण 'कर्ड राउन्ड' मा पुनः प्रतिस्पर्धा गराइनेछ। कर्ड राउन्डमा सफलता हासिल गर्ने प्रतियोगीहरूलाई निर्णायक 'ब्यान्ड चरण' मा प्रवेश गराइनेछ। प्रतियोगिताका निर्देशक दिनेश डिसीका अनुसार केही दिनभित्रै अभिनय तथा नृत्यको काठमाडौं अडिसनसमेत सञ्चालन हुँदैछ। काठमाडौंमा सबै विधाको अडिसनपछि 'खोजी प्रतिभाको' टोली राजधानीबाहिरको अडिसनपछि पोखरा, नारायणघाट तथा बुटवल पुग्नेछ।

आगामी मंगलबार राति नौ बजेको पहिलो कार्यक्रममा उद्घोषक दिनेश डिसीले कार्यक्रमको उद्घाटन गराउनुका साथै यसको स्वरूप, नियम, पुरस्कारका साथै रहेक विधाका निर्णायकहरूको परिचय गराउनेछन्। दोस्रो सातादेखि कार्यक्रममा अडिसन चरणलाई समावेश गरिनेछ। यो प्रतियोगितामा संगीततर्फ गायन, रचना, संगीत सिर्जना, अभिनयतर्फ नायक, नायिका, खलनायक, हास्यकलाकार, चरित्र अभिनेता, अभिनेत्री, खलनायक, खलनायिका, नृत्य आदि विधामा प्रतिस्पर्धा गराइनेछ। राजेशपायल, सुरेश अधिकारी तथा भुवन केसीका अतिरिक्त प्रतियोगिताका लागि नीर शाह, दीपकराज गिरी, जितु नेपाल तथा दिनेश अधिकारी (नृत्य निर्देशक) ले पनि निर्णायकको भूमिका निर्वाह गर्नेछन्। निर्माण पक्षका अनुसार यो कार्यक्रम ४४ भाग लामो हुनेछ।

# सुशीलको एकल गजल-गायन



कात्तिक महिनाको पहिलो शुक्रबार परासीवासीका लागि रोचक र गजलमय बन्यो। स्थानीय गजल गायक सुशील श्रेष्ठले कात्तिकको पहिलो सप्ताह आफ्नो गजल गायकीले पूरा परासीलाई झुमाए। सुशीलको गजल-यात्रा भाग-१' शीर्षकको एकल गजल साँझमा ७ सयको टिकट काटेर आउनेहरूको भीडलाई हलले थेग्न सकेन। उनी काठमाडौंबाट गएका कुनै ठूला सेलिब्रिटीभन्दा कम देखिएनन्। स्थानीय एफएफहरूले कार्यक्रमको प्रत्यक्ष प्रसारण गरे। 'गजल गायनमा १० वर्ष गरेको साधनाले बल्ल फल पाएजस्तो लाग्यो,' सुशीलले भने। झन्डै साढे तीन घण्टा चलेको गायनमा श्रेष्ठले मोतीराम भट्टको गजल गाएर कार्यक्रम प्रारम्भ गरेका थिए।

उनले त्यस क्रममा बूँद राना, डा. कृष्णहरि बराल, डा. घनश्याम परिश्रमी, खगेन्द्रप्रसाद बस्यालजस्ता पाका गजलकारदेखि निर्मल ढुङ्गाना, अनन्तराज पन्तजस्ता युवा गजलकारका नेपाली गजल गाए। श्रेष्ठले केही हिन्दी गजलसमेत सुनाए।

'गजलको वास्तविक स्वाद गाउँदा आउने हुँदा गजल सुन्न यत्तिका मानिस भेला भएका होलान्।' सुशील भन्छन्, 'गजल गाउन गीत गाउनुजस्तो सजिलो छैन। गजल सूत्रमा गाइने हुँदा गजल-गायकलाई प्रशिक्षणको आवश्यकता पर्छ।' नेपालमा गाउन मिल्ने गरी सूत्रमा गजल लेख्ने गजलकारको कमी रहेकाले पनि गजल गायन फस्टाउन नसकेको सुशीलको तर्क छ। गाउन थालेको १५ वर्ष पुगे पनि गजल गायनतर्फ उनी केही वर्ष अघि मात्र मोडिएका हुन्। त्यसअघि उनी चितवनको एक रेस्टुराँमा आधुनिक नेपाली तथा हिन्दी गीत गाउँथे। उनको एकल साँझ भनिए पनि उक्त अवसरमा स्थानीय युवा गजल गायकहरू तेजु अर्याल, अशोक श्रेष्ठ तथा सीता थापाले आ-आफ्ना गजल प्रस्तुत गरे।

परासीमा मोतीजयन्तीका अवसरमा नवलपरासी साहित्य परिषद्ले हरेक वर्ष आयोजना गर्ने गजलयात्राले नवलपरासीमा गजल गायकहरू जन्माएको नवलपरासी साहित्य परिषद्का अध्यक्ष विष्णु लामिछाने बताउँछन्।

**–प्रदीप बस्याल**



तस्बिर : विकास राई

# लाहुरेभन्दा माथि प्रकाश

बेलायती लाहुरेका जेठा छोरा हुन् प्रकाश राई। राई समुदायमा लाहुर जानुपर्छ भन्ने मानसिकता छ। त्यहीअनुरूप अझै पनि राई युवाहरू भर्तीकेन्द्र धाउँछन्। उनीहरूको सपना लाहुर लागेर पैसा कमाउने अनि सानसँग जिउने हुन्छ। लाहुर लाग्ने प्रवृत्तिलाई गलत मान्ने प्रकाश राईले आफूलाई करोडमा खेलाउन सकेका छन्। प्रकाश राई अहिले उनीहरूका लागि उदाहरण बनेका छन् जो नेपालमै रमाउन चाहन्छन्। बाबु पल्टनमै छँदा मलायामा जन्मिएका राईलाई बाबाले सानैमा मलायाबाट नेपाल ल्याएका थिए। मोरङ, झोराहाट, बसेनीमा उनको बाल्यकाल बितेको थियो। २०३५ सालमा जनता मा.वि. बाहुनीबाट एसएलसी उत्तीर्ण भएपछि धरान क्याम्पस पढ्न आएका थिए प्रकाश। तीन भाइ तीन बहिनीका दाजु प्रकाशलाई परिवारको जेठो छोरा भएकैले होला आफूमाथि निकै जिम्मेवारी भएझैं लाग्थ्यो। उनी २०३७ सालतिर गोर्खा भर्ती बन्द गर्ने आन्दोलनमा पनि होमिएका थिए।

बाबुले कान्छी आमा ल्याएपछि उनले धरानमा कलेज खर्च निकाल्न सानो तरकारी पसल खोलेका थिए, पछि उनले त्यसलाई किराना पसलमा परिवर्तन गरे । सानैदेखि बिजनेस माइन्ड भएकाले पनि होला, अहिले यसैमा लागेको उनले बताए। एकपटक काठमाडौंबाट फर्कंदा एक-एक बोतल उर्वसी र ब्ल्याक लेबल रक्सी ल्याएर बेची काठमाडौं जाँदा-आउँदा लागेको र बाटोमा खाएको मासुभातको खर्च निकालेको उनले बताए। कलेजमा आईए उत्तीर्ण गरेपछि उनले छ वर्ष धरानकै रत्नचोकस्थित पाङ्ग्रे स्कुलमा प्रा.वि.सम्म पढाउने काम गरे। त्यो स्कुल छोडेर उनले तीन वर्ष वडासचिवको जागिर खाए। आमा बाबुले लाहुर लाग्न प्रेरित गर्दा उनी नेपालमै बसेर बाख्रा, सुगुँर पाल्ने योजना सुनाउँथे। यस्तो योजना सुनाउँदा उनका बाबु-आमा चिन्तित हुन्थे। त्यस्तो योजना सुनाउँदा आमाले त्यतिखेर भनेको कुरा उनलाई आजै जस्तै लाग्छ। त्यतिखेर आमाले 'छोरा, बाख्रा कहिले ठूलो बनाउँछस् र कहिले बेच्छस् अनि भाइ-बहिनीको मुख कसरी भर्छस् ?' भन्थिन् त्यसैले कता-कता मनमा डर पनि लागेको थियो तर अहिले उनी आफ्ना सबै आवश्यकता पूरा गर्न सक्छन्। धरानबाट भीषण राईको रिपोर्ट :

### कठोर संघर्ष

क्याम्पस पढ्न बिहानै उठ्ने प्रकाश कलेज सकेर भानुचोकबाट साइकलमा तरकारी र विभिन्न किराना सामान ल्याउँथे। कति समय त उनी साइकलमै घरघरमा तरकारी पुर्‍याउँथे। उनले बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा कुचो पनि लगाएका थिए। घरमा जेठो छोराको दायित्व अनि अलिकति अभिभावकत्व ग्रहण गरेका राई सानैदेखि गहन र भावुक खालका थिए। यसरी नै उनले कहिले साइकलबाट तरकारी पुर्‍याउने बहानामा त कहिले इमान-जमानको भरमा सबैको मन जित्दै आएका थिए। पछि त्यही चिनजान र भलाकुसारीले नै उनलाई अघि बढ्न सजिलो बनायो। यही लगन र मेहनतले अहिले यहाँसम्म आउन सकेको राईले बताए। अहिले उनीकहाँ तरहरा, धरान, इटहरी विराटनगर, भोजपुर, उदयपुर, धनकुटा आदि विभिन्न ठाउँका मानिस सुन बन्धकी राख्न आउने गरेका छन्। आफ्नो सुन व्यापारलाई अझ आधुनिकीकरण र अरू ठाउँमा पनि विस्तार गर्ने उनको योजना छ। राई भन्छन्– 'यसलाई सहकारी वा बैङ्किङमा लाने योजना छ।' लाहुरे हुनुपर्ने धारणालाई चिर्दै प्रकाश अरू समुदायले अँगाल्ने सुन व्यवसायमा राम्रैसँग जमेका छन्। विशेषत: राई समुदायमा व्यापार-व्यवसाय गर्नेहरू कम छन्, बढी त भर्तीमै छन्।

### साइकलको माया

धरानस्थित प्रा.वि. मा पढाउँदा प्रतिमहिना ३ सय ५० रुपैयाँ तलब पाउँथे। त्यही पैसाबाट उनले २ सय ५० रुपैयाँमा त्यतिखेरको चल्तीको साइकल किनेका थिए। त्यो साइकलले उनलाई धेरै सहयोग गरेको थियो। त्यही साइकलमा उनी कहिलेकाहीं धरानबाट आफ्नो गाउँ मोरङको झोरहाटसम्म ५० किलोमिटरको दूरी आवत-जावत गर्थे। साथीभाइले उनलाई निकै सहयोग गर्ने गरेका छन्। उनको स्वाभिमानसँग सबै गाउँले खुसी छन्। उनी पनि गाउँले साथीभाइलाई सक्दो सहयोग गर्छन्। सुरु-सुरुमा पैसा नहुँदा उनलाई निकै पीडा हुन्थ्यो। उनी रत्नचोकस्थित सानिमाको थुप्पा पसलमा ग्राहकलाई हाफ चाउमिनसमेत पकाएर ख्वाउँथे। उनका बहिनीहरू हाफ चाउमिन मागे आगो फुक्न अल्छी मानेर छैन भनेर ग्राहकलाई नै फर्काउँथे। त्यतिखेर अहिलेको जस्तो ग्याँसको व्यवस्था थिएन। उनी कलेजबाट आएपछि एकैछिन नबिसाई पसलमा चाउमिन बनाउन जुटिहाल्थे।

### अहिले आनन्द छ

अहिले उनी कुनै लाहुरेभन्दा कम देखिँदैनन्। स्वच्छ र स्वस्थ जीवन छ उनको। केहीको कमी छैन। घर, गाडी, बंगला, कामदार र रत्नचोकमा आफ्नै सुनपसल चोमोलुङ्मा स्टोर्स छ। पसलमा अझै पनि उनी आफैं बस्छन्। अहिले उनलाई सुनपसलमा सघाउन पाँच जना कामदार छन्। उनको पसलमा बन्धकी राख्ने मानिसको आवात-जावत भैरहन्छ। कुनै मानिस घरमा पुगे पहिले कहीं भेटेजस्तै गरी कुराकानी गर्छन्। अहिले प्रकाशको परिवार दुई छोराका साथ धरानको शान्तिमार्गमा अलिशान बंगलामा बस्दै आएको छ। उनले विभिन्न संघ-संस्थालाई सहयोग गर्ने गरेका छन्। राई भन्छन्– 'आफूले सक्ने सहयोग गर्छु, नसक्ने गर्न सक्छु भन्दिनँ।' उनी २०३६ सालताका सानिमाकहाँ बस्थे। सानिमाको पसलमा ग्राहक कुर्नु उनको दैनिकी बनेको थियो। सानिमाले भर्तीमा भिड्न पटक-पटक दबाब नदिएकी होइनन्, उनी त्यसलाई हाँसेर टारिदिन्थे।

### लाहुरेभन्दा माथि

जीवनको अनुभवलाई सामान्य प्रक्रिया मान्ने प्रकाश लाहुरेसरह सम्मानित जीवन जिउन सकेकोमा मख्ख छन्। उनले यो पेसा अँगालेको पनि दस वर्ष पुगिसकेको छ। पैसालाई राम्रोसँग चिनेका प्रकाश पैसा जहींतहीं भएको बताउँछन्। उनी भन्छन्– 'तरकारी बेच्दा पैसा छ, चिया फिट्दा पैसा छ तर मानिसहरू एकै पटक ठूलो सफलता खोज्छन्, दु:ख गर्न मान्दैनन्।' उनी व्यापारलाई रिस्क मान्छन्। रिस्क लिन नसक्ने मानिसले व्यापार गर्न नसक्ने उनको विचार छ। अहिले उनी फरक खालका र आकर्षक देखिन्छन्। चस्माका सौखिन प्रकाश आफूमा अहिले पनि युवा जोस छ भन्न छोड्दैनन्। उनको विशेषता कम ब्याजमै सुन बन्धकी राख्नु हो। जति वर्ष बन्धकी रहे पनि सुनको गुणस्तर र तौलमा कुनै फरक नपर्ने उनको भनाइ छ। यसमा कसैसँग सम्झौता नगर्ने उनी बताउँछन्। राई भन्छन्– 'इमान्दारिता ठूलो कुरा हो, व्यापारमा ग्राहकलाई कहिल्यै ढाँट्नु-छल्नु हुँदैन।' संघर्षको समयमा राई निकै मेहनती थिए। अहिले उनी महिनामा ३० देखि ४० लाखसम्मको कारोबार गर्छन्।

### टर्निङ प्वाइन्ट

उनले जीवन संघर्षको मैदानमा सबै दु:ख-कष्ट झेलेका थिए। मेहनती प्रकाशले आफूले केही गर्न नसकेपछि अन्तत: स्कुल खोल्ने योजना बनाएका थिए, तर बहिनी-ज्वाइँले उनलाई सुनपसल खोल्ने योजना सुनाएपछि भने उनी केही उत्साहित बने र केही समयपछि नै यतातिर लागे। निकै मेहनत गर्ने राई जहिले पनि कसरी सफल हुने भनेर सोचिरहन्थे। बहिनी ज्वाइँसँग मिलेर चलाएको सुनपसल उनीहरू काठमाडौं गएपछि उनले आफै चलाए। एक श्रीमती र दुई छोरासाथ रहेका प्रकाश प्राय: अरू बेला व्यस्त रहे पनि सोमबार भने घर-परिवारसँग समय बिताउँछन्। उनको यो सफलतामा उनका नातागोताहरू पनि औधी खुसी छन्। यताउता भौंतारिरहेको उडिरहने बादलजस्तै मन भएको बेला उनलाई बहिनी-ज्वाइँको एउटा सानो प्रस्तावले यहाँसम्म ल्याइपुर्‍यायो। सुनपसल खोलेपछि उनले जीवनमा



कति समय त उनी साइकलमै घरघरमा तरकारी पुर्‍याउँथे। उनले बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा कुचो पनि लगाएका थिए। घरमा जेठो छोराको दायित्व अनि अलिकति अभिभावकत्व ग्रहण गरेका राई सानैदेखि गहन र भावुक खालका थिए। यसरी नै उनले कहिले साइकलबाट तरकारी पुर्‍याउने बहानामा त कहिले इमान-जमानको भरमा सबैको मन जित्दै आएका थिए। पछि त्यही चिनजान र भलाकुसारीले नै उनलाई अघि बढ्न सजिलो बनायो।

पछाडि फर्केर हेर्नुपरेन।

### कर्म दिने सानिमा

भनिन्छ जन्म दिने आमाभन्दा कर्म दिने आमा महान् हुन्छिन्। प्रकाश राईकी सानिमा पनि त्यस्तै भाग्यमानीमा पर्छिन्। उनी रात-दिन नभनी दिदीको छोराकै बारेमा सोच्थिन्। उनलाई अघि बढ्न प्रेरणा दिन्थिन्। प्रकाश अहिले पनि सानिमाको माया, स्नेह र प्रेरणालाई सम्झिन्छन्। उनी भन्छन्- 'सानिमाको सहयोग र सल्लाह म कहिल्यै भुल्न सक्दिनँ।' सानैमा आमा बितेपछि प्रकाशका बाबाले पनि कान्छी आमा ल्याए भने उनी पढाइसँगै धरानमा रहेकी सानिमाकहाँ बस्न थाले। सानिमाले उनलाई आफ्नै छोराजस्तै माया गरी उनलाई जीवन जिउन सिकाइन्। सानिमाकहाँ रहँदा उनले काठमाडौंमा गएर व्यापारसम्बन्धी तालिम लिने अवसर पाए। अहिले त्यही तालिमले पनि आफू सफल हुन सकेको उनले बताए। प्रकाश भन्छन्- 'कुनै पनि काम गर्दा त्यससम्बन्धी सामान्य ज्ञान र दक्षता हुनु आवश्यक हुन्छ।'

### सफलताको सूत्र

मेरा ग्राहक एकदम सोझा छन्। मैले उनीहरूलाई बन्धकी राख्न आउँदा आफ्नो पसल र सुनका सम्बन्धमा ओरेन्टेसन दिने गरेको छु यसले उनीहरूलाई सुनका सम्बन्धमा जानकार बनाउँदै लगेको छ। उनीहरू मकहाँ ढुक्कसँग नहिचकिचाई लेनदेन गर्न सक्छन्।

- अरूले जेसुकै भने पनि म जहिले पनि काम नै सबै थोक हो भनेर निरन्तर लागिरहें अनि आफ्नो इमान्दारितालाई कहिल्यै भुलिनँ, मैले अरू पसलभन्दा कम ब्याजमा कारोबार गर्ने गरेको छु।
- सबै ग्राहक मेरा भगवान हुन्। म उनीहरूलाई सम्मान गर्छु। कुनै ग्राहकलाई माया, कुनैलाई घृणा गर्दिनँ, किनभने मेरा लागि साना-ठूला सबै ग्राहक उत्तिकै हुन्। म ठिक्ककै कमाइमा रमाउन चाहन्छु, साथै सामान्य रूपमै आफूलाई चिनाउन चाहन्छु। एकै पटक ग्राहकलाई चोट पुर्‍याएर आफू चाँडै धनी बन्ने मेरो चाहना छैन। यसले कसैलाई फाइदा पुर्‍याउँदैन।
- आफ्नो व्यवसायबाट जुन रूपमा पैसा कमाएको छु अहिले पनि केही घरखर्च गरेर सबै पैसा थप यसमै लगाइरहेको छु। फलस्वरूप मेरो व्यवसाय बढिरहेको छ। व्यवसायबाट कमाएको पैसा व्यवसायमै लगाउनुपर्छ। त्यसलाई फजुल खर्चमा उडाउनुपर्छ भन्ने मलाई लाग्दैन।
- मसँग कारोबार गर्ने मानिसहरू ढुक्क छन्, जुन रूपमा मैले उनीहरूको विश्वास जितेको छु त्यसलाई अझ प्रगाढ बनाउन चाहन्छु। मैले समयमै उनीहरूको काम गरिदिने गरेको छु।
- पैसा कमाए भनेर घमन्ड गर्दिनँ। म कुन अवस्थाबाट यहाँसम्म आएँ भन्ने कुरा मेरा साथीभाइ, आफन्त सबैलाई थाहा छ। अहिले पनि म कामदारसँगै पसलमा व्यस्त हुन्छु।

# क्रेज कुर्तीको









तस्बिरहरू : साइबर संसार डटकम

६० र ७० को दशकताका बलिउडमा निकै प्रचलनमा रहेको कुर्तीले फेसन बजार फेरि तताएको छ। यदि आफ्नो व्यक्तित्वमा पूर्वीय सुन्दर शैलीसित पश्चिमेली स्टाइललाई मिक्स एन्ड म्याच गरी फ्युजन लुक सञ्चार गर्न चाहने हो भने कुर्ती सर्वोत्तम विकल्प हुनसक्छ। आफ्नो चाहनाअनुसार यसलाई जिन्स वा प्लेन कटन पाइन्टसित जोडा मिलाउन सकिन्छ। ट्राउजर, स्ट्रेट पाइन्ट, पटियाला सलवार, बेलीबटम, ड्रेन पाइप ट्राउजर, स्लिम फिट पाइन्टसित पनि कुर्तीको जोडा उत्तिकै सुहाउँदो हुन्छ। यो पहिरन आरामदायक त हुन्छ नै, साथै यसले स्टाइलिस एवं स्मार्ट लुक पनि दिन्छ। त्यसैले सुन्दरता, सुविधा, सहजता र स्टाइलसँगै मिक्स एन्ड म्याचको फ्युजन शैली अँगाल्न रुचाउने यौवनाहरू हुन् वा कामकाजी महिला वा गहिणी प्रायः सबै उमेर समूहका महिलाबीच कुर्तीको फेसन स्टाइल स्टेटमेन्टका रूपमा अघि बढेको पाइन्छ।

मूलतः कुर्ताको सर्ट भर्सन अर्थात् लम्बाइका आधारमा कुर्ताभन्दा छोटो हुने भएकाले यो पहिरनले कुर्तीका रूपमा परिचय बनाएको हो। लम्बाइको कुरा गर्दा कुर्ती नी-लेन्थ, मिड थाई लेन्थ वा वेस्ट लेन्थभन्दा केही इन्च तलसम्म हुन्छ। विविधतापूर्ण आकर्षक नेकलाइनका साथमा फुल स्लिभ, हाल्फ स्लिभ, स्लिभलेस, सर्ट स्लिभ, क्याप स्लिभ वा थ्री क्वाटर स्लिभको स्टाइलमा उपलब्ध कुर्तीहरू टाइट-फिट वा सेमी फिट हुन्छन्। दुवैतिरको स्लिट १० देखि १२ इन्चसम्मको हुन्छ। कुर्तीका लागि कटन सबैभन्दा उपयुक्त फ्याब्रिक हो। यद्यपि मौसम र अवसरअनुसार सिल्क, जर्जेट, भिस्कोस जर्जेट, पोलिस्टर जर्जेट, क्रेप ब्लेन्डजस्ता फ्याब्रिकमा पनि कुर्ती उपलब्ध हुन्छन्। विभिन्न प्रकारका वर्कहरू जस्तै थ्रेड, बिड्स, मिरर, सिक्वेन्स, स्टोन, चिकन, प्याच आदि ब्लक प्रिन्ट, मोटिफ प्रिन्ट, क्रस स्टिच आदिले कुर्तीको फेसनेबल लुकमा थप आकर्षण बढाएको छ। मौसम र अवसरअनुरूप उपयुक्त फ्याब्रिक, डिजाइन र कलर कम्बिनेसन छनौट गरी चाहे त्यो फर्मल वातावरण होस् वा पार्टीको अवसर, क्याजुयल समय होस् वा वर्किङ प्लेस, आफ्नो आराम र सुविधासँगै कुर्तीका साथमा अझ आकर्षक, सुन्दर, फेसनेबल एवं ट्रेन्डी देखिन सकिन्छ।

**कुर्ती थरीथरीका**

**कटन कुर्ती** : कटनका कुर्ती युवतीहरूको पहिलो रोजाइमा पर्छ। कटनमा चिकन वर्कले कुर्तीलाई अलग प्रकारको सोबर लुक प्रदान गर्छ। मिहिन धागोबाट गरिएको इम्ब्रोइडरीले कुर्तीलाई रोयल लुक प्रदान गर्छ। कैयन् कटन कुर्तीमा चौडा लेस र जरीगोटाको वर्कसमेत गरिएको पाइन्छ। नेकलाइन र घेरामा प्याच वर्कको प्रयोग पनि देख्न सकिन्छ। कटन कुर्तीमा बिट्स वर्क वा सेल्फमा भएका काम पनि राम्रो हुन्छ।

**सिल्क कुर्ती** : यस खालका कुर्तीलाई पार्टी वेयरका रूपमा प्रयोग गरिन्छ। आजभोलि प्रिन्टेड पनि फेसनमा रहेको पाइन्छ। प्रिन्टेड सिल्कका कुर्तीमा ह्यान्ड इम्प्रोइडरी, जरदोजी वर्क, सिक्वेन्स, मिरर वर्क आदिले आकर्षक लुक प्रदान गर्छ। यस खालका कुर्ती सर्ट, मिडियम, लार्ज तीनवटै साइजमा उपलब्ध छन्। यिनलाई पाइजामा, स्लेक्स, पटियाला वा ट्राउजरका साथ लगाउन सकिन्छ।

**डेनिम कुर्ती** : डेनिम कुर्ती प्लेन र सेल्फमा काम गरिएका दुवै थरी पाइन्छन्। यसप्रकारका कुर्ती ब्लु कलरका अतिरिक्त अन्य सेड्समा पनि उपलब्ध छन्।

**क्रेप कुर्ती** : यस खालका कुर्तीले हल्का, सफ्ट र आरामको अनुभूति प्रदान गर्छन्। क्रेपका कुर्तीमा स्टोन र क्रिस्टल वर्क पनि गरिएको पाइन्छ। सिक्वेन्स तथा थ्रेड वर्क गरिएका कुर्ती विशेषगरी कलेज युवतीहरूबीच हट आइटमका रूपमा परिचित छन्।

**लेजर कुर्ती** : यसप्रकारको कपडाले आफैमा एउटा अलग प्रकारको लुक प्रदान गर्छ। यसखालको कुर्ती ट्रान्सपरेन्ट हुन्छन्। फेसनेबल एवं ग्ल्यामरस लुक चाहनेहरूका लागि यसप्रकारका कुर्ती उपयुक्त हुन्छन्। यसलाई इनरका साथ पनि लगाउन सकिन्छ। यसमा पनि मिरर वर्क, सिक्वेन्स तथा जरदोजी आदि गर्न सकिन्छ।

**खादी कुर्ती** : खादीको कुर्तीले सिम्पल र सोबर लुक प्रदान गर्छ। खादीमा वुडन बिड्स वर्क आकर्षक देखिन्छ। यसप्रकारका कुर्ती जिन्सका साथ बढी सुहाउँदिला हुन्छन्।

**रोजिन शाक्य**

# भेडा लडाउने मेला



नेपालगन्ज - वासुदेवपुरीका दुलारे सोनकर सधैंझैं यस वर्ष पनि भेडा डोऱ्याउँदै मेला भर्न गुरुवा गाउँ आएका छन्। उनी यहाँ वर्षभरि दाना पानी ख्वाएर हृष्टपुष्ट बनाएको भेडाको 'बहादुरी' देखाउन उनी आएका हुन्। मेलामा आएका अरू भेडासँग प्रतिस्पर्धा गराएपछि आफ्नो भेडा कति शक्तिशाली छ, त्यसको परख हुन्छ। 'दानापानी ख्वाएर हरेक दिन लडाइका गुर सिकाएको छु।' उनले आफ्नो भेडो उम्दा भएको बताए।

बेलहरीस्थित गुरुवा गाउँको मेलामा भेडा जुधाउन छिमेकी गाउँका थुप्रै तन्नेरी आएका छन्। कात्तिक पूर्णिमाका दिन सुरु भएको मेला तीन दिनसम्म चल्नेछ। यिनै तीन दिनमा 'दादा भेडा' को पहिचान हुनेछ। वर्षभरि पालेको भेडा मेलामा लडाएर रमाइलोसँगै बहादुरी प्रदर्शन गरिन्छ।

मेला भर्न सोनकरजस्तै अरू छिमेकी गाउँले पनि भेडा डोऱ्याउँदै आइपुगेका छन। गनापुरका जाबेदका दुवै हात खाली छैनन्। 'यसपटक दुईवटा भेडा प्रतिस्पर्धामा उतारेको छु,' उनले सुनाए। राझा एयरपोर्टबाट अढाई किलोमिटर पश्चिमको गुरुवा गाउँको मेलामा भेडा लडाएर रमाइलो गर्ने परम्परा छ।

यसपालि कसको भेडाले लडाइ जित्ला ? मेला भर्न टाढा-टाढाबाट आएकाहरूको आफ्नै अनुमान छ। 'परशु धोबीको भेडा तगडा छ।' धोबीकै छिमेकी बेलहरीका विक्रम कागुले अरूलाई उछिन्दै भने। उनको तर्कसँग धेरै सहमत छन। किनभने अरूको तुलनामा भेडा हेर्दै खाइलाग्दो छ। त्यसमा पनि तिखा सिङमा पनि उसले अरू भेडालाई उछिनेको छ।

गुरुवा मेलाको प्रमुख विशेषता नै भेडा लडाउने खेल हो। यो वर्षौंदेखि चलिरहेको छ। सोनकरले भने, 'मैले ३५ वर्षदेखि भेडालाई प्रतिस्पर्धामा उतारिरहेको छु।' रमाइलोमा हराइरहेका कागुले पहिले-पहिले मनोरञ्जनका साधन नभएकाले भेडा जुधाउने खेल सुरु भएको अनुमान लगाए। बर्खे बाली भित्र्याएपछिको फुर्सदिला दिनमा वर्षको एकपटक गाउँलेहरू भेडा डोऱ्याएर मेला भर्न आउँछन्, तर पछिल्ला दिनमा भेडा लडाउने खेलको रौनक कम हुँदै गएको छ। महँगो पर्ने भएकाले भेडा पालकहरूको संख्या कम हुँदै गएको रामभरोस कादुले बताए।

लडाइ सकिएपछि 'दादा भेडा' खरिद गर्नेहरूको लर्को लाग्छ। 'इनाम पनि पाइन्छ,' कादुले सुनाए- 'मूल्य उच्च हुने भएकाले वर्षभरि मेहनत गरेर पालिन्छ।' भेडा लडाउने खेल कतिपय गाउलेको सौख बनिसकेको छ। मेला सकिएपछि भेडाको बहादुरीसँग त्यो भेडा पाल्ने किसानको नाम र गाउँको चर्चा चल्ने भएकाले पनि गाउँले रिन गरेर भए पनि भेडालाई दानापानी ख्वाएर मेलामा उतार्न थालेका छन्।

कात्तिक पूर्णिमाको दिनबाट बेलहरीको गुरुवा गाउँ, बेलभारको जोगा गाउँ, गंगापुरको सोनवर्षा र होलिया आदि ठाउँमा लाग्ने मेलामा यस्तो परम्परागत खेलले निरन्तरता पाउँदै आएको छ।

**-राजेन्द्र नाथ**

# ओमविक्रमले घन्काए एलए

**साप्ताहिक समाचार**

अमेरिका- क्यालिफोर्नियाको लसएन्जलस सहरमा नेपाली पपसम्राट् ओमविक्रम विष्टको आगमन भएको कुराले स्थानीय प्रवासी नेपालीहरू उनको एकल गायन सुन्न आतुर भैसकेका थिए। एलए अर्थात् लसएन्जलसको बजारमा उनको एकल कन्सर्टका पोस्टरहरू करिब एक साताअघिदेखि झुन्ड्याइएकाले पनि होला, नेपाली दर्शकहरूको उत्साह बढी नै थियो। काठमाडौंको ठमेल होटलका सञ्चालक मदन पाठक उनको आतिथ्यमा खटिएका थिए। साँझ नेपालीहरूले ओमविक्रमको सम्मानमा दिएको रात्रिभोजमा उनले आफ्नो एउटा लोकप्रिय गीत 'म मौनतामा अल्झिरहेको एउटा जीवन' नगाई सुखै पाएनन्। ओमविक्रम यही महिना कार्यक्रमको सिलसिलामा अमेरिका पुगेका थिए।

एलएको आर्टेसियास्थित एक रेस्टुराँमा खानपिनमा रमाउँदै २ सय ५० जति श्रोता उनको गायन सुन्न व्यग्र थिए। स्याम्पेन खोलेर कार्यक्रमको आरम्भ भयो। 'म मौनतामा', 'मेरो याद अझै', 'को हो त्यो' जस्ता दर्जनौं गीत गाएपछि उनले भने- 'अब आउनुहोस्, म पनि तपाईंहरूसँगै नाच्छु'। उनले अमेरिकामा रहेका गायक गुरु ओलीसँग 'शिव मान्दै मान्दैन' गाएपछि दर्शकहरू नाच्न विवश भए। कार्यक्रमको बीचमा मदन पाठकले विष्टलाई गितार उपहार दिएका थिए। किलरोयज अफ काठमाडौंका सञ्चालक वासुदेव घिमिरेले तयार पारेको डिजर्टको स्वाद लिएपछि कार्यक्रम सकिएको घोषणा गरियो।



# पवित्र स्नान गर्दै सकियो बराहक्षेत्र मेला



**भीषण राई**

बराहक्षेत्र– प्रत्येक वर्ष आयोजना हुने बराहक्षेत्र मेला सोमबार सम्पन्न भएको छ । बराहक्षेत्रमा यही कात्तिक १२ देखि १६ गतेसम्म पाँच दिन धुमधाम मेला लागेको थियो । नेपालको चार क्षेत्र धाममध्ये बराहक्षेत्र पनि एक हो । सुनसरी जिल्लाको बराहक्षेत्र गाविसमा लाग्ने यो मेलामा यस पटक पहिलेको भन्दा धेरै भक्तजनको भीड लागेको थियो । लाखौंको संख्यामा तीर्थालु भक्तजनले बराहक्षेत्र मन्दिरको दर्शन गर्न आइपुगेको मेला सञ्चालन समितिका सदस्य नवराज राईले बताए ।

सुनसरी जिल्लाको उत्तरतर्फ रहेको बराहक्षेत्र गाविसमा वडा नं १ बराहक्षेत्रमा अवस्थित पवित्र कौशिकी नदी र कोका खोलाको किनारमा विराजमान बराह भगवान्को पूजा–अर्चना गरे मनोकांक्षा पूरा हुने धार्मिक जनविश्वास रहेको पाइन्छ । सुरुका दिनमा भक्तजनहरू कम भए पनि चौथो र पाँचौं दिन भने उनीहरूको भीड बढेको थियो । जम्मा पाँच दिन लागेको बराहक्षेत्र मेलामा यसपटक लाखौंको संख्यामा तीर्थालु भक्तजन पूजा–अर्चना गर्न आइपुगेका थिए । कोकाहा र सप्तकोसीको संगमस्थलको पवित्र जलमा स्नान गरे शरीरमा रोग नलाग्ने र दीर्घरोग पनि निको हुने जनविश्वास छ । हरिबोधनी एकादशीदेखि पूर्णिमासम्म लाग्ने यो मेलामा भाकल गर्नेहरू कात्तिकमा पूर्णिमा हेरेर पूजा गर्न आउने भएकाले चौथो दिन भने विशेष भीड बढेको थियो ।

मेलामा धर्मकर्मबाहेक घुम्न आउनेहरू पनि हुन्छन् । मनोरञ्जनका लागि मेलामा विभिन्न खेल तमासा पनि राखिएका थिए । मेलाको अर्को आकर्षण भनेको यहाँको प्राकृतिक दृश्य पनि हो । अरू बेलाभन्दा यस पटक बराहक्षेत्र गाविसले थप व्यवस्थित गरेर मेला लगाएको थियो । यसपटक यहाँ सुनसरीलगायत देशका विभिन्न भागका साथै छिमेकी मुलुक भुटान र भारतबाट पनि भक्तजनहरू मेलामा दर्शन गर्न आएका थिए ।

तीर्थालु भक्तजनहरूमध्ये ९५ प्रतिशत भारतीय मूलका थिए । त्यसैले यसलाई भारतियहरूको धार्मिक मेला पनि मान्न सकिन्छ । स्कन्द पुराणमा उल्लेख भएअनुसार भारतको गंगामा गएर हजारौंपल्ट स्नान गरे पनि यहाँ हरिबोधनी एकादशीदेखि पूर्णिमासम्म बराहक्षेत्र मन्दिर छेउमा बग्ने पवित्र कौशिकी र कोकाहाको संगमस्थलमा एकपटक मात्र स्नान गरेर बराह भगवानको दर्शन गरे मोक्ष प्राप्त हुने उल्लेख भएकाले पनि भक्तजनहरू यहाँ आउने गरेको मन्दिरका पुजारी योगेश भण्डारीले बताए ।

अग्लो र नागबेली परेको बाटोबाट पुग्नुपर्ने यो ठाउँमा लाग्ने मेलाको आकर्षण अरूभन्दा भिन्न छ । यसपटक कुनै बन्द–हड्तालले मेलालाई असर नपारेकाले पनि तीर्थालु भक्तजनहरूको संख्या बढेको स्थानीय समाजसेवी गणेश विरहीले बताए । यस वर्ष भक्तजनहरूको संख्या ह्वात्तै बढेको मेला समितिका संयोजक गाविस सचिव सैनध्वज राईले बताए । उनले भने– 'यस पटक पहिलेजस्तो बन्द–हड्तालले मेलालाई छेकेन ।'

# सत्यवती तालमा तीनदिने महोत्सव



**माधव अर्याल**

पाल्पा– कोलडाडा गाविस १ र ४ को बीच जंगलस्थित सत्यवती तालमा यही कात्तिकको १४ देखि १६ गतेसम्म लागेको तीनदिने महोत्सव सम्पन्न भएको छ । सत्यवती ताल व्यवस्थापन समितिका अनुसार २ लाखभन्दा बढी भक्तजनले सत्यवती माईको दर्शन गरेका छन् । तीन दिन तीन रात मानिसको घुइँचो लागेको र भीड थामिनसक्नु भएको आयोजक समितिका सदस्य प्रेम दर्लामीले बताए ।

उनका अनुसार विगतका वर्षमा भन्दा यस वर्ष चौबर श्रद्धालुले सत्यवती माईको दर्शन गरेका छन् । विगतमा ५० हजारजति दर्शक यहाँ सत्यवतीमाईको दर्शन गर्न आउँथे । यो स्थानमा चिच्याएर वर माग्ने चलन छ । भेटी मात्र ३ लाखभन्दा बढी संकलन भएको अनुमान आयोजकहरूको छ ।

यहाँ १० हजारभन्दा बढी बोकाको बली दिइएको छ । हजारौं श्रद्धालुले परेवा चढाएका छन् । अत्यधिक भीडकै कारण मेलालाई व्यवस्थित गर्न आयोजकलाई हम्मे–हम्मे परेको थियो । 'भीड थामि नसक्नु भएपछि आधाभन्दा बढीसँग त बोका चढाएको दान संकलन गर्न समेत भ्याइएन' समितिका कोषाध्यक्ष विष्णु थापाले भने, 'एक–दुई रुपैयाँ भेटीको त कुरै भएन, जति नचढाउन अनुरोध गरे पनि तालमै पैसा फालिदिएर हैरानी भयो ।'

पूरै तालको वरिपरि मानिसले ढाकेको ढाक्यै भएपछि स्थानीय बासिन्दा पनि यस पटकको सत्यवती माई मेला देखेर अचम्ममा परे । कात्तिकमा पूर्णिमा परे यहा बढी श्रद्धालु आउँछन् । यहाँ तालको वरिपरि चिच्याउदै तीन फन्को मार्नुपर्ने र सत्यवती मन्दिरमा पूजा गरियो भने मनोकामना पुरा हुन्छ भन्ने जनविश्वास छ ।

धार्मिक महत्वकै कारण पाल्पाका विभिन्न स्थानका साथै छिमेकी जिल्ला रूपन्देही, स्याङ्जा गुल्मी, अर्घाखाची, नवलपरासी, कपिलवस्तु, दाङ कास्की, काठमाडौंलगायत भारतको गोरखपुर, लखनउ, नौतनहवाबाट समेत मेला भर्न आएका थिए ।

## विज्ञान प्रदर्शनीमा




बुटवल– तीन महिना लामो समय खर्चेर बनाएको रोबोट क्रेनलाई प्रदर्शनीमा राखेर सयौं दर्शकलाई यसको वर्णन गर्न पाउँदा देवदह मा.वि. कक्षा १० का छात्र धनपति पाण्डे औधी उत्साहित र दंग देखिन्थे । रूपन्देहीको सरकारी स्कुलमा अध्ययनरत यी किशोरले बनाएको रोबोट क्रेन बुटवलमा तीन दिनसम्म सञ्चालित बृहत् विज्ञान प्रदर्शनीको प्रमुख आकर्षण बनेको थियो । काठको टुक्रा र विद्युतीय मोटर जोडेर बनाइएको र रिमोट दबाएपछि वास्तविक क्रेनजस्तै चल्ने यो क्रेन हेरेपछि प्रदर्शनी अवलोकन गर्ने धेरैले इमर्जेन्सी लाइट र पंखा पनि बनाएर प्रदर्शनीमा राखेका छात्र पाण्डेलाई स्याबासी दिए । आकाशबाट परेको पानीलाई जम्मा गरेर फिल्टर गरी कसरी शुद्ध गर्न सकिन्छ भन्ने प्रोजेक्ट बनाएर प्रदर्शनीमा सहभागी सिद्धार्थ बोर्डिङ कक्षा ९ का मोनालिसा खनाल र दीक्षा पुरी पनि आफूहरूको प्रोजेक्टप्रति दर्शकको प्रतिक्रियाबाट दंग देखिन्थे । खनाल र पुरी भन्दै थिए– 'भविष्यमा विज्ञानको क्षेत्रमा केही गरेर राष्ट्रलाई योगदान गर्न प्रदर्शनीले उत्साह भरिदियो ।' पाण्डे, खनाल र पुरीजस्तै रूपन्देही जिल्लाका २५ विद्यालयका विद्यार्थीहरूले आ–आफ्नो खोज र आविष्कारलाई प्रदर्शनीमा राखेर धेरै कुरा सिक्ने अवसर पाए । स्कुले उमेरका विद्यार्थीहरूमा भएको विज्ञानसम्बन्धी प्रतिभा बाहिर ल्याउने उद्देश्यले रूपन्देही स्टुडेन्ट काउन्सिलले जिल्लास्तरीय विज्ञान प्रदर्शनी सुखानगरस्थित एभरेस्ट बोर्डिङ स्कुलमा आयोजना गरेको हो ।

प्रदर्शनीमा छात्रछात्राले आविष्कार गरेका वस्तुका ७५ स्टल राखिएका थिए । स्टलहरूमा सोलार हिटर, गोबर ग्याँस प्लान्ट, ग्रीन हाउस, हाइड्रोपावर प्रोजेक्ट, हाइड्रोलिक प्रेसर, धान तथा गहुँ काट्ने मेसिन, विद्युतीय मानव (रोबोट), एफएम, सूक्ष्मदर्शक यन्त्र, भूकम्पको जानकारी पाउने यन्त्रका साथै यातायात, स्वास्थ्य, शिक्षा, सडक आदि पूर्वाधारको विकाससहितको नयाँ नेपालको खाका पनि प्रदर्शन गरेका थिए । लोकनृत्य र विज्ञानसम्बन्धी क्विज प्रतियोगितासहित शुक्रबारदेखि आइतबारसम्म चलेको प्रदर्शनीमा विद्यार्थी, अभिभावक र विज्ञान क्षेत्रसँग सरोकार राख्ने करिब १० हजारले अवलोकन गरे । प्रदर्शनीमा राखिएका स्टल अवलोकनकर्ताको मतका आधारमा डनचिल्ड्रेन बोर्डिङ उत्कृष्ट तथा सिद्धार्थ बार्डिङ द्वितीय र एभरेस्ट बोर्डिङ तृतीय भए ।

**- टोपराज शर्मा**

## विन्डोज सेभेन सित्तैंमा

क्याम्पसमा अध्ययनरत विद्यार्थीका लागि यो खबर सुखद हुनसक्छ, उनीहरूले माइक्रोसफ्टको पछिल्लो कम्प्युटर अपरेटिङ सिस्टम विन्डोज सेभेन सित्तैमा पाउनेछन् । विश्वको प्रमुख सफ्टवेयर निर्माण कम्पनी माइक्रोसफ्टले नेपाली क्याम्पसका विद्यार्थीलाई यो सफ्टवेयर सित्तैमा उपलब्ध गराउने भएको हो । नेपाली विद्यार्थीलाई यो अपरेटिङ सिस्टम उपलब्ध गराउने जिम्मेवारी पाएको छ, माइक्रोसफ्ट नेपालले । माइक्रोसफ्ट भिस्टापछि आएको विन्डोज सेभेन गत अक्टोबर २२ मा सार्वजनिक भएको थियो ।

क्याम्पसमा अध्ययनरत विद्यार्थीले डब्ल्युडब्ल्युडब्ल्यु डट माइक्रोसफ्ट डट कम/एमएसडीएनएए लगअन गरेर विन्डोज सेभेन डाउनलोड गर्न सक्ने माइक्रोसफ्ट नेपालले जनाएको छ । नेपाल सरकार र माइक्रोसफ्टबीच केही महिनाअघि भएको समझदारीअनुसार यो सेवा प्रदान गरिएको हो ।

अन्तर्राष्ट्रिय बजारमा यो सफ्टवेयरको १ सय २० देखि ३ सय डलरसम्म पर्छ । यसमा स्टार्टर, होमी प्रिमियम, प्रोफेसनल, अल्टिमेट, आइएम र इन्टरप्राइजजस्ता छ संस्करण समावेश छन्, जुन नेपाली विद्यार्थीले सित्तैमा पाउनेछन् । आफू अध्ययनरत क्याम्पसबाट आफ्नो पासवर्ड लिएर मात्र यो अपरेटिङ सिस्टम डाउनलोड गर्न सकिन्छ । त्यसो त माइक्रोसफ्ट नेपालको वेबसाइटबाट सिधै डाउनलोड गर्न पनि सकिने व्यावस्था छ, तर त्यसका लागि उक्त कार्यलयमा कलेजको विद्यार्थी भएको प्रमाण पेस गर्नुपर्ने हुन्छ ।

माइक्रोसफ्टले व्यावसायिक रूपमा पनि विन्डोज सेभेन नेपालमा ल्याइसकेको छ । आई ड्रिम प्रोफेसनल प्रा.लि.ले यसलाई नेपाल भित्र्याएको हो । नेपालमा होम प्रिमियमको मूल्य १२ हजार ५ सय र प्रोफेसनलका मूल्य १९ हजार ५ सय रुपैयाँ छ । विन्डोज सेभेनको नेपाली संस्करण ल्याउने तयारीसमेत भैरहेको छ । आगामी डिसेम्बरसम्म नेपाली संस्करण सार्वजनिक हुने माइक्रोसफ्टले जनाएको छ ।

## प्रतिभा प्रदर्शनमा बालबालिका



**साप्ताहिक समाचार**

गत शनिबार लिटल एन्जल्स स्कुलमा आयोजित एक समारोहमा बालदीक्षा सदनका सरुन जोन्छेले माइकल ज्याक्सनलाई सम्झाइदिए । सोलो डान्स प्रस्तुत गर्ने क्रममा स्टेजमा उत्रिएका सरुनले ज्याक्सन शैलीमा नाचेर उपस्थित सबैलाई मनोरञ्जन मात्र प्रदान गरेनन्, प्रथम पुरस्कारको हकदार पनि बने ।

गैरसरकारी संस्था एसएम फाउन्डेसनको आयोजना तथा सिगेट इन्स्टिच्युट अफ टेक्नोलोजीको प्रायोजनमा राजधानीका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई भिन्न विधामा अडिसन लिएर फाइनल प्रतिस्पर्धा गरिएको थियो । 'विद्यार्थीमा रहेको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले उक्त ट्यालेन्ट शो आयोजना गरिएको हो,' कार्यक्रम आयोजक संस्था एसएम फाउन्डेसनका मधुर के श्रेष्ठले भने– 'प्रतियोगितामा बालबालिकामा रहेका अचम्मका प्रतिभाले उपस्थित अभिभावकलाई पर्याप्त मनोरञ्जन दिएको हाम्रो विश्वास छ ।' भ्याली ट्यालेन्ट शो शीर्षकको उक्त कार्यक्रममा सोलो डान्समा जेम्स स्कुलकी मानश्रीले दोस्रो स्थान तथा सेन्टमेरिज स्कुलमा कक्षा ७ मा अध्ययनरत सुधा कट्टेलले तेस्रो स्थान हासिल गरेका थिए । 'खुट्टा तान्दै गर' गीतमा सुधाको नृत्यलाई पनि दर्शकले उत्तिकै प्रशंसा गरेका थिए ।

कार्यक्रममा वाद्यवादन प्रस्तुति विधामा जेम्स स्कुलका अशेष राईले तबला तथा गिटार बजाएर सर्वोत्कृष्ट भएका थिए भने वक्तृत्वकलामा पनि जेम्सकै देवेश बेलबासे सर्वोत्कृष्ट भए । वक्तृत्वकलामा सेन्ट जेभियर गोदावरीकी प्रविना श्रेष्ठ र परिवर्तन श्रेष्ठ क्रमशः दोस्रो र तेस्रो भएका थिए । त्यसैगरी गायन विधामा रोशन श्रेष्ठ प्रथम, आशो राजथला दोस्रो र सेन्टमेरिज स्कुलकी आश्मा र उनको समूह तेस्रो भए । प्रतियोगितामा नाट्य विधामा उत्कृष्ट नाटक प्रस्तुत गरेका लिटल एन्जेल्स स्कुलका सुशीलचन्द्र बोहोरा र ज्यानेट श्रेष्ठले सर्वोत्कृष्ट हुँदै पुरस्कार हात पारे । त्यसैगरी क्विज कन्टेस्टमा जेम्स स्कुलका बिनम घिमिरे, सेन्टमेरिज स्कुलकी ज्वाला ढकाल र आइडियल मोडल स्कुलका उत्सव सापकोटा क्रमशः पहिलो, दोस्रो र तेस्रो भए । यस्तै आइटी कन्टेस्टमा सेन्ट जेभियर गोदावरीका हिमाल गौतम, स्पोर्ट्स टाइममा सेडिक इकेडा इन्टरनेसनल, म्याजिकमा जेम्सका सायाम गौतम तथा सर्कसमा जेम्सकै दानसिंह लामा सर्वोत्कृष्ट भएका थिए । प्रतियोगिताको आर्ट विधामा भने लिटल एन्जल्सकी रक्षा श्रेष्ठ र उनको समूह पुरस्कारको हकदार बने ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

राधेश्याम काका स्वर्गवास हुनुभयो । स्थानीय पत्रिकामा काकीले विज्ञापन दिनुभयो-

'राधेश्यामजी स्वर्गवास, किरिया पन्ध्र गते सबैलाई निम्तो ।'

'५ सय रुपैयाँ तिरेपछि दस शब्दसम्म लेख्न मिल्छ, अरु तीन शब्द थप्न सम्पादकले काकीलाई भने ।

काकीले तीन शब्द यसरी थपिन्-

'राधेश्यामजी स्वर्गवास, किरिया १५ गते सबैलाई निम्तो । साइकल बिक्रीमा छ ।'

ooo

एक लोकप्रिय पत्रिकाको बजार प्रतिनिधि एउटा व्यापारीसँग विज्ञापन लिने प्रयास गर्दै थियो,

'पर्दैन भाइ' हाम्रो यो डिपार्टमेन्ट स्टोर पचास वर्षदेखि चलिरहेको छ । हामीले अहिलेसम्म विज्ञापन गर्नु परेको छैन र गर्दैनौं पनि ।'

'ठीकै छ' प्रतिनिधिले भन्यो- 'म जान्छु तर एउटा प्रश्न गरौं ?'

'गर्नुस् ।'

'यो तपाईंको स्टोर अगाडिको घर के हो ?'

'मन्दिर हो ।'

'धेरै पुरानो जस्तो छ ।'

'पाँच सय वर्ष पुरानो हो ।'

'तर पनि घण्टी त बजाउनुपर्छ नि ।'

ooo

दुई जना जँड्याहाको पूर्णिमाको राति एउटा पुलमा भेट भयो । उनीहरूले चुरोट साटासाट गरे । त्यसै बेला एउटा जँड्याहाले पुलमुनि हेऱ्यो नदीमा चन्द्रमाको छायाँ थियो । उसले अर्कोसँग सोध्यो-

'ओई, त्यो तल के हो ?'

'त्यो चन्द्रमा हो...' दोस्रोले हेर्दै भन्यो ।

'हे भगवान्' पहिलोले डराउँदै भन्यो -

'यदि चन्द्रमा तल छ भने हामी कहाँ छौं ?'

ooo

एउटी महिला आफ्नो लोग्ने हराएको रिपोर्ट लेखाउन पुलिस चौकी आइन्- 'तपाईं आफ्नो लाग्नेको हुलिया भन्नुस्' पुलिसले भन्यो- 'हामी तपाईंका श्रीमान्लाई जसरी भए पनि खोज्छौं ।

'ऊ डल्ले-पुड्के छ, तीन फुटको, नाक पकौडी जस्तो छ, दाह्रा निस्किएको छ, कान मुसाको जस्तो छ, दाह्री-जुंगा पनि बोकाको जस्तो, एउटा खुट्टा खोच्याएर हिँड्छ, कपाल खुइलेछ... आँखा... भैगो पुलिस भाइ हराओस् बजिया हिँडे म घरतिर ।'

### मेरो कुरो

तपाईंले पानी मात्र खाँदा पनि मोटाएर हैरान तर तपाईंको साथी रामे दिनभरिमा दुईवटा कुखुरा, एक दर्जन अण्डा, दही एक किलो खान्छ र पनि स्लिम नै हुन्छ ।

## ● कविता ●

# बद्री सिवाकोटीका कविता



### रुन हुन्न बरै

विगतका कुरा सम्झी रुन हुन्न बरै
स्वच्छ मन आँसुले धुन हुन्न बरै
भर पर्न हुन्न विश्वासघाती माथि
आकाशका ताराहरू जून हुन्न बरै
विष ओकल्छ साँपले दूधै दिए पनि
बैगुनीलाई जे गरे नि गुन हुन्न बरै
अपराधीजन सधैं अपराधै गर्छन्
फलाम त जलपले सुन हुन्न बरै
मर्नुपरे पनि मर्छ नेपाली त सधैं
मर्न डराउने नेपाली खुन हुन्न बरै ।

### आफ्नै घाँटी सेऱ्यौ कि त

दोबाटोमा उभिएर मेरै बाटो हेऱ्यौ की त
मेरै लागि तिम्ले कतै दुई शब्द केऱ्यौ कि त
कति राम्रो सुहाएको नेपाली त्यो पहिरन
गुन्यू चोली चौबन्दी र पटुकी पो बेऱ्यौ कि त
कहीं कतै देखिन्नौ नि कता गयौ साथी अचेल
लगनगाँठो समाएर जीवनसाथी फेऱ्यौ कि त
मलाई न पाएदेखि विषै खान्छु भन्थ्यौ तिमी
आफैदेखि हार खाई आफ्नै घाँटी सेऱ्यौ कि त ।

### हाँस्न पनि सकिएन

तड्पी तड्पी तिम्रा निम्ति बाँच्न पनि सकिएन
तिम्रै निम्त यो जीवन साँच्न पनि सकिएन
नाच्न मन धेरै थियो तिम्रो मादलुको तालमा
भाँचिएछ खुट्टा मेरो नाच्न पनि सकिएन
बाहिर सुन्छु तिमी मलाई धेरै माया गर्छ्यौ अरे
कस्तो हो यो तिम्रो माया जाँच्न पनि सकिएन
तिमीसँग हाँस खेल गर्ने मलाई मन पनि छैन
अन्तै कतै माया लगाई हाँस्न पनि सकिएन ।

### फर्किएर आउँदिन म

तिम्रो माया पुग्यो मलाई, फर्किएर आउँदिन म
फेरि अब तिमीतिर लर्किएर आउँदिन म
जति लाग्नु लागें पछि अब लाग्नु छैन रत्ती
लम्की झम्की धम्की खान थर्किएर आउँदिन म
देवी देउता भाकी कसम कति खानु तिम्रा लागि
तिम्रै निम्ति सञ्जीवनी छर्किएर आउँदिन म
जब तिमी टाढा भयौ अर्कै फूल भेटें मैले
यस्ती कोमल फूलसँग लर्किएर आउँदिन म ।

### उमेर धेरै चढेपछि

केहि नबुझी केही नसोंची त्यसै अघि बढेपछि
पछि मात्रै थाह पाउँछन् जीवन त्यसै सडेपछि
पढ्ने लेख्ने उमेरमा हाँस्दै खेल्दै बरालिन्छन्
पछि पछुताउँछन् हजुर सानैमा नपढेपछि
मानिसहरू बरालिंदै खेल्दै त्यसै हिंड्छन् हजुर
पछि थाह पाउँछन् हजुर जीवन त्यसै सडेपछि
समयको रफ्तारको ख्याल यिनलाई छैन हजुर
बुद्धि बल्ल पछि आउँछ उमेर धेरै चढेपछि ।

### अब थाकें म त

तिम्रो बाटो हेर्दाहेर्दै हेर अब थाकें म त
तिम्रो साथ खोज्दाखोज्दै हेर अब थाकें म त
कति आशा गरौं अब तिम्रो साथ पाउँछु भनी
तिमीसँग हार खाई हेर अब थाकें म त
नदिएको होइन मैले तिमीलाई धेरै माया
तिमीलाई माया दिंदादिंदै हेर अब थाकें म त ।

## ● लघुकथा ●



# परिश्रम बोध

हरि मेधावी छात्र थियो । आठौं कक्षामा छँदा घर-परिवारमा भएको एउटा घटनाले उसको मस्तिष्कमा नराम्रो असर पऱ्यो । उसले स्मरणशक्तिमा ह्रास आएको महसुस गऱ्यो । कक्षामा ऊभन्दा तल्लो अंक ल्याउने साथीहरूले उछिने । हरिले प्रवेशिका परीक्षा उत्तीर्ण गऱ्यो– तृतीय श्रेणीमा । प्रवेशिका परीक्षामा तल्लो श्रेणीमा पास भएकाले उसका बुबाले काठमाडौंमा नोकरी गरेर कलेज पढ्ने सल्लाह दिए ।

ग्रामीण परिवशेमा हुर्किएको हरि आफूलाई काठमाडौंको व्यस्त जीवन सरल र सहज हुन गाह्रो परिरहेको कुरा साथीहरूलाई सुनाउँथ्यो । ऊ आफ्नो मन-चित्त शान्त राख्न पुस्तकालयमा गएर प्रसिद्ध वैज्ञानिकहरूले झेलेका र भोगेका कठिन समयहरूका बारेमा अध्ययन गर्थ्यो। ऊ हरेक दिन पत्र-पत्रिकामा जीवनयात्रा र विश्वका प्रसिद्ध मानिसहरूको जीवनी अध्ययन गर्न थाल्यो ।

उसले जीवनमा संघर्ष नगरी सफलताको नजिक पुग्न सकिँदैन भन्ने कुरा बुझ्यो । विगतका आलस्यका दिन तथा स-साना समस्या आइपर्दा दुःखी हुने, पिरोलिने बानीबाट मुक्ति पाएको अनुभव गऱ्यो ।

**–विष्णुकुमार भट्टराई**




# ओइरो पर्यटकको

पोखरा- यतिबेला विछट्टै खुलेको छ पोखरा । आहा कति सुन्दर पोखरा ! सबैको मुखबाट यही वाक्य निस्कन्छ । त्यसैले यहाँ स्वदेशी तथा विदेशी पर्यटकहरू ओइरिएका छन् । यतिबेला पोखराका पर्यटन व्यवसायीहरूमा बेग्लै उत्साह छ । पर्यटकीय मौसमको सुरुवातसँगै एकाएक वृद्धि भएको पर्यटकको चापका कारण व्यवसायीहरूले सन्तोषको सास फेरेका छन् । उनीहरूलाई अहिले आन्तरिक तथा बाह्य पर्यटकहरूको स्वागत-सत्कार गर्न भ्याई -नभ्याई छ । पार्टनरसिपमा लेकसाइडमा होटल ब्लु हेभन तथा मोनिला चलाएका भीम पौडेल यतिबेला फुरुङ्ग छन् । उनले अहिले होटलका कोठा खाली नभएको बताए ।

स्वदेशी र विदेशी पर्यटक बराबर छन्, उनले भने, 'अहिले त सेवा पुऱ्याउन पनि हम्मे-हम्मे परेको छ ।' यो उनको मात्र भनाइ होइन, पर्यटकीय क्षेत्र लेकसाइडका अरू व्यवसायीहरूको पनि हो । अहिले होटलका कोठाहरूको अग्रिम बुकिङले कोठा पाउनसमेत मुस्किल भएको अवस्था छ । केही साता अघिसम्म सुनसान देखिएको पोखराको एक मात्र तारे होटल फूलबारीसमेत पर्यटकले भरिभराउ छ । पर्यटकीय स्तरका होटल मात्र होइन, अन्य सानातिना होटल पनि खचाखच छन् ।

दसवर्षे द्वन्द्वले धराशायी अवस्थामा पुगेको यहाँको पर्यटन व्यवसायमा लोकतन्त्र स्थापनापछि केही सुधारको संकेत आएको छ । यो सुधारसँगै व्यवसायीहरूमा पनि आशाको सञ्चार भएको छ । आशासँगै



व्यवसायीहरूले लगानीसमेत बढाउन थालेका छन् । पलायनको अवस्थामा पुगेका होटल व्यवसायीहरू पुनः यही व्यवसायमा फर्किएका छन् । अहिले पर्यटकहरूको तीव्र आगमनसँगै यहाँ होटलहरू थपिने क्रम पनि बढेको छ । व्यवसायीहरू पर्यटकलाई स्तरीय सेवा दिन मरिमेटेर लागेका छन् । उनीहरू कोठामा एसी जडानदेखि जनशक्ति थप गरी होटलका कोठाहरू चिरिच्याँट्ट पार्न लागिपरेका छन् । पर्यटकहरूको बढ्दो आगमनसँगै होटलहरू राम्रो अकुपेन्सीमा चलिरहेका छन् । अघिपछि समसाँझै सुनसान देखिने लेकसाइड क्षेत्रमा पनि राति अबेरसम्म चहलपहल हुन्छ । पर्यटकको चापले डुङ्गा व्यवसायीहरूलाई पनि चापाचाप छ । पोखरा आएपछि पर्यटकहरू डुङ्गा शयर नगरी फर्कंदैनन । अहिले बिहानदेखि बेलुकासम्म डुङ्गा चढनेहरूको भीड लाग्ने गरेको छ । यहाँका डिस्को, डान्स र दोहोरी साँझहरू रातभर घन्किन थालेका छन् ।

पर्यटकहरू लेकसाइडका होटल र रेस्टुराँमा मात्र सीमित छैनन् । विश्वकै चर्चित अन्नपूर्ण पदयात्रा मार्गमा पनि पर्यटकहरूको लस्कर देखिन्छ । निजी, सार्वजनिक तथा हवाईमार्गबाट पनि पर्यटकहरू भित्रिने क्रम बढेको छ । अझै पनि पोखरा काठमाडौंका लागि पर्याप्त मात्रामा हवाई सेवा उपलब्ध हुन सकेको छैन । हवाई सेवा नहुँदा पर्यटकहरू समयमा पोखरा पुग्न नसकेको व्यवसायीहरूको गुनासो छ । पर्यटकीय बसबाट स्वदेशी तथा विदेशी गरी दैनिक १ हजारभन्दा पर्यटक यहाँ भित्रिने गरेका छन् । यहाँ पर्यटकीय स्तरका होटलको संख्या करिब ४ सय छ भने तिनको शैय्या क्षमता ९ हजार छ ।

यतिबेला यहाँका सेताम्मे हिमाल मात्र होइनन, प्राकृतिक दृश्य पनि त्यतिकै मनमोहक देखिन्छन् । पर्यटकहरू मौसमको अनुकूलतासँगै यहाँका मनोरम दृश्यमा विचरण गर्न लालायित हुन्छन् । यहाँका फेवाताल, पाताले छाँगो, सराङकोट गुफा, शान्तिस्तूपा आदि रमणिय स्थलमा आन्तरिक तथा बाह्य पर्यटकको लावालस्कर देखिन्छ । त्यसैगरी नजिक पर्ने धान्द्रुक, सिक्लेस, धम्पुस, लुम्लेजस्ता आकर्षक पर्यकटीय गाउँहरू पर्यटकको पहिलो रोजाइमा पर्छन् । यही ठाउँमा पैदल हिंडेर जाने पर्यटकको संख्या पनि अहिले त्यत्तिकै छ । पैदल हिंडेर जाने कतिपय पर्यटक लुटिने र पिटिने घटना पनि भएका छन् । त्यसले पर्यटक आगमनलाई नराम्रो असर पारेको छ । । पर्यटन आगमनसँगै उनीहरूको पोखरा बसाइ लम्ब्याउन सुरक्षाको दरो व्यवस्था गर्नुपर्ने टड्कारो आवश्यकता छ, पश्चिमाञ्चल होटल संघका अध्यक्ष गोविन्द पहारी भन्छन्, असुरक्षाले पर्यटकमा नराम्रो छाप पर्न सक्छ ।'

त्यसै गरी व्यवसायीहरू राजनैतिक अस्थिरता र बन्द हड्तालबाट पनि दिक्क छन् । उनीहरू यस किसिमको गतिविधि नहुने हो भने पर्यटक आगमनमा भारी वृद्धि हुने बताउँछन् । 'हामी पर्यटन व्यवसायीहरूको ठूलो शत्रु भनेकै बन्द-हड्ताल हो, यो नहुने हो भने पर्यटन व्यवसाय उकासिन बेर लाग्दैन,' पर्यटन व्यवसायी विप्लव पौडेलले भने, 'बन्द-हड्ताललाई राज्यले निरुत्साहित गर्नुपर्छ ।'

सन २००७ मा पोखरामा १ लाख ६५ हजार १ सय ७७ आएका थिए भने २००८ मा त्यो संख्या बढेर १ लाख ८६ हजार ६ सय ४३ पुग्यो । २००९ मा अहिले देखिएको पर्यटकको चापले त्यो संख्या अझ बढ्ने अनुमान व्यवसायीहरूको छ । नेपाल आउने पर्यटकहरूमध्ये ४० प्रतिशत पर्यटक पोखरा पुग्छन् ।

**–शिव शर्मा**



## • सन्देश •

अनिता, म तिमीलाई अति माया गर्छु तर तिमीले मप्रति जुन व्यवहार गर्‍यौ त्यसले मेरो जीवनमा ठूलो घात पुर्‍याएको छ तर पनि ती विगतका सारा कुराहरूलाई सहज रूपमा लिएको छु । तिमीलाई पाउन म जे पनि गर्न तयार छु ।

**रमेश**

साथीहरू रेनु, दीपिका, परिता, मधु, सनिता, सचिना, लक्ष्मी, सुनिता तथा बहिनी लक्की, भाइ एकेन्द्र, विक्रम तथा अविनलाई धेरै-धेरै शुभकामना । विशेष गरेर एस.बी. केरुङलाई ।

**भक्ति**

मित्रहरू सागर, यशु, दीपक, मिलन, प्रेम, सुनिल, सुरज, मोनिका, सरिता, सन्ध्या, इन्दिरा, स्मृति, संगीता, इन्दु, विनेश, दिलीप तथा समिरलाई मीठो सम्झना अनि प्रगतिको कामना ।

ujwal-khadka@yahoo.com

वन्दना, निशा, कविता, पूजा लगायत सम्पूर्ण साथीहरूलाई सम्झना एवं शुभकामना ।

**शीतल आचार्य**

मेचीदेखि महाकालीसम्मका सम्पूर्ण मित्रहरूमा मीठो सम्झनाका साथै न्यानो माया । आदरणीय मित्रहरू पत्र कोर्दै गर्नु ल ।

**करण**

साथीहरू दीपक, राजेश, विदुर, चन्द्रभाइ लगायत सबै चिरपरिचित मित्रहरूमा सम्झना अनि प्रेम ।

**रवीन्द्र पाण्डे**

मामा, इन्दिरा, निशा, प्रतीक्षा, सिर्जना, सजिना, भाञ्जाहरू कैलाश, विकास, रमेश, माधव, सोनाम, राजु, राजन तथा रमेशलाई मीठो सम्झना ।

**कृष्ण कुँवर**

मेरा इष्टमित्र तथा आफन्तहरूलाई धेरै-धेरै शुभकामना ।

**विनोद खतिवडा**

साथीहरू निरज, गोविन्द, नवराज, गोपी, इमरान, इर्फान, सागर, वसन्त, मुना, सन्ध्या, लक्ष्मी दिदी लगायत सुनसरी क्याम्पसमा अध्ययनरत सबैलाई सम्झनाका साथै निरन्तर प्रगतिको कामना ।

**विनोद**

सबै इष्टमित्र तथा आफन्तहरूलाई सुख-शान्ति तथा अमनचैनको शुभकामना ।

**संगीता कार्की**

समस्त नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको कामनाका साथ हितैषी मित्रहरूमा दीर्घायुको शुभकामना ।

**विवेक**

शुभ, जन्मदिनको धेरै-धेरै शुभकामना । तिमीले चालेका हरेक पाइलाले सफलताको सगरमाथा चुमून्, तिम्रो उत्तरोत्तर प्रगति एवं दीर्घायुको कामना गर्दछु ।

**भाइ एन**

सुलोचना, उर्मिला, सुनिता, आर्जिता, देवी, सजिना, कविता, भूमिक्षा, गंगा, श्रीश, अनिसा, लक्ष्मी, शान्ता, रेशप, कुशल, सुन्दर, मूलमान तथा वीरेनमा सम्झना एवं शुभकामना ।

**अज्ञात**

मित्रहरू कमला, प्रिया, कविता, श्वेता, अनिसा, जुना, भीम, निर्मला, दुर्गा शम्भु, पर्वलाल तथा रुद्रलाई उत्तरोत्तर प्रगतिको शुभकामना ।

**कमल जिसी**

इष्टमित्र तथा आफन्तजनहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको शुभकामना ।


**राज**

अञ्जना, अहिले तिमी कहाँ छौ ? सुनेको थिएँ, स्टाफ नर्स पढ्दै छौ । जहाँ भए पनि इमेल गर । साथै साथीहरू मौसमी, अर्जुन तथा दिदी अमृतामा सफलताको शुभकामना ।

**टासी**

## उसैको सम्झना

## • जीवनको गोरेटोमा •



जब म एक्लो हुन्छु, त्यतिबेला उनलाई सम्झिरहेको हुन्छु । म दिनभर काममा व्यस्त हुन्छु, त्यसैले सम्झना गर्ने फुर्सद हुँदैन । बिहान आँखा खोल्नेबित्तिकै सबैभन्दा पहिले उनलाई नै सम्झन्छु । जिन्दगी जीउने क्रममा जीवनमा धेरै साथी भेटिन्छन्, तर सीमित साथीहरू हाम्रो मन अनि मस्तिष्कमा बस्न पुग्छन् । तीमध्ये पनि एउटा मात्र मन मिल्ने साथी हुन्छ । मेरो जीवनमा पनि एउटी त्यस्ती साथी आइन् जसलाई जति बिर्सने प्रयास गर्छु, उति नै याद आउँछ ।

सबैलाई माया दिन सकुँ अनि आफूले पनि धेरैभन्दा धेरै माया बटुल्न सकूँ, मरेपछि पनि सबैले मलाई स्मरण गरून्, यही सोचेर मैले उनलाई साथी बनाएको थिएँ । उनलाई म आफूलाई भन्दा धेरै माया गर्थें, गर्छु अनि सधैं गरिरहनेछु ।

म त केवल एउटा असल साथीको माया अनि साथ चाहन्थें । बिना स्वार्थ उनले मलाई माया गरून् अनि म पनि उनलाई निःस्वार्थ माया गर्न पाऊँ । माया गर्दैमा जिन्दगी साथै बिताउनुपर्छ भन्ने छैन । टाढा रहेर पनि हामी एक-अर्कालाई चोखो माया गर्न सक्छौं । उनले माया नगरे पनि, वास्ता नगरे पनि म एकोहोरो उनलाई माया गर्दै गएँ । माया गर्दै जाने क्रममा म यति गहिराइमा पुगेंछु कि जहाँबाट निस्कन मलाई मुस्किल परिरहेको छ । उनको मसँग रिसाउने अनि झगडा गर्ने बानी, उनले मप्रति गर्ने व्यवहार सबैमा मलाई उनको मायाको आभास हुन्थ्यो ।

मायाको संसारमा मैले आफूलाई सबैभन्दा भाग्यमानी सम्झिएको छु । केही नपाएर पनि मैले सबैथोक पाएको छु । छोटो समयमा उनको साथले जिन्दगीभरको खुसी पाएँ मैले । त्यो खुसीको पललाई मैले आफ्नो मन, मस्तिष्क र मुटुमा सँगालेर राखेको छु । जब मलाई उनको सम्झना आउँछ तब म यो पलको सम्झना गर्छु अनि उनको तिर्सना मेटाउँछु । उनीसँगको सामीप्यताको दौरानमा माया के हो, मायाबिनाको जिन्दगी कस्तो हुन्छ अनि मायाको मीठो अनुभूतिमा आफूलाई बिर्सेर कल्पनाको सागरमा पौडी खेल्दाको आनन्द कस्तो हुन्छ जान्ने, बुझ्ने र महसुस गर्ने मौका पाएँ । मलाई उनीसँग केही गुनासो छैन । उनका कारण आज म केही लेख्न सक्ने भएको छु । एकान्तमा पनि आफूसँग कोही भएको आभास हुन्छ । मेरो पूरा जिन्दगी जिउनका लागि उनीसँग बिताएका पल पर्याप्त छन् तर पनि म मेरो अन्तिम सास रहुन्जेलसम्म उनीसँग असल साथीको भूमिका निभाउन चाहन्छु । उनको खुसी नै मेरो खुसी हो ।

**– आँसु**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ....................................................................................

उमेर : ...................................... उचाइ : ......................................

पेसा : ...................................... शिक्षा : ......................................

स्वभाव :...................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ......................................वर्ण : ......................................

इमेल : ....................................................................................

ठेगाना :....................................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

....................................................................................

....................................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## • साथी •



५ फिट ६ इन्च अग्ला राज खालिङ सबैसँग समान व्यवहार गर्ने स्वभावका छन् । २४ वर्षीय राज जागिरे छन् । कम बोल्ने राज भ्रमणमा रुचि राख्छन् । भैंसे-१ मकवानपुरका बासिन्दा उनी उच्च विचारका धनी तथा देशभक्तहरूलाई साथी बनाउन चाहन्छन् । उनलाई raz_khaling@yahoo.com मा इमेल गर्न सकिन्छ ।

गीत गाउने अभिरुचि राख्ने प्रविन सुनुवार अविवाहित छन् । ५ फिट ५ इन्च अग्ला प्रवीन लजालु स्वभावका छन् । सामान्य शिक्षा हासिल गरेको उल्लेख गर्ने प्रवीन अरूको मर्म बुझ्ने तथा दुःखमा साथ दिने साथीको



खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले कमलामाई नगरपालिका-३, बेसारे, सिन्धुलीमा पत्राचार गर्न सक्नुहुन्छ ।



५ फिट १ इन्च अग्ला गणेश गुरुङ 'श्याम' हाल कक्षा १० मा अध्ययनरत छन् । १७ वर्षीय गणेश मिलनसार स्वभावका छन् । गजल, कविता आदि लेख्ने गुरुङ गहुँगोरो वर्णका छन् । मिलनसार, सहयोगी तथा दुःख-सुखमा साथ दिने युवा-युवती जो कोही आफ्नो साथी बन्न सक्ने कुरा उल्लेख गर्ने गुरुङलाई श्री जालपा मावि, फुल्पिङडाडा-८, विन्ज्याल सिन्धुपाल्चोक ठेगानामा पत्राचार गर्न सकिन्छ ।



बीए दोस्रो वर्षमा अध्ययनरत विष्णुमणि बस्नेत गैरसरकारी संस्थामा कार्यरत छन् । २२ वर्षीय विष्णु हालसम्म अविवाहित छन् । ५ फिट ४ इन्च अग्ला विष्णु रोमान्टिक स्वभावका छन् । नृत्यमा अभिरुचि राख्ने विष्णु गहुँगोरो वर्णका छन् । रुरल डेभलपमेन्ट एसोसिएसन, शीतलपाटी-३ सल्यानका विष्णु मनको कुरा बुझ्ने, घमन्ड नभएको, सहयोगी, उत्तरदायित्व बहन गर्न सक्ने साथीको खोजीमा छन् । bishnu_bc97@yahoo.com उनको इमेल ठेगाना हो ।



सुख-दुःखमा साथ दिने, धनी-गरिबको भेदभाव नगर्ने, मिलनसार साथीको खोजीमा रहेका उमाकान्त चौधरी डी.फार्मेसी अध्ययन पूरा गरेका छन् । ५ फिट ३ इन्च अग्ला चौधरी २१ वर्षको भए । नम्र तथा मिलनसार स्वभावका उमाकान्त हालसम्म अविवाहित नै छन् । गहुँगोरो वर्णका उमाकान्त नयाँ-नयाँ साथी बनाउने अभिरुचि राख्छन् । उनलाई साथी बनाउन चाहनेहरूले सप्तरी कल्याणपुर भदियामा पत्राचार गर्न सक्नुहुन्छ ।

# जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?

त्यस्तो खासै सम्झनलायक धोका छैन ।

**लोमश खतिवडा, इनरुवा**

मैले त नेपालका नेताहरूबाट ठूलो धोका पाएको छु जसका कारण आजसम्म पूर्ण शान्तिको अनुभूति गर्न पाइएको छैन ।

**टीकाराम झा, राजविराज**

अरूको त के कुरा गर्नु ? आफूलाई आफ्नै त भर छैन ।

**विनोद श्रीवास्तव, वीरगन्ज**

पढाइबाट, परीक्षामा जतिसुकै राम्रो गरे पनि कहिल्यै पनि राम्रो अंक आएन ।

**पुरन्दर शाह, नवलपरासी**

प्रेमिकाबाट, उनले मलाई छाडी अर्कैसँग विवाह गरिन् ।

**प्रितम** (२५), **खोटाङ**

मैले जिन्दगीमा आफ्नै मान्छेबाट धोका पाएको छु । उसले विभिन्न आस्वासन दिएर पछि त्यत्तिकै छाडिदियो । सम्झँदा पनि रुन मन लाग्छ मलाई... ।

**राकेश श्रेष्ठ, पोखरा, लेकसाइड**

खै सम्पादकज्यू, आफूले त आजसम्म त्यस्तो खासै धोका त पाइएको छैन, बरु तपाईंले नै पाउनुभएको छ कि ... ?

**सुबोध लामा, गोलबजार**

यस्तो त जिन्दगीमा कति हुन्छ कति ? सबैको नाम लिएर पनि साध्य हुन्छ र ?

**केशव लामा**

अहिलेसम्म त्यस्तो धोकै चाहिँ पाएको छैन तर साप्ताहिकमा मेरो पत्र अति नै ढिलो प्रकाशन गरेर अलिअलि पीडाचाहिँ तपाईंले नै दिनुभएको छ ।

**भीमबहादुर परियार** (२२), **कैलाली**

अरूको जिन्दगीमा पाएका धोकाहरू पढेर के गर्नुहुन्छ ? म धोकाको ख्यातिप्राप्त व्यक्ति हुँ । मैले धोकालाई नै जीवन संघर्ष मानिसकें र मैले बुझिसकें मेरो जिन्दगी भन्नु नै धोका रहेछ तर यो धोका अरू व्यक्तिले दिएको होइन.... बुझ्नु भो, मेरो धोका विचित्रको छ ।

**विराट तामाङ, सिराहा**

आफ्नै श्रीमतीबाट धोका पाइयो, उनी मेरै भाइसँग लागिन् । अहिले म दुई भुराभुरीसँग जीवन गुजार्दै छु ।

**प्रकाश** (३१)

नेताहरूबाट, साफ झूटो बोलेर मलाई मात्र होइन, देश र तमाम जनतालाई धोकामा पारे यिनीहरूले ।

**ज्योति बानियाँ** (३२)

दुनियाँमा पाइला-पाइलामा धोका छ । क-कसका, कस्ता-कस्ता धोकाको कुरा गरौं ?

**सुमित ढकाल** (१८)

सबैभन्दा धेरै धोका त नेपाल टेलिकमले दिएको छ । नपत्याए एकपटक मोबाइलबाट कसैलाई कल गर्नुहोस् त ।

**डी.आर. गाहा** (२०)

खै ? अझैसम्म त कसैको धोका पाइया छैन । हेर्दै जाऔं, जिन्दगीको के भर छ र ? तपाईंलाई खबर गरौंला नि ।

**bhai-bibekpearl@yahoo.com**

मैले मेरो जिन्दगीमा आफ्नै मान्छेको झुसे बोलीबाट, युवतीहरूप्रति आकर्षित भएर उनीहरूसँगको वान साइडेड लभमा परेर, झट्ट विश्वासमा, बदनामी, पागलपनसम्मको धोका खाएको छु ।

**प्रकाश थापा, जनकपुर**

धोका खान होइन, दिन जान्नुपर्छ । नत्र यो युगमा कसरी बाँच्न सकिन्छ ?

**कैलाश थापा** (२२)

ऐश्वर्याबाट, भनेपछि मलाई खोज्न अभिषेक आउँदैन ।

**सानु जोशी** (१८), **डँडेल्धुरा**

म त धोकाको पोका नै हुँ नि, कति खाइयो-खाइयो । सबै बेलीविस्तार लाउने हो भने साप्ताहिकको पानाले नभ्याउला कि ?

**जीवन चौधरी** (१९), **पकली, सुनसरी**

व्यवहार गर्दै जाँदा, कोही कसैसँग नराम्रोसँग धोका पाएको छु ।

**ए.पी. सुधा,** (२६), **शंकरनगर**

यो धोकाले भरिएको संसारमा पाइला-पाइलामा धोका छ सम्पादकजी ।

**रुद्र खड्का** (२३), **उदयपुर**

सबैको धोका संकलन गरेर धोका पुराण निकाल्ने विचार छ कि क्या हो सम्पादकज्यू ?

**विनोद राई** (२३), **धरान**

तिनै नक्कली हिरोनीहरूबाट, किनभने उनीहरूले आफ्नो फिल्ममा मलाई हिरो बनाएनन् ।

**शिशिर झा** (२४), **जनकपुरधाम**

## • अब हाम्रो पालो •

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
२. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
३. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
४. पढेर जानिन्छ कि परेर ?
५. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
६. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
७. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
८. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
९. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?
१०. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?




के तपाईंमा यौन सम्बन्धी समस्या छ ?

पुरूषहरूमा देखिने

शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु

महिलाहरूमा देखिने

सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।

मानसिक

निराशा, उदासिपन, मानसिक डर, भय, दिमागको बोधोपन ।

सम्पर्क स्थान : माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक

पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन : ४२४०३८१, ४२२५५३५

शाखा कार्यालय

हेटौडा : ०५७-५२६०४६
बुटवल : ०७१-५४८८९३
इटहरी : ०२५-५८४०८८
सप्तरी फत्तेपुर : ०३१-५५०११२
पोखरा : ०६१-५३९१९४
भरतपुर : ०५६-५२०९६८
दाङ : ०८२-५६२९८३
हरिओन सर्लाही : ०४६-५३०४८४


## • यौन जिज्ञासा र समाधान •

**प्रश्न : म २७ वर्षीया विवाहित महिला हुँ । तीन वर्षको प्रेमपछि हाम्रो मागीविवाह भएको हो । विवाहअघि हामीबीच यौनसम्पर्क सीमित रूपमा सुरक्षित हिसाबले भैसकेको थियो । हाल विवाह भएको एक वर्ष पुग्यो । यौनसम्पर्क गर्दा मेरो श्रीमान्को वीर्य स्खलन एक मिनेटभित्र एकदमै छिटो भैहाल्छ, जसले गर्दा म सन्तुष्ट हुन सकिरहेकी छैन । यसका लागि उपर्युक्त उपाय के हुन सक्छ ? यौनसम्पर्क सामान्यत: कति अवधिको हुन्छ ? यौनसन्तुष्टिलाई पोजिसनले फरक पार्छ कि ? गर्भवती महिलाले यौनसम्पर्क गर्न हुन्छ कि हुँदैन ? हुन्छ भने कुन पोजिसनमा गर्न सकिन्छ ?**

**– ज.**

**उत्तर : शीघ्र स्खलन के हो ?**

किन्सेले गरेको अध्ययनअनुसार योनिमा लिङ्ग प्रवेश गराएको २ मिनेटभित्रै ७५ प्रतिशत पुरुषको चरमसुख पाएको देखिएको थियो । शीघ्र स्खललाई कसरी परिभाषित गर्ने भन्ने निकै बहस पनि वैज्ञानिकहरूमा नभएको होइन । लिङ्ग योनिमा पसाएको ३० सेकेन्डमै वा एक मिनेटभन्दा कम समयमा वा ५ देखि १० धक्कामै वीर्यस्खलन भए छिटो स्खलन (early ejaculation) भएको भनेर परिभाषित गर्ने प्रयास पनि भए, तर अहिले आफू तथा आफ्नो यौनजोडीले चाहेको समयभन्दा निरन्तर रूपमा चाँडो वीर्य स्खलन भए त्यसलाई छिटो वीर्यस्खलन भएको स्थिति अर्थात् शीघ्र स्खलन मान्न थालिएको छ । यो कुरा तपाईंको हकमा पनि लागू हुन्छ । यौनसम्पर्कलाई कति समय लम्ब्याउने भन्ने कुरा दम्पतीमा भर पर्छ । महिलालाई चरम सुखको स्थितिसम्म पुग्न केही बढी समय लाग्न सक्छ, त्यसैले पुरुषले लिङ्ग प्रवेश गराएर यौनसम्पर्क सुरु गर्नुभन्दा पहिले पर्याप्त मात्रामा पाक्क्रीडामा संलग्न हुन सके तपाईंलाई सहयोग पुग्थ्यो ।

**योनिमा लि नछिराई किन वीर्य स्खलन भएको होला ?**

प्राय: सबैजसो पुरुषले आफ्नो जीवनको कुनै न कुनै बेला वीर्य स्खलन चाँडो भएको अनुभव गरेका हुन्छन् । घर्षण नै गर्न नपाई योनिमा छिराउनासाथ वा छिराउनुभन्दा अघि नै वीर्य स्खलन हुने समस्या पुरुषहरूमा देखिने यौनसम्बन्धी समस्यामध्ये सबैभन्दा बढी पाइने समस्या हो ।



डा. राजेन्द्र भद्रा

सजिलो भाषामा भन्नुपर्दा वीर्य स्खलन चाँडो हुनु नै शीघ्र स्खलन हो । तपाईंले पत्रमा उल्लेख गर्नुभएअनुसार निरन्तर शीघ्र स्खलनको समस्या छ र तपाईंको यौनसन्तुष्टि प्राप्तिमै नकारात्मक प्रभाव परेको छ ।

यसको पक्का कारण यही नै हो भनेर भन्न सकिने अवस्था नभए पनि अहिले शीघ्र स्खलनको मूल कारणको मानसिक नै भएको पाइन्छ । कतिपय मानिसमा यौनसम्पर्क वा क्रियाकलापमा 'राम्रो' गर्न नसक्नु गम्भीर चिन्ताको कारण हुनसक्छ । आफ्नी श्रीमती वा यौनजोडीलाई सन्तुष्ट पार्न सक्दिनँ कि भन्ने चिन्ता (performance anxiety) ले समस्या बढाउँछ । विरलै भए पनि केही psychotropic drug कतै यस्तो समस्याको कारण त होइन भनेर केलाउन पनि बिर्सनु हुँदैन । आक्कल-झुक्कल यस्तो शीघ्र स्लखन हुँदा चिन्ता गर्नु आवश्यक छैन । अनावश्यक रूपमा चिन्ता गरे झनै समस्या बढाउँछ । शीघ्र स्खलनको समस्या नियमित रूपमा हुन थाल्यो भने पक्कै तपाईंले समाधानको उपाय खोज्नुपर्ने हुन्छ । यो समस्यालाई कम गर्न आफैंले गर्न सकिने केही उपाय छन् :

**यौनसम्पर्क रोक्ने-सुरु गर्ने :** यौनसम्पर्क गरिरहँदा स्खलन होला जस्तो भएपछि तुरुन्तै लिङ्ग योनिबाट बाहिर झिकेर केही बेर यौनक्रीडालाई नै रोक्ने र यौन उत्तेजना केही कम भएपछि पुन: यौनक्रीडा सुरु गर्ने ।

**आशन परिवर्तन गर्ने :** लोग्नेमान्छे माथितिर र महिला तलको सट्टा महिला माथितिर बसेर सक्रिय भै यौनसम्पर्क गरे पनि शीघ्र स्खलनलाई कम गर्न मद्दत पुग्छ ।

**लिङ्ग अँठ्याउने :** यौनसम्पर्क गरिरहँदा स्खलन होला जस्तो भएपछि तुरुन्तै लिंग योनिबाट बाहिर झिकेर लिङ्गको फेदलाई बेस्सरी अँठ्याउने र वीर्य स्खलन हुन नदिने । यौन उत्तेजना केही कम भएपछि पुन: यौनक्रिडा सुरु गर्ने ।

**कन्डमको प्रयोग गर्ने :** त्यस्तै कन्डमको प्रयोगबाट पनि कतिपयलाई शीघ्र स्खलनको समस्या कम गर्न मद्दत पुगेको छ । यस्तो बेलामा चिप्लो पदार्थ कम भएको तथा बाक्लो किसिमको कन्डमले बढी फाईदा पुऱ्याउँछ ।

**मांसपेशी प्रयोग गर्ने :** पिसाब आउँदा रोक्न प्रयोग गर्ने मांसपेशीको कसरत गरेर वीर्य स्खलनलाई रोक्ने अभ्यास गर्न सके पनि फाइदा पुग्छ ।

**वीर्य स्खलन नियन्त्रणको अभ्यास :** यो दीर्घकालीन उपचारमा सहयोगी हुनसक्छ । हस्तमैथुन गर्ने र वीर्य स्खलन होला जस्तो भएपछि रोक्ने र उत्तेजना केही कम भएपछि पुन: हस्तमैथुन सुरु गर्ने र वीर्य स्खलन होलाजस्तो रोक्ने र यो प्रक्रिया दोहाऱ्याउने । वीर्य स्खलनलाई राम्रोसँग नियन्त्रण गर्न सक्छु जस्तो लागेपछि आफ्नी श्रीमती (यौनसाथी) सँग यौनसम्पर्करहित यौन क्रियाकलापमा संलग्न हुने तर यौन सम्पर्क भने नगर्ने । वीर्य स्खलन होलाजस्तो भए पनि क्रियाकलाप रोक्ने र उत्तेजना केही कम भएपछि पुन: सुरु गर्ने । आफ्नो यौनसाथीसँग पहिले कुनै चिप्लो पदार्थ प्रयोग नगरी र पछि चिप्लो पदार्थ प्रयोग गरेर यस्तो क्रियाकलापमा संलग्न हुने । अब वीर्य स्खलनमा पर्याप्त नियन्त्रण भयो जस्तो लागेपछि लिङ्गलाई बिस्तारै भगक्षेत्र (योनिक्षेत्र) मा स्पर्श वा हल्का घर्षण गर्ने तर यौनसम्पर्क भने नगर्ने । यस्तो गर्दा वीर्य स्खलन होलाजस्तो भए यी क्रियाकलाप गर्न रोक्ने र उत्तेजना केही कम भएपछि पुन: सुरु गर्ने । वीर्य स्खलनलाई पर्याप्त नियन्त्रण गर्न सक्छु जस्तो लागेपछि माथि भनिएजस्तै पहिले श्रीमती बढी सक्रिय हुने गरेर यौनसम्पर्क सुरु गर्ने अनि वीर्य स्खलनको नियन्त्रण गर्न सकिने स्थिती वा क्षमता हेर्दै विविध तरिका अवलम्बन गर्दै यौनसम्पर्कलाई अघि बढाउने । समय र धैर्यता निकै लाग्ने भए पनि वीर्य स्खलन नियन्त्रणमा यो अभ्यास निकै लाभदायक हुनसक्छ र यसमा श्रीमान्लाई तपाईंको पर्याप्त सहयोग चाहिन्छ ।

**गर्भवती हुँदा यौनसम्पर्क ?**


गर्भवती हुँदा पनि यौनसम्पर्क राख्न सकिन्छ । स्वस्थ दम्पतीले श्रीमती गर्भवती भएको स्थितिमा यौनसुख उठाउन सक्छन् । गर्भावस्थाको पछिल्लो समयमा पेट ठूलो भएपछि छेउतिर वा महिला माथि हुने यौनआशनको प्रयोग गर्न सकिन्छ । यौनसम्पर्कपश्चात् तल्लो पेट दुखे वा योनिबाट रगत आए तुरुन्त चिकित्सकको सल्लाह लिनुपर्छ ।


ब्युटीसियन कोर्स
नि:शुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त ।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
• रोजगारीको ग्यारेण्टी ।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
• विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
www.theflyinginstitute.edu.np
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu
Information Office: 4785609, New Baneswor
(Opp. of New Baneswor Department Store)

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

# बाटो पत्ता लगाउनुहोस्



# पत्याउनु हुन्छ ?



हात्तीको दाँत ४ किलोग्रामभन्दा बढी हुन्छ ।



अमेरिकाका जोउ उलले सन् २००४ देखि रबरले बेरेर संसारकै सर्वाधिक ठूलो रबर बलको निर्माण गरे । सन् २०१० को गिनिज बुक अफ वर्ल्ड रेकर्डमा दर्ता हुने रबर बल २५ फिट चौडा तथा ४ हजार ९७ किलोग्राम तौलको छ ।



लाटोकोसेरो त्यस्तो एक मात्र चरा हो, जसले आफ्नो टाउकोलाई २ सय ७० डिग्रीसम्म घुमाउन सक्छ ।




ब्लू ह्वेलले प्रत्येक दिन ३ टन (३ हजार किलोग्राम) खाना खान्छ, तर यो प्राणी खाना नखाई ६ महिनासम्म पनि बाँच्न सक्छ ।

## भन्नसक्नुहुन्छ ?

रामकृष्णले आफ्नो पसलबाट सामान बिक्री गर्न जम्मा ३ वटा फरक-फरक तौलका ढक राखेका छन् । उनले ती ढकको प्रयोग गरेर बढीमा ५ किलोसम्म सामान बेच्न सक्छन् । के तपाईं भन्न सक्नुहुन्छ, रामकृष्णका पसलमा कुन-कुन तौलका ढकहरू छन् ?

## १० वटा फरक खोज्न सक्नुहुन्छ?



# साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | २ | | | ३ | | ४ |
| | ■ | ५ | | | | | | ■ | |
| | ■ | | ■ | | ६ | ■ | | ■ | |
| ७ | | | | | ८ | | | | |
| | ९ | | ■ | १० | | ■ | ११ | | |
| | | १२ | ■ | | | ■ | १३ | | |
| | | | ■ | | | ■ | १४ | | १५ |
| १६ | | | १७ | | | | | १८ | |
| | | | | ■ | ■ | १९ | | | |
| | ■ | | २० | | | | | ■ | |

**दायाँ**

१. पाकिस्तानको राजधानी (५)
२. भगवान् विष्णुले लिएका थिए (५)
३. आँखाको नानी (३)
५. लमजुङको सदरमुकाम (५)
७. एउटा फूल (४)
८. गणेशको अर्को नाम (४)
९. ऋषिहरूद्वारा प्रवर्तन गरिएको वंश (२)
१०. दुलाहा (२)
११. फूल रोप्ने भाँडा (३)
१३. नून (३)
१४. खोलाको किनार (३)
१६. स्त्री, महिला (३)
१७. निगरानीमा राखिएको व्यक्ति (५)
१८. हात्ती (२)
१९. नेवारहरूको एक समुदाय (२)
२० सकी-नसकी, बल्लतल्ल (४)

**तल**

१. अतीतको घटनाक्रमको वर्णन (४)
२. गणितीय विन्दु, थोप्लो (५)
३. मानिसले बोक्ने सवारी साधन (४)
४. सरकारी ओहोदामा रहेको व्यक्ति (४)
५. बेलको पात (४)
६. सर्वोच्च शिखर (६)
७. चारयुगमध्ये एक युग (४)
९. नाथ सम्प्रदायका एक गुरु (५)
१०. गोलाकार (३)
११. घाँटीमा लगाइने वस्त्र (४)
१२. नायकको विपरीत (५)
१४. तनहुँका पुरानो सदरमुकाम (४)
१५. एक प्रकारको माछा (४)
१६. दसैंको प्रसाद (३)
१७. नाच्ने मानिस (३)
१८. सेना, समूह (२)

# कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



# दोभान साँझमा




धरान– धरानस्थित देशीलाइन चोकमा शुक्रबार साँझ उपस्थित दर्शक त्यहाँ भएको सांस्कृतिक तथा सांगीतिक वातावरणमा पुरै झुमेका थिए। उनीहरूले कार्यक्रमबाट निकै मज्जा लिए। प्रत्येक वर्ष आयोजना हुने धरानको दोभान साँझ निकै भव्यताका साथ सम्पन्न भएको थियो। 'दोभान साँझ' मा विभिन्न कलाकारले गीत तथा नृत्य प्रस्तुत गरे। निकै तामझामबीच सञ्चालन भएको उक्त सांगीतिक साँझमा नवकलाकार तथा स्थानीय भाइबहिनीहरूको नृत्य एवं गीतले दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गरेको थियो। कार्यक्रम बीच चोकमा गरिएकाले त्यस दिन बेलुकी सडकको चारैवटा बाटा जाम गरिएका थिए। गत शुक्रबार सम्पन्न उक्त सांगीतिक साँझ कार्यक्रममा नयाँ तीन दर्जन नयाँ गायक प्रतिभाले गीत प्रस्तुत गरे भने उनीहरूका गीतले दर्शक-श्रोताहरू पनि खुसी देखिन्थे।

# जुर्मुराए ज्याक्सनका प्रशंसक




पोखरा- पपसम्राट् माइल ज्याक्सनका नेपाली प्रशंसकहरू यतिबेला जुर्मुराएका छन्। नेपालमै पहिलो पटक ज्याक्सनको नाममा पोखरामा खोलिएको माइकल ज्याक्सन स्मृति फ्यान क्लबका सदस्यहरू विभिन्न कार्यक्रम गरेर ज्याक्सनको स्मृति ताजा पारिरहेका छन्।

क्लबका अध्यक्ष रवि परियार यतिबेला नेपाली फ्यान क्लबको प्रचार-प्रसारका लागि बेलायतमा छन्। उनले बेलायतको मेन्टेन किङ स्थित हलोविन हलमा ज्याक्सनको अन्तिम रियलसर सिनेमा दिस इज इटको प्रदर्शनमा सहभागी हुने अवसर पाए, जुन चलचित्रले पहिलो दिनको प्रदर्शनमै ६ करोड डलरको व्यापार गरेर नयाँ रेकर्ड कायम गरेको थियो। विशेषतः असहाय बालबालिकाको सहयोगका लागि खोलिएको नेपाली फ्यान क्लबलाई बेलायतमा उच्च प्रशंसा गरिएको उनले इमेल कुराकानीमा बताए।

त्यस्तै उनले किङ अफ पप एक्जिविसनमा समेत भाग लिए। परियार नेपाली फ्यान क्लबको प्रचार गर्दै बेल्जियम, जर्मनी तथा फ्रान्स हुँदै नेपाल फर्केनेछन्। क्लबले विभिन्न कर्न्सटदेखि ज्याक्सनको स्मृति गीत नृत्यका कार्यक्रमहरू गर्दै आएको छ। क्लबका सदस्यहरूले आफ्नो पहिरनलाई पनि ज्याक्सनको स्टाइलमा रूपान्तरण गरेका छन्।

ज्याक्सनको गीत र उनको सम्झनालाई नेपालमा पनि ताजा गराउनु हाम्रो उद्देश्य हो, गायिका रेखा नेपालीले भनिन्। त्यसैको फलस्वरूप क्लबका सल्लाहकार लालबहादुर नेपालीले ज्याक्सनको यु आर नट एलनको नेपाली भर्सन मेरी मायालु गीत रेकर्ड गराएका छन्।

# मिस्टर ह्यान्डसमको तयारी

**साप्ताहिक समाचार**

काठमाडौं– राजधानीमा पहिलो पटक पुरुषहरूको सौन्दर्य प्रतियोगिता मिस्टर ह्यान्डसम आयोजना हुने भएको छ। सञ्जीवनी मिडियाद्वारा गत आइतबार आयोजित पत्रकार सम्मेलनमा जनाइएअनुसार यो प्रतियोगितामा देशभरिका १६ देखि ३० वर्ष उमेर समूहका युवाहरूले भाग लिन सक्नेछन्। प्रतियोगिताका लागि देशभरिका एफएम स्टेसनबाट पहिलो चरणमा ४५ जना सहभागीको छनौट गरिनेछ। दोस्रो चरणमा काठमाडौं, ललितपुर तथा भक्तपुरमा आयोजना गरिने अडिसनबाट २० जना प्रतियोगीको छनौट गरिनेछ।

अन्तिम चरणमा परेका प्रतियोगीलाई काठमाडौंमा प्रशिक्षण दिइनेछ। प्रतियोगिताको अन्तिम नतिजा आगामी जेठ महिनामा घोषणा गरिनेछ। प्रतियोगिताको अन्तिम चरणबाट मिस्टर ह्यान्डसमको उपाधि जित्नेलाई नगद ५ लाख रुपैयाँ पुरस्कारस्वरूप प्रदान गरिनेछ। प्रतियोगितामा दोस्रो तथा तेस्रो स्थान जित्ने प्रतियोगीले क्रमशः २ लाख तथा १ लाख रुपैयाँ प्राप्त गर्नेछन्।

# अनाथको सहयोगार्थ कन्सर्ट

बुटवल– 'वाह गाउँमा पनि यति ठूलो जमघट संगीतमा रमाउनका लागि ? सलाम छ देवदहलाई' - कन्सर्टमा उपस्थित हजारौं दर्शक देखेर उत्साहित गायक शिव परियारले आफ्नो प्रस्तुतिको सुरुमै बोलेका शब्द हुन् यी। शनिबार रूपन्देहीको देवदह खैरेनीस्थित केरवानी उच्च मा.वि.को प्रांगणमा अनाथ बालबालिकाको सहयोगार्थ राष्ट्रिय स्तरका आधा दर्जन कलाकारको प्रस्तुतिमा पहिलो पटक आयोजित कन्सर्टमा संगीतप्रेमी दर्शकहरू गाउँघरबाट उर्लिएका थिए। एक महिनाअघि बुटवलमा आयोजित यस्तै कन्सर्टमा अत्यन्त न्यून दर्शक देखेर निराश गायक परियार देवदहमा दर्शकको भव्य उपस्थितिबाट निकै उत्साहका साथ प्रस्तुत भए।



घमाइलो मौसममा मैदानभरि खचाखच दर्शकलाई समेत नचाउँदै शिवले 'फेवातालमा साइली', 'समयले जवानी लुटेपछि','बास्ना मन्दमन्द' र 'धेरै चोटि मरें म त' गरी चारवटा गीत गाए। गायक भरत सिटौलाले पप संगीतका पारखीहरूको मन जित्दै 'कहिले आगो कहिले पानी', 'साँझको बेला' र 'हरेराम हरेकृष्ण' प्रस्तुत गरे। अन्जु पन्त र डम्बर नेपालीले पनि तीन-तीनवटा गीत प्रस्तुत गरेको कन्सर्टमा 'मेरी बास्सै' टेलिश्रृंखलाका सीताराम कट्टेल, केदार घिमिरे र कुन्जना घिमिरेको समसामयिक राजनीतिप्रतिको सटीक प्रस्तुतिले दर्शकहरूलाई हँसाउँदै पर्याप्त मनोरञ्जन प्रदान गरेको थियो।

कार्यक्रममा बुटवलका गायक वीरेन्द्र अग्रहरी, नवोदित गायिका शिखा नेपाल र नवीन सुनारको पनि प्रस्तुति थियो भने अन्नोन ग्रुपका रोजिना, कोपिला, अनु, शमशेर, मुकेश आदिले नृत्य गरेका थिए। आफ्नो ठाउँमा पहिलो पटक आएका कलाकारको अटोग्राफ लिन र सँगै फोटो खिचाउन स्थानीय युवायुवतीहरूबीच तँछाडमछाड चलेको थियो।

**–टोपराज शर्मा**

# राजधानीमा विवाह मेला



**शिव मुखिया**

काठमाडौं- राजधानीमा एउटा अनौठो मेला लाग्दैछ। मेलामा पञ्चैबाजा बज्नेछ, दुलहा-दुलहीको गेटअपमा सजिएका युवायुवती भेटिनेछन् र विवाहका लागि आवश्यक सम्पूर्ण सामग्री त्यहाँ हुनेछ। मंसिरको प्रारम्भतिर लाग्ने यो मेलाले कुनै भव्य विवाह समारोहकै छनक दिनेछ। किनभने मेला विवाहका लागि योग्य तिनै युवा-युवतीका लागि लक्षित गरिएको हो। मेला आयोजक डाइरेक्सन नेपालका इभेन्ट म्यानेजर रमेश थापा भन्छन्- 'विवाहका बारेमा सम्पूर्ण कुरा एउटै थलोमा उपलब्ध गराउने यो मेलाबाट विवाहको तयारीमा जुटेका सबैले फाइदा लिन सक्नेछन्।'

डाइरेक्सन नेपालको आयोजनामा हुने 'नारी विडिङ गिफ्ट एक्स्पो' मा विवाहका सामग्रीदेखि आवश्यक सम्पूर्ण परामर्श पाइनेछ। आगामी मंसिर ४ गतेदेखि तीन दिनसम्म चल्ने मेलाको यो चौथो संस्करण हो। मेलालाई कान्तिपुर पव्लिकेसन्सको नारी मासिकले प्रायोजन गरेको छ। विवाहसम्बन्धी यो मेला त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको चौथो तलामा सञ्चालन हुनेछ।

अर्का इभेन्ट म्यानेजर पशुपति खत्री भन्छन्- 'विवाहका लागि योग्य युवा-युवतीले आफ्नो विवाहका सम्बन्धमा मनोवैज्ञानिक, कानुनी लगायत सबै किसिमका परामर्श पाउन सक्छन्।' विवाहको मौसम सुरु हुने क्रममा लाग्ने यो विडिङ एक्स्पोले एउटै छानोमुनि विवाहको सम्पूर्ण सेवा एवं सुविधा उपलब्ध गराउन आयोजक लागिपरेको छ।

मेलामा बुटिक, ज्वेलरी, ब्युटिपार्लर, फर्निचर, गिफ्ट आइटम, प्रकाश र ध्वनि व्यवस्थाका स्टल रहनेछन्। त्यसैगरी फर्निचर शोरुम, कार डेकोरेटर, टेन्ट तथा क्याटरिङ, म्युजिक ब्यान्ड पनि मेलामा उपलब्ध हुनेछ। म्यारिज ब्युरो, म्यारिज एजेन्ट, लमी, पण्डित समेत एकै थलोमा सहज रूपमा भेटिनु मेलाको अर्को आकर्षक पक्ष हो। इभेन्ट म्यानेजर थापा भन्छन्- 'विवाहका तयारीमा जुटेकाले अन्त भौंतारिनु नपरोस् भनेर एकै थलोमा सबै कुरा उपलब्ध गराउने प्रयास गरेका हौं।'

मेलामा विडिङ कार्ड, म्यारिज भिडियो, फोटोग्राफर, डिजे र म्युजिक सिस्टम पाइने पशुपति खत्री बताउँछन्। 'हनिमुन प्याकेज प्रोभाइडर, ट्राभल एजेन्ट, म्यारिज लोन प्रोभाइडर मेलाको अर्को आकर्षण हो,' खत्री भन्छन्। त्यसो त मेला अवधिभर हुने विवाहसम्बन्धी विभिन्न कार्यक्रमले मेलामा रौनक थप्नेछ। यसबीच विभिन्न बुटिकबीच 'बेहुली श्रृंगार प्रतियोगिता' पनि हुनेछ।



# घाना युवा फुटबल च्याम्पियन



पेनाल्टी सुटआउटमा ब्राजिललाई ३ का विरुद्ध ४ गोलले पराजित गर्दै घाना फिफाद्वारा सञ्चालित २० वर्षमुनिको युवा फुटबल च्याम्पियन भएको छ। यो सफलताले घानालाई अफ्रिकी राष्ट्रकै तर्फबाट २० वर्षमुनिको विश्वकप जित्ने पहिलो राष्ट्र बनाएको छ।

आयोजक इजिप्टसहित २४ राष्ट्रले सहभागिता गरेको उक्त प्रतियोगितामा एसियाका तर्फबाट संयुक्त अरब इमिरेट्स, उज्बेकिस्तान, अस्ट्रेलिया र दक्षिण कोरियाले सहभागिता जनाएका थिए। प्रतियोगितामा अफ्रिकाका तर्फबाट ५, कोन्काकाफका तर्फबाट ४, दक्षिण अमेरिकाका तर्फबाट ४, ओसिनियाका तर्फबाट १ र युरोपको तर्फबाट ६ राष्ट्रको सहभागिता थियो। लिग कम नकआउटका आधारमा सञ्चालन भएको यो प्रतियोगितामा एसियाका तर्फबाट दोस्रो चरणमा दक्षिण कोरिया र संयुक्त अरब इमिरेट्स मात्र पुग्न सकेका थिए। क्वार्टरफाइनलमा दक्षिण कोरिया घानाद्वारा २ का विरुद्ध ३ गोलले पराजित भएको थियो भने अर्को खेलमा संयुक्त अरब इमिरेट्स कोस्टारिकाद्वारा १ का विरुद्ध २ गोलले पराजित भएको थियो। क्वार्टरफाइनलको अन्य खेलमा ब्राजिलले जर्मनीलाई १ का विरुद्ध २ गोलले र हंगेरीले इटालीलाई २ का विरुद्ध ३ गोलले पराजित गरेर सेमिफाइनलको यात्रा गरेका थिए।

घाना र हंगेरीबीच भएको पहिलो सेमिफाइनलमा घानाले हंगेरीलाई २ का विरुद्ध ३ गोलले पराजित गरेर फाइनलको स्थान सुरक्षित गरेको थियो। अर्को सेमिफाइनलमा ब्राजिलले कोष्टारिकालाई शून्यका विरुद्ध १ गोलले पराजित गरेर फाइनलको यात्रा तय गरेको थियो। तेस्रो स्थानका लागि हंगेरी र कोस्टरिकाबीच भएको खेल निर्धारित समयमा १-१ गोलको बराबरीमा समाप्त भएपछि निर्णयका लागि भएको पेनाल्टी शुट आउटमा हंगेरीले शून्यका विरुद्ध २ गोलले सफलता हात पारेको थियो। घाना र ब्राजिलबीच भएको फाइनल खेल पनि निर्धारित समयमा गोलरहित बराबरीमा सकिएको थियो। विजेताको निर्णयका लागि भएको खेलमा घानाले ब्राजिललाई ३ का विरुद्ध ४ गोलले पराजित गर्‍यो।

इजिप्टको चार सहरमा सम्पन्न यो प्रतियोगितामा १ सय ६७ गोल भएको थियो। प्रतियोगितामा सर्वाधिक ८ गोल घानाका डोमिनिक अदिल्याले गरेका थिए भने दोस्रो सर्वाधिक ५ गोल हंगेरीका भ्लादिमिर कोमानले गरेका थिए।



### सत्र वर्षमुनिको विश्वकप

अहिले नाइजेरीयामा १७ वर्षमुनिको युवा विश्वकप फुटबल प्रतियोगिता भैरहेको छ। नाइजेरियाको ८ वटा रंगशालामा भैरहेको प्रतियोगितामा आयोजक नाइजेरीयासहित २४ राष्ट्रले प्रतिस्पर्धा गरिरहेका छन्। प्रतियोगितामा एसियाका तर्फबाट इरान, दक्षिण कोरिया, जापान र संयुक्त अरब इमिरेटले सहभागिता गरेका छन्। अफ्रिकाबाट ४ राष्ट्र, कोन्काकाफ क्षेत्रबाट ४, दक्षिण अमेरिका क्षेत्रबाट ४, युरोपबाट ६ र ओसिनियाका तर्फबाट १ राष्ट्र प्रतियोगितामा सहभागी छन्। लिग कम नकआउटका आधारमा सञ्चालित प्रतियोगिताको दोस्रो चरणमा एसियाका तर्फबाट दक्षिण कोरिया, संयुक्त अरब इमिरेट्स र इरानले प्रवेश पाएका छन्। नक आउट चरणमा प्रवेश गरेको यो प्रतियोगिताको फाइनल खेल कात्तिक २९ गते हुनेछ।

# रीति भए मिस्टर युनिक

धरान( शुक्रबार धरान, देशीलाइन चोकमा पाँचौ धरान युनिक हेल्थ शारीरिक सुगठन प्रतियोगिता सम्पन्न भएको छ। युनिक हेल्थ क्लब धरानद्वारा आयोजित पाँचौ युनिक हेल्थ क्लब धरान शारीरिक सुगठन प्रतियोगिताको फाइनलमा सेन्टरकै रीति शाक्यले प्रथम स्थान हात पारेका छन्। उनले नगद १ हजार ५ सयका साथै ट्रफी तथा प्रमाण पत्र पाए। आयोजकहरूको मात्र उपस्थिति रहेको उक्त शारीरिक सुगठन प्रतियोगितामा प्रतियोगीहरू सबै ओभरअलमा भिडेका थिए। युनिक हेल्थ क्लबकै विक्रम परियार दोस्रो विजेता भए। उनले नगद १ हजार सहित ट्रफी र प्रमाणपत्र पाए। शारीरिक सुगठन प्रतियोगिताको फाइनलमा हेल्थ क्लबकै हिरण तामाङ तेस्रो विजेता बने। उनले नगद ५ सयसहित ट्रफी र प्रमाण पत्र पाए। युनिक हेल्थ क्लब धरानद्वारा आयोजित पाँचौं युनिक हेल्थ क्लब धरान शारीरिक सुगठन प्रतियोगीतामा यसअघि शारीरिक सुगठनमा विभिन्न टाइटल विजेता धरानका स्थानिय




बडी विल्डरले बडी बिल्डिङ प्रदर्शन गरेका थिए। प्रतियोगिताको प्रदर्शनमा मिस्टर धरान २०६०, मिस्टर पूर्वाञ्चल २०६२, २०६६ साथै ५५ किलोग्राम तौल समूहमा मिस्टर नेपाल बनेका हर्कराज लिम्बू र मिस्टर युनिक २०६०, मिस्टर कोसी २०६४ र २०६५ का मिस्टर धरान सुमन श्रेष्ठले बडी बिल्डिङ शो गरेका थिए।

–भीषण राई

● मैदान बाहिर ●

# मेरो बुबा लोभी -आगासी



टेनिस करियरमा आठवटा ग्रान्डस्ल्याम जितेका आन्द्रे आगासीले आफ्नो आत्मवृत्तान्त लेखिरहेका छन्। उनले लेखिरहेको पुस्तकका केही अंश हालै स्पोर्ट्स इलस्ट्रेटेड तथा टाइम्स अफ लन्डन पत्रिकामा प्रकाशित भएपछि आगासी अहिले पुनः चर्चामा छन्। आगासीले सन् १९९७ मा हलिउड नायिका ब्रुक शिल्डसँग विवाह गर्दाताका आफूले लागूपदार्थ सेवन गर्ने गरेको बताएका थिए। शिल्डसँग सन् १९९९ मा पारपाचुके गरेर जर्मन टेनिस सुन्दरी स्टेफी ग्राफसँग वैवाहिक जीवन प्रारम्भ गरेका आगासीले आफ्नो बुबा लोभी भएका कारण टेनिस खेल त्यागेको बताएका छन्। आगासीले आफ्नो आत्मवृत्तान्तमा लेखेका छन्- 'मेरो बुबा पैसाको लोभी हुनुहुन्थ्यो। उहाँ मलाई टेनिस खेलाएर पैसा कमाउने दाउमा हुनुहुन्थ्यो। म नौ वर्षको हुँदा एनएफएलका खेलाडी जिम ब्राउनसँग प्रतिस्पर्धा गराई ५ सय डलरको बाजी जित्नुभएको थियो।'




आफूले कुनै प्रतियोगिता खेल्दा बुबाको ध्यान पुरस्कार राशिमा हुने गर्ने गरेको आगासीले बताए। बुबाको यही रवैयाका कारण आफू टेनिसबाट टाढा हुँदै गएको उनको दाबी छ।




# निर्वस्त्र भए क्रिकेटर

अस्ट्रेलियन क्रिकेटर नाथन ब्राकेन, सेन वाट्सन, माइकल जोन्सन, सिमोन काटिज तथा साउन ट्रेट सन् २०१० को क्यालेन्डरमा निर्वस्त्र देखा पर्ने भएका छन्। 'थ्री मोबाइल म्यान अफ क्रिकेट क्यालेन्डर' का लागि उनीहरूले निर्वस्त्र फोटोसेसन गरेका हुन्। २९ दशमलव ९५ डलर मूल्यको उक्त क्यालेन्डरको बिक्रीबाट आएको रकम म्याकग्राथ फाउन्डेसनलाई प्रदान गरिनेछ। अस्ट्रेलियाका पूर्व क्रिकेटर ग्लेन म्याकग्राथकी श्रीमती जेनीको स्तन क्यान्सरबाट निधन भएपछि ग्लेन अहिले म्याकग्राथ फाउन्डेसन स्थापना गरी क्यान्सर रोकथाम अभियानमा लागेका छन्। अस्ट्रेलियन क्रिकेटरहरूको तस्बिर अस्ट्रेलियाकै ओलम्पिक खेलाडी सिमोन अप्टनले खिचेका हुन्।

साप्ताहिक Classified Advertisement

**रोजगार**

NGO कार्यालयभित्रै Basic Internet जानेका साधारण लेखपढ भएका १५ कर्मचारी तलब १०,०००, २०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल

नयाँ अफिसको लागि विभिन्न पदमा कर्मचारी Kalanki 9841887523

**सम्पर्क**

चलिरहेको पार्लर विक्रमा सम्पर्क ९८४९१५०२६४, ४२३२१९४ जमल

**उपचार**

मधुमेह, निशन्तान, गुप्ताङ्गको सफल उपचार अन्तराष्ट्रिय अनुभवि डाक्टर ९७२१४१७७१७

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

100% मोटोपन घटाउन बढाउन ९८४९०५११६१

सर्वाधिक विश्वासिलो डाक्टरद्वारा मधुमेह, बाथ, युरिकएसिड, पाइल्स, टन्सिल, Sexual सम्बन्धी ग्यारेन्टी, किर्तिपुर, ९८४९०५११६१

कपाल झर्नबाट रोक्न, दुबी, डन्डीफोर, दाग, चायापोतो 100% सफाचट, ९८४१९८१९७६

लिङ्गको साइज तथा यौनशक्ति बढाउन, स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाइट गर्न, ९८४१९८१९७६, ९८४९०५११६१

निःसन्तान, मधुमेह, गुप्ताङ्ग, दम, अन्तर्राष्ट्रिय अनुभवी डाक्टर ९८४९०२०९९७

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा सिधा मोवाइल ९८४१-२०५९७७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।



तस्बिर/ सुन्दर श्रेष्ठ

# सफलताको पर्खाइमा

**हिमेशरत्न बज्राचार्य**

काठमाडौं- लामो समयदेखि अन्तर्राष्ट्रिय फुटबलमा खोजी भैरहेको सफलता यसपल्ट एएफसी यू-१९ च्याम्पियनसिप छनौटमा पनि हात परेन । फेरि एकपल्ट नेपाली फुटबलप्रेमी निराश हुन बाध्य भए । यस्तोमा नेपाली फुटबल किन असफल हुन्छ भन्ने खोजीनिती सुरु गर्ने समय आएको पनि धेरैले महसुस गरे ।

यू-१६ ले बेहोरेका सर्वाधिक ठूलो असफलताको पृष्ठभूमिमा नेपालले यू-१९ खेलेको थियो । सम्भवतः यू-१९ को प्रदर्शनलाई दुई कसीमा राखेर दाँज्न मिल्छ, पहिलो यू-१६ को प्रदर्शनका आधारमा । दोस्रो समग्र नेपाली फुटबललाई आधार मानेर । यू-१६ मा नेपालले कुनै खेल मात्र जितेन, बराबरी पनि गर्न सकेन । कुनै गोल पनि गर्न सकेन ।

'यू-१६ को खराब प्रदर्शनले निश्चित रूपमा हाम्रा खेलाडीलाई मानसिक रूपमा दबाबमा राख्यो,' यू-१९ प्रशिक्षक राजु शाक्यले भने । नभन्दै नेपालले यमनविरुद्धको पहिलो खेलमा ३-० को नमीठो हार बेहोर्‍यो । यस्तोमा शंका उत्पन्न भएको थियो, कतै यू-१९ पनि यू-१६ को बाटोमा त छैन ? यू-१९ ले कम्तीमा त्यस्तो प्रदर्शन गरेन ।

नेपाली किशोर खेलाडीले आफ्नो दोस्रो खेलमा किर्गिस्तानमाथि १ का विरुद्ध २ गोलले जित रच्यो । निराजन मल्ल र शिव श्रेष्ठले सुन्दर गोल ठोके । त्यसयताका दुई खेलमध्ये ताजाकिस्तानसँग १ का विरुद्ध २ गोल र जोर्डनसँग २ का विरुद्ध ३ गोलले हार सामना गर्नुपर्‍यो । जोर्डनसँगको खेलसँगै नेपालको चुनौती समाप्त भयो । अन्तिम खेलमा समेत नेपाल प्यालेस्टाइनद्वारा १ का विरुद्ध ४ गोलले पराजित भयो ।

नीराजनले ताजाकिस्तान र जोर्डनविरुद्ध पनि गोल गरे । जोर्डनविरुद्धको अर्को गोल शिवको नाममा रह्यो । दुवै खेलमा नेपालले सुधारिएको प्रदर्शन मात्र गरेन, प्रतिद्वन्द्वीहरू जितका लागि संघर्ष गर्न पनि बाध्य भए । ताजाकिस्तानविरुद्ध नेपालले अग्रता लिएर पनि त्यसलाई कायम राख्न सकेन ।

ताजाक प्रशिक्षक गुफुरोभ सालाकिदिनले खेलपछि भने, 'नेपाली प्रदर्शनको प्रशंसा गर्नैपर्छ । नेपालले बलियो चुनौती पेस गर्नेमा हामी सचेत थियौं ।' अर्कातर्फ जोर्डनविरुद्धको खेलमा नेपालले दुईपल्ट एक गोलले पछाडि रहेको स्थितिलाई बराबरीमा ल्याएको थियो । दुर्भाग्यले नेपालले नौ खेलाडीमा सीमित जोर्डनलाई कम्तीमा बराबरीमा रोक्न सकेन ।

यद्यपि त्यसमा नेपाली खेलाडीले आक्रामक फुटबल खेल्ने जुझारुपन पनि प्रशस्तै देखायो । भलै यो प्रदर्शन नेपाली दर्शकको खराब व्यवहारले केही ओझेलमा पर्‍यो । जोर्डनले अन्तिम समयसम्म पनि कडा मेहेनत गरेको थियो । त्यो जित उनीहरूका लागि यति महत्त्वपूर्ण रह्यो कि छनौट भएजस्तै सबै खेलाडीले मैदानमा उत्तेजित खुसीयाली मनाए ।

जोर्डनविरुद्धको खेलपछि यू-१९ मा नेपालको प्रदर्शनका सम्बन्धमा विश्लेषण गर्दै प्रशिक्षक शाक्यले भने, 'हाम्रा खेलाडीको प्रदर्शनबाट म सन्तुष्ट छु । उनीहरूले आफूले सक्दो खेले ।' यू-१९ को प्रदर्शन यू-१६ को खेललाई बिर्साउन लायक थियो । यसपल्ट नेपालले छनौटमा अंक, जित र गोल सबै बटुल्यो र दर्शकको मन छुने खेल खेल्यो, तर पनि नेपाल छनौट भने हुन सकेन । नेपाल असफल हुनुको पछाडिका कारण के छन् त ? कम्तीमा उमेर समूहमा नेपाल पछाडि पर्नुको कारण प्रशिक्षक शाक्यले विश्लेषण गरेका छन् । 'नेपाली फुटबलले अझै धेरै सिक्नु छ । दबाबमा खेल्न नसक्ने नेपाली फुटबलको पुरानो रोग हो । अहिलेसम्म पनि यो कायम छ,' उनले भने ।

उनको भनाइ थियो, 'उमेर समूहको फुटबलमा हाम्रा खेलाडी शारीरिक रूपमा निकै मसिना देखिन्छन्, उचाइ र जीउडाल सबैमा सानो । नेपाली खेलाडी चाँडै थाकेका पनि देखिए । प्रतिस्पर्धात्मक खेलका लागि चाहिने दम उनीहरूमा देखिएन ।' सम्भवतः नेपाली फुटबलले खेलाडी छनौट र उनीहरूको आहारमा पनि प्रशस्त ध्यान दिनु आवश्यक छ । धेरै कुरामा गृहकार्य गर्न बाँकी छ ।

# तेक्वान्दो संघको अध्यक्षमा प्रकाश



वीरगन्ज– नेपाल तेक्वान्दो संघको अध्यक्षमा प्रकाशशमशेर राणा सर्वसम्मतबाट भएका छन् । शनिबार वीरगन्जमा सम्पन्न संघको प्रथम साधारण सभाले उपाध्यक्षबाहेक अन्य पदमा सर्वसम्मत चयन गरेको हो । उपाध्यक्ष पदका लागि भएको निर्वाचनबाट उपाध्यक्षमा सुनिल मल्ल, भोजबहादुर शाह र सञ्जीव रेग्मी विजयी भएका छन् । कुल ४१ मतमध्ये रेग्मीले ३५, शाहले ३४ र मल्लले २७ मत प्राप्त गरेका थिए । पराजित उम्मेदवार नीरन खड्काले १५ मत प्राप्त गरेका थिए । एक मत बदर भएको थियो । २७ जिल्लाका ४६ प्रतिनिधि साधारणसभामा सहभागी थिए । पाँच जना मतदानमा अनुपस्थित थिए ।

सर्वसम्मतहरूमध्ये महासचिवमा दीपराज गुरुङ, कोषाध्यक्ष रविराज सिंह तथा सदस्यहरूमा नन्दकुमार राई, दिलबहादुर वली, दीपेन्द्र पोखरेल, संगीना वैद्य, दीपक विष्ट र सुमनकुमार घले छन् । नवनियुक्त अध्यक्ष प्रकाशशमशेर राणाले नयाँ कार्यसमितिले नयाँ पुस्तालाई अवसर दिने, ट्यालेन्ट हन्ट प्रतियोगिताहरू गरी विद्यालयस्तरको खेललाई प्रोत्साहित गरेर अघि बढ्ने प्रतिक्रिया दिए । उनले नजिकिँदै गएको साफ खेलकुदलाई लक्षित गरी पुराना तथा नयाँ दुवै खेलाडीलाई अवसर दिने योजना रहेको बताए । नयाँलाई एक्सपोजर दिने निति नयाँ कार्य समितिको रहने कुरा पनि राणाले बताए ।

अन्तर्राष्ट्रिय तेक्वान्दो खेलाडी, नयाँ कार्यसमितिका सदस्य तथा खेलाडी संघका अध्यक्ष दीपक विष्टले नयाँ कार्यसमितिले खेलको वार्षिक क्यालेन्डर बनाएर तेक्वान्दो खेलको विकासमा योगदान पुर्‍याउने धारणा व्यक्त गरे । पूर्व अन्तर्राष्ट्रिय तेक्वान्दो खेलाडी तथा नयाँ कार्यसमितिकी सदस्य संगीना वैद्यले खेलाडीको सक्रियता बढाउने, एकेडेमी निर्माण गर्ने, प्रशिक्षणको योजना बनाउने तथा विगतको तुलनामा खस्किएको नेपालको तेक्वान्दोको स्तर उकास्ने काम गर्नुपर्ने बताइन् ।

**–शंकर आचार्य**




विक्रम राई

## प्रसंग कतिपय

घुमिफिरी त्यही चौतारी ! धेरै नेपालीको मनोविज्ञान त्यही नै रहेको पाइन्छ । हिजो पञ्चायती शासनको आडमा पञ्चहरूले अहिलेका शासकहरूलाई मुट्ठीभरका तथाकथित विदेशी दलाल भनेकै हुन् । फेरि अहिलेका सत्ताधारीहरूले विपक्षीलाई त्यही सेरोफेरोमा बारम्बार बानेश्वरको सदनमा बहुमत देखाएर सरकार बनाउने चुनौती दिने गरेकै छन् । लाग्छ, यो संविधानसभा सरकार बनाउने र गिराउने लुढोको जस्तो साँप र सिंढीको खेल हो । अहिले जङ्गलमा बस्ने माओवादीहरू सहरकेन्द्रित आन्दोलन गर्न लागिपरेका छन् ।

लोकतन्त्रको दुहाइ दिने राजनैतिक दलहरू सहमति र सहकार्यको कार्ड फ्याँकी त्यसलाई दबाउनतिर लागेका छन् । नागरिक सर्वोच्चताको विषयमा एक भएका माओवादीहरू प्रहरी र सेनाभित्र पनि हार्डलाइनर र सफ्टलाइनरवाला नयाँ लाइन बनाउन सफल बन्दै गएका छन् । यसको छनक माओवादीको आन्दोलनमा सुरक्षाकर्मीहरूको चेन अफ कमान्डले देखाउनेछ । असलमा यो आन्दोलन माओवादीहरूका लागि यो हिंसारहित शान्तिपूर्ण आन्दोलन हो भनेर प्रमाणित गर्ने अवसर हो । त्यसैले हामी सबैको माओवादीहरूप्रतिको भय र त्रासलाई एउटा बिन्दुसम्म पुर्‍याउनेछ । त्यसो त कम्युनिस्टहरूले सत्ता लिएपछि हत्तपत्ति छाड्दैनन् भन्ने उक्तिलाई प्रचण्ड सरकारले भलै प्रभुको दबाबमा नै किन नहोस्, गलत सावित गरेका हुन् ।

भए पनि नेपाली राजनीतिले फेरि चाँडै अर्को ज्ञानेन्द्र कसलाई बनाउँदैछ भनेर हेर्न अब धेरै दिन पर्खनु पर्दैन । बान कि मुनले भनेजस्तो राष्ट्रिय सहमतिको सरकार बनाएर जाने कि राष्ट्रिय संयुक्त सरकार बनाउने हो भनेर अहिले माओवादी आन्दोलनको समयमा यो प्रश्न उठ्नु स्वाभाविक हो । त्यसो त हिजो इतिहासमा लाखौं जनताको हत्या गरी युद्ध विजयपश्चात् सम्राट् अशोक शान्तिका लागि बुद्धको जन्मस्थल लुम्बिनी आएका थिए । भर्खरै श्रीलङ्काली राष्ट्रपति महेन्द्रा राजापाक्षेको लुम्बिनी भ्रमणपश्चात् त्यसैको अनुसरण गर्दै केही नेपालीले चाँडै नै भैरहवाको डोमेस्टिक फ्लाइटमा उड्ने तयारी गरिसकेका छन् भन्ने अनुमान गर्न सकिन्छ ।

कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर ! बाँकी बचेको समय लगभग सात महिना भैसक्दा पनि नयाँ संविधान बनाउन छाडी सबै दल सत्ताको खेलमा लागेका छन् । दिल्ली दौडले यहाँसम्म अराजकता ल्याएको छ कि लाग्छ, यो मुलुक कुनै स्वतन्त्र राष्ट्र नभएर भारतको कुनै राज्य हो, जहाँ सरकार बनाउन र गिराउन पार्टी हाइकमान्डको स्वीकृति लिन बारम्बार दिल्ली गैरहनुपर्छ ।

दिल्लीकै सन्दर्भमा रातो कार्पेटमा भारतीय प्रधानमन्त्री स्वयंको उपस्थितिमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई इन्दिरा गान्धी विमानस्थलमा भव्य स्वागत गरिएको प्रसङ्गलाई त्यतिखेरको नेपाली मिडियाले भारतीय हार्दिकताको संज्ञा दिई खुबै प्रशंसा गरेका थिए । लगत्तै बाँडिएको नागरिकताको प्रमाणपत्रले कांग्रेसको संविधानसभा चुनावमा सफाया हुनु र त्यही नागरिकता पाएकाहरू अहिले धर्तीपुत्र बन्न पुग्नुले गिरिजाबाबुको गनगन बुढ्यौलीको रत्यौलीजस्तै सिद्ध भएको छ ।

माल्दिभ्सले समुन्द्रमुनि मन्त्रिपरिषद्को बैठक गरेपछि हाम्रो नेपाल सरकारले पनि त्यसैको सिको गर्दै अबको मन्त्रिपरिषद्को बैठक सगरमाथाको आधारशिविरमा गर्ने तयारी गर्दैछ भन्ने सुनिन्छ । जलवायु परिवर्तन गम्भीर विषय हो, तर जेलमा बसेका बन्दीहरूलाई सिदाको व्यवस्था गर्न नसक्ने सरकारले यस्तो कुरा गर्नु सरासरी बेइमानी हो । हुन त वनभोज खाने मौसम सुरु भैसकेको हुँदा सधैं सम्पर्क मञ्चबाट थानकोट र गोदावारी जाँदा-जाँदा वाक्क भएको मन र तनलाई आधारशिविरले फ्रेस गराउने होला । फेरि त्यो चिसो वातावरणमा दाइ नेपाललाई भाइ नेपालका लागि नियम मिलाएर हङकङमा महावाणिज्यदूत नियुक्ति गर्दाको कचकच र मन्त्रिपरिषद्का सदस्यहरूलाई सेना समायोजनको बैठकमा जस्तो तुम्बा र सुकुटी तान्दै अनि चोमोलुङ्मातिर हेर्दै खुइय गर्न सजिलो हुन्छ होला ।

सहमतिको प्रतिबद्धताको ललिपप देखाउँदा सरकारले लचकता देखाएको मान्नु भनेको अहिले समय सीमाभित्र संविधान बन्नेछ भन्नुसरह हो । यो 'राष्ट्रिय जोक' नबनोस्, यही कामना गरौं । विश्वासको संकट रहेको बेलामा दलहरू एक-आपसमा यसरी नै अर्को ज्ञानेन्द्र बनाउने खेलतिर लागिरहने हो भने जनता अर्को विकल्प सोच्न बाध्य हुनेछन् । फलस्वरूप लोकतन्त्रमा उठेका कतिपय जायज आवाजहरू दबिएर जानेछ, यो पनि नहोस् भन्ने कामना गरौं । त्यसैले नेपाल राष्ट्र र नेपालीहरूको भलाइका लागि माओवादीसहित सबै दल मिली राष्ट्रिय सरकार बनाउनतर्फ लाग्ने हो कि ?

prasangakatipaya@hotmail.com



# कलाकार भर्सेज पत्रकार

**साप्ताहिक समाचार**

काठमाडौं- चलचित्रको पर्दामार्फत चिनिएका कलाकार तथा उनीहरूका क्रियाकलापलाई समाचार बनाउने पत्रकारहरू भद्रकालीस्थित त्रिभुवन आर्मी क्लबको फुटबल मैदानमा देखिन थालेका छन् । भोलि शनिवार दुई बजे ती पत्रकार तथा कलाकार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मैत्रीपूर्ण फुटबल खेल्दै छन् । त्यसैको अभ्यासका लागि उनीहरू एकाबिहानै अभ्यास गर्न आर्मी क्लब पुग्न थालेका हुन् । कलाकार र पत्रकार गत जेठ ३० गते पनि फुटबलको बहानामा भिडेका थिए । त्यतिबेला दुवै पक्षले ४-४ गोल गरी खेल बराबरीमा खेल टुंगिएको थियो । संयोजक आर.के. सुवेदीका अनुसार भोलि हुने खेलमा नेपाली चलचित्रका ८० जना कलाकार पालैपालो मैदानमा उत्रनेछन् । पत्रकारहरू पनि ४० जनाजति छन् । कलिउड बक्स अफिस एवार्ड ०६६को सहयोग कोषका लागि उक्त प्रतियोगिताको आयोजना गरिएको हो । सिनेस्टार मासिक र बक्स अफिस साप्ताहिकको आयोजनामा हुने उक्त मैत्रीपूर्ण फुटबल खेलमा कलाकारका तर्फबाट राजेश हमाल, श्रीकृष्ण श्रेष्ठ, धीरेन शाक्य, विराज भट्ट, रेखा थापा, झरना थापा, गरिमा पन्त, शुभेच्छा थापा, नन्दिता केसी, अरुणिमा लम्साल, रेजिना उप्रेती, रमित ढुंगाना, राजबल्लभ कोइराला, सुलेमान शंकर, विरेन श्रेष्ठ, अर्जुन कार्की, विक्रान्त बस्नेत आदि कलाकारले खेल्ने पक्का भैसकेको सुवेदीले साप्ताहिकलाई बताए ।

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १३ बर्षदेखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
* * * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-२०२३१३, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

Shaping Minds Group
Kumaripati 2292244/33
Putalisadak 2222605 4233478
New Baneshwor 4782162
नि:शुल्क शिक्षा
Exams & Hands out will be charged
सेपिङ्ग माइन्ड्स ग्रुप सोसल वेलफेएर (NGO) र सेपिङ्ग माइन्ड्स ग्रुप शिक्षा विभाग मिलेर विभिन्न विषयहरुमा १७२५ जनालाई नि:शुल्क शिक्षा प्रदान गर्दैछ ।
IELTS
Special English*
RJ / VJ Training
Secretary Training
Cook / Waiter Training
Personality Development
Graphic Design / Tally Course
Computer Hardware Training
Satdobato 5536751
Itahari 025-584310
Study + Work
UK / USA
Canada
Australia
New Zealand
Many Others

Admission Open
In Bachelor
B.B.S., B.A. & B.Ed.
Shift : Morning
Programmes:
English, Maths, Population, Socialogy, Journalism, R.D. Economics
English, Maths, Population, HPE, Nepali, Economics
* Various Scholarship schemes for deserving candidates.
RAINBOW INT'L COLLEGE
Dallu, Kathmandu, 4278169, 4278247, 4280842

FIRST TIME IN NEPAL
Media Marketing & Advertising
Career Training
(By highly experienced trainers)
Contact
Infinity
Education, Research, Consulting & Training
Advertising Division
Opposite to Shankar Dev Campus
Ph:4244423 / Mobile:9851083984

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्यांकी): Tel: 4483414
New Baneshwor Chock (Opp. New Baneshwor Dept. store): Tel: 4785226
Adwait Marg (Bagbazar): Tel: 4232866
Lagankhel (Bus Park): Tel: 5004018

जाँड-रक्सी
साथै सुर्ति, चुरोटको कुलत
थाहै नदिई छुटाउन
मोटोपना बढाउन
साथै घटाउन
Breast Care @ 1275/-
चायाँ-पोतोको ग्यारेण्टी उपचार
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 061-229998
चितवन: 9845159169, 056-229174 (UTL)

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
Guarantee
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
१३ वर्ष पुरानो
३०% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

फ्रि ! फ्रि ! फ्रि !
उत्कृष्ट १० जनालाई ८००० देखि १०,००० सम्मको रोजगारी
- ३० जनालाई निशुल्क वेटर तालिम
- भत्ता रु १५०० समेत
- बेरोजगार विद्यार्थी र विदेश जानेलाई विशेष प्राथमिकता दिइने ।
कोलम्बिया एकेडेमी
नयाँबानेश्वर, काठमाडौं
फोन नं. : ४७८१०६१, ९८४१३८७६९७
कोलम्बस कलेजको ठिक अगाडी

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र ।
कुक १ ½ महिना रू. २७००/-
कुक ३ महिना रू. ३७००/-
वेटर र बारमेन रू. १३००/-
कफिमेकर रू. ३०००/-
१.5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको ।
२.थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराइने व्यवस्था छ ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336, 9841812055

HOTEL TRAINING
Student Visa मा जानेहरूको लागि सुवर्ण अवसर
Part time/Full time Job को लागि सिपयुक्त तालिमहरू
Special Training Courses:
Cook - 1 month
Bakery - 1 month
Waiter/ress - 1 month
Barman - 1 month
साथै अन्य होटल सम्बन्धि सम्पूर्ण तालिमहरू दिइन्छ
Manpower Training Center (P.) Ltd.
(A Leading Institute for Basic Hotel Management Training)
PACIFIC
Jamal, Kathmandu
4232196

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक, वेटर, वारमेन, क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि ।
✱५ तारे होटलमा कार्यरत अनुभवी प्रशिक्षक बाट तालिम दिइने ।
✱टाढाबाट आएका र बिदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था ।
✱Ex-practical को लागि होटलहरुमा पठाईने । सक्षम नभएमा पुन: कक्षा गराएर सक्षम बनाईने ।
अन्तराष्ट्रिय पर्यटन विकास तथा होटल व्यावस्थापन तालिम प्रा.लि.
बालाजु चोक, काठमाडौं
फोन: 01-4384548

HOTEL TRAINING
Student Visa मा जानेहरूको लागि सुवर्ण अवसर
Part time/Full time Job को लागि सिपयुक्त तालिमहरू
Special Training Courses:
Cook - 1 month
Bakery - 1 month
Waiter/ress - 1 month
Barman - 1 month
साथै अन्य होटल सम्बन्धि सम्पूर्ण तालिमहरू दिइन्छ
National Employment Training Center Pvt. Ltd.
NETC
चुच्चेपाटी, चावहिल
४४९००१६
२०२३३६७

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
(अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
स्थापनाको दशौं वर्ष
✆ ४४७२५५३/४४७५११३/०१६९१६३४७

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।